






# नम्बर वान

**अश्विनी कोइराला**

कलाकार भएपछि को कति नम्बरमा छ भनेर गणना गर्ने चलन विश्वव्यापी छ । यद्यपि दीपकराज गिरीलाई यस्तो नम्बरिङ मन पर्दैन । उनलाई मन नपरेर के भो ? तथ्यांकले उनलाई नम्बरिङ गरेको गऱ्यै छ । जस्तो, उनी टेलिभिजन संसारमा सबैभन्दा अगाडि छन् । उनको कार्यक्रम तीतो सत्य अहिले नेपाल टेलिभिजनको मात्र होइन, सम्पूर्ण टेलिभिजन कार्यक्रममध्ये सबैभन्दा अगाडि छ । केही समयपहिलेसम्म नेपाल टेलिभिजनको समाचार सबैभन्दा बढी हेरिने कार्यक्रम थियो । अहिले तीतो सत्यले समाचारलाई पनि उछिनेको छ । ओआरजी मार्गले गरेको ताजा सर्वेक्षणअनुसार टेलिभिजन हेर्ने कुल दर्शकमध्ये ७२ प्रतिशतले तीतो सत्य हेर्छन्, जबकि समाचार हेर्ने दर्शकको संख्या ४२ प्रतिशत मात्र छ ।

यदि अरू मनोरञ्जन कार्यक्रमसँग तीतो सत्यलाई दाँजेर हेर्ने हो भने उनको तुलना कुनै पनि कार्यक्रमसँग गर्न मिल्दैन । नेपाल टेलिभिजनबाट प्रसारण हुने अन्य कार्यक्रम जिरे खुर्सानी, झ्याइँ कुटी झ्याइँ, मेरी बास्सैको दर्शकसङ्ख्या ५५ प्रतिशतको हाराहारीमा छ । अझ नेपाली टेलिश्रृङ्खलाको दर्शकसङ्ख्या त १० प्रतिशत



(सिन्दूर) मात्र छ । ओआरजी मार्गको तथ्याङ्कले कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने कान्तिपुर समाचार तथा मह चौतारीलाई अत्यधिक लोकप्रिय (कुल टेलिभिजन दर्शकको ४० प्रतिशत) माने पनि ती कार्यक्रम दीपकराज गिरीको तीतो सत्य (७२ प्रतिशत) भन्दा पछाडि नै छन् ।

दीपकराज गिरीको यो लोकप्रियतासँगै उनको आय टेलिभिजनकर्मीहरूमध्ये सबैभन्दा बढी देखिन थालेको छ । कुनै बेला पत्रकार विजयकुमार सबैभन्दा महँगा टेलिभिजनकर्मी थिए, अहिले दीपकराज गिरीले विजयकुमारको कमाइलाई पनि उछिनेका छन् । त्यति मात्र होइन, कुनै बेला सन्तोष पन्त 'हिजोआजका कुरा' मार्फत सबैभन्दा बढी रकम लिने कलाकार थिए, अहिले तीतो सत्यले सन्तोष पन्तको रेकर्ड पनि तोडेको छ । सुरुमा दीपकराज गिरीले तीतो सत्यमार्फत टेलिभिजनसँग प्रतिएपिसोड ३५ हजार रुपैयाँ लिन्थे, अहिले प्रतिएपिसोड ९० हजार रुपैयाँ लिन्छन् । नेपाली टेलिभिजन पर्दामा तीतो सत्य एकमात्र यस्तो कार्यक्रम हो, जसको विज्ञापन रेट प्रतिमिनेट ४० हजार रुपैयाँ छ । यति धेरै रकम तिरेर पनि कार्यक्रममा विज्ञापन देखाउन सजिलो छैन, यसका लागि विज्ञापनदाताहरूले पालो कुर्नुपरिरहेको दाबी तीतो सत्यको प्रस्तोता मिडिया हबको छ ।

दीपकराज गिरीको सफलता सानो पर्दामा मात्र सीमित छैन । उनी ठूलो पर्दाका पनि महँगा कलाकार हुन् । उनले हालै 'जुत्ता खाने बुहारी' चलचित्रमा अभिनय गरेबापत १ लाख ५० हजार रुपैयाँ पारिश्रमिक लिए । यो रकम राजेश हमाल तथा निखिल उप्रेतीले आजभोलि लिने पारिश्रमिकको हाराहारीमा छ । उनी गोपीकृष्ण मुभिजको चलचित्र 'सुन्दर मेरो नाम' मा पनि नायकका रूपमा देखा पर्दैछन् । लोकप्रियता बढ्दै गएपछि उनले खेल्ने विज्ञापन (१ लाख रुपैयाँको हाराहारी) तथा स्टेज कार्यक्रमको रेट (स्वदेशमा प्रतिदिन २० हजार रुपैयाँएवं विदेशमा प्रतिदिन २ लाख रुपैयाँ) माथि गएको छ । नेपालमा कलाकारिताको स्कोप छैन भन्नेहरूका बीचमा दीपकराज गिरी विदेश जानै

बाँकी पृष्ठ ६ मा



# दीपा र दीपक

दीपकको कथामा दीपाश्री निरौलाको प्रवेश नहुने हो भने त्यो कथा अपूरो हुन्छ । टेलिभिजनको पर्दामा दीपकराज गिरी तथा दीपाश्री निरौलाको अभिनय देखेपछि धेरैले उनीहरूलाई श्रीमान्-श्रीमती नै मान्छन् । साप्ताहिकका कतिपय पाठकले दीपक-दीपाश्री श्रीमान्-श्रीमती हुन् कि होइनन् भनेर प्रश्न पनि सोध्ने गरेका छन् । दीपक तीन छोराछोरीका बुबा तथा एउटा श्रीमतीका पति भएको थाहा भएपछि उनीहरूका कतिपय फ्यान निराश पनि भएका छन् । 'यसबाट हाम्रो जोडी सुहाएको छ भन्ने प्रस्ट हुन्छ ।' लगभग एउटै शैलीमा दीपक र दीपा भन्छन्, 'हामीले आफ्नो कामप्रति कति ध्यान दिएका छौं, यो राम्रो उदाहरण हो ।'

जसरी मदन कृष्ण र हरिवंश एक-अर्काका पूरक मानिन्छन्, नेपाली दर्शकले दीपक र दीपाश्रीलाई पनि त्यस्तै जोडी मानेका छन् । यो पर्दाबाहिर मात्र होइन, पर्दापछाडि पनि जमेको जोडी हो । उनीहरू पनि एक-अर्कालाई कतिसम्म नजिक मान्छन् भने दीपकले सबैजसो दुःखका कुरा दीपासँग साट्छन् भने दीपाको पनि दुःख बिसाउने चौतारी दीपक नै हुन् । 'मेरो व्यावसायिक जीवनमा दीपाको ठूलो महत्त्व छ, पारिवारिक जीवनमा मेरी श्रीमतीको जस्तै ।' साप्ताहिकसँग पहिलोपल्ट दीपासँगको सम्बन्धमा खुलेर कुरा गर्दै दीपकले भने, 'दीपामा त्यही कुरा छ, जुन कमजोरी ममा छ ।' दीपामा कलाकार व्यवस्थापन क्षमता, प्राविधिक ज्ञान एवं कामप्रति लगाव भएको दीपक बताउँछन् । 'म अनावश्यक भावुक छु । त्यसलाई रोक्न मलाई दीपाजस्तै साथीको खाँचो थियो ।' यता दीपा पनि आफ्नो जीवनमा दीपकको व्यवहारले ठूलो परिवर्तन ल्याएको स्वीकार गर्छिन् । 'साँच्चै भन्ने हो भने मेरो विवाह अहिलेसम्म हुन नसक्नुको कारण नै हाम्रो व्यावसायिक सम्बन्ध हो ।'

दीपा भन्छिन्, 'हाम्रो सम्बन्धलाई बुझ्न नसक्ने पुरुषसँग म विवाह गर्न सक्दिनँ । मेरा लागि मेरो वैवाहिक जीवनभन्दा मेरो टीम महत्त्वपूर्ण छ । अझ स्पष्ट भन्ने हो भने दीपकजी महत्त्वपूर्ण हुनुहुन्छ ।'

यो व्यायसायिक सम्बन्धका बारेमा दीपकका केही साथीभाइले घरमा कुरा लगाएर उनीहरूको सम्बन्ध बिगार्ने प्रयास नगरेका होइनन्, तर दीपककी श्रीमती मेनुका गिरी भन्छिन्, 'म मेरो श्रीमान्लाई पूर्ण रूपमा विश्वास गर्छु । उहाँ बाहिर के गर्नुहुन्छ, त्यसको सरोकार मलाई हुँदैन, किनभने उहाँ सबैको कलाकार हो ।

बाँकी पृष्ठ ६ मा



मध्यपृष्ठमा
बेबी

साप्ताहिक भित्र



अमित पलसँग
फुर्सदको कुराकानी पृष्ठ १० मा



आलोक नेम्वाङसँग
जम्काभेट पृष्ठ १४ मा



सिम्पल थापा
साइबर गर्ल पृष्ठ १४ मा

## क्यासेट

### स्पिरिट



सिडिङ इन्टरनेसनलले गायक सुशील राई 'साइरस' को एकल गीतिसंग्रह 'स्पिरिट' लाई श्रोतामाभ ल्याएको छ। संग्रहमा ७ वटा गीत समावेश छन्। गीतिसंग्रहमा शब्द, संगीत गायक राई स्वयंको छ।

### बोकु भिसिडी

गायक श्रीकृष्ण लुइँटेलको दोस्रो एकल भिसिडी संग्रह 'बोकु' दर्शक-श्रोतामाभ आएको छ। गायक लुइँटेलको दोस्रो गीतिसंग्रहमा समावेश सबै गीतका म्युजिक भिडियो यो भिसिडीमा हेर्न सकिन्छ। यमन म्युजिकले बजारमा ल्याएको यो संग्रहमा ११ वटा गीतका म्युजिक भिडियो समावेश छन्। लामिछाने बा, मेरो माया तिमीलाई, के मैले भूट बोलेको, खड्किनी भाउजू कसकी छोरी तुलसीजस्ता गीतको भिडियो यो संग्रहमा हेर्न-सुन्न सकिन्छ।




### इन्ट्रान्स

गायिका शशि रावलको पहिलो एकल गीतिसंग्रह 'इन्ट्रान्स' बजारमा आएको छ। म्युजिक डटकमद्वारा जारी गरिएको यो गीतिसंग्रहमा सातवटा गीत समावेश छन्। संग्रहमा शब्द कालीप्रसाद बाँस्कोटा, शशि रावल तथा कृष्ण मल्लको छ भने संगीत शशि रावल, कालीप्रसाद बाँस्कोटा तथा रोशन बान्तवाको छ।



## रंगमञ्च

**सडक** नाटक 'नयाँ अध्याय' राष्ट्रसंघीय जनसंख्या कोष तथा अनमिनको संयुक्त सहयोगमा सर्वनाम थियटरले तयार पारेको हो। नयाँ अध्याय बीना नाम गरेकी एक जना महिलाले समान अधिकार र पहिचानका लागि गरेको संघर्षको कथामा आधारित छ। बीनाले नेपालका धेरै महिलाले भोग्नुपरेका कठिनाइको प्रतिनिधित्व गर्नुका साथै उनीहरूको इच्छाआकांक्षाका लागि आवाज उठाउँछिन्। सर्वनाम थियटरका १२ जना सदस्यले मङ्सिरको अन्तसम्ममा पाँचवटै विकासक्षेत्रका १५ जिल्लाका गाउँ तथा सहरमा यो सडक नाटक मञ्चन गर्नेछन्।

**खयरबोटे** युवा क्लबले उदयपुरको आँपटार गा.वि.स.मा बुधबार दाइजोसम्बन्धी सडक नाटक प्रदर्शन गऱ्यो। गाउँघरमा व्याप्त दाइजो प्रथा उन्मूलन गर्ने उद्देश्यले नाटक प्रदर्शन गरिएको क्लबका अध्यक्ष दिलबहादुर मगरले बताए। नाटकमा स्थानीय कलाकारहरूले अभिनय गरेका थिए। नाटक हेर्न टाढाटाढाका गाउँबाट दर्शकहरू आएका थिए।

**–विमल खतिवडा**

**खोटाङ** जिल्लाको लामिडाँडा, भालुढुङ्गामा गत आइतबार छुवाछूतसम्बन्धी सडक नाटक प्रदर्शन भयो। नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरिए पनि छुवाछूत प्रथा अझै गाउँघरमा व्याप्त रहेको भन्दै माझी र विश्वकर्मा समुदायका महिला तथा पुरुषहरूले संयुक्त रूपमा उक्त नाटक प्रदर्शन गरेका थिए। दलित भनेका पनि हामीजस्तै मानिस भएकाले उनीहरूलाई तिरस्कार होइन माया गर्नुपर्छ भन्ने उद्देश्यले नाटक प्रदर्शन गरिएको आयोजक दीप ज्योति क्लबका सचिव वासुदेव खतिवडाले बताए।

**नाट्य** संस्था आरोहण-गुरुकुलले विराटनगर हाटखोलामा आफ्नै भवन निर्माण गर्ने भएको छ। गत बुधबार भाषाशास्त्री तथा प्राध्यापक बालकृष्ण पोखरेलले उक्त भवनको शिलान्यास गरेका छन्।

**आरोहण** गुरुकुलले आगामी मंगलबारदेखि पुरानो बानेश्वरस्थित रिमाल थियटरमा नाटक डाक्टर कनकलाई पुनः मञ्चन गर्ने भएको छ। फ्रान्सेली नाटक डाक्टर नकको नेपाली रूपान्तरण डाक्टर कनकलाई रंगकर्मी सुनील पोखरेलले निर्देशन गरेका छन्। चिकित्सा पेसाप्रति व्यंग्य गरिएको यो नाटकलाई कल्पना घिमिरेले अनुवाद गरेकी हुन्। नाटकमा कमलमणि नेपाल, सौगात मल्ल, अरुणा कार्की आदिले अभिनय गरेका छन्।

## ग्यालरी

-लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका खेलेका कलाकारहरूलाई ललितकला सिर्जनाबाट सम्मानित गरिएको छ। गत शुक्रबार ललितकला समीक्षक समाजले आयोजना गरेको कार्यक्रममा ललितकला दीर्घ सिर्जना सम्मानबाट कलाकार हरिप्रसाद शर्मा, ललितकला लोकतान्त्रिक सम्मानबाट किरण मानन्धर, ललितकला युवा सिर्जना सम्मानबाट डीरा पाल्पाली, सुनीता राजा, भुवन थापा तथा सविता चित्रकारलाई सम्मानित गरिएको थियो। त्यसैगरी कार्यक्रममा प्रा. डा. गोविन्दनारायण ज्यापुले 'ललितकला सिर्जना सम्मान तथा ललितकला समीक्षा' शीर्षकको पुस्तक विमोचन गरेका थिए।

-बंगलादेशबाट आएका पाँच जना युवा कलाकारको चित्रकला प्रदर्शनी हिजो बिहीबार सम्पन्न भएको छ। नेपाल आर्ट काउन्सिल बबरमहलमा गत साता प्रारम्भ भएको उक्त प्रदर्शनीको शीर्षक 'युनिटी इन डाइभरसिटी' अर्थात् विविधतामा एकता राखिएको थियो। पहिलो पटक नेपालमा प्रदर्शनी आयोजना गरेको यो समूहले विभिन्न स्थानमा आठवटा प्रदर्शनी सम्पन्न गरिसकेको छ। बंगाली आर्ट ग्रुप सान्तारुनमा आबद्ध कलाकारहरू विभोल शाह, मोन्जुर अहमद, मोहम्मद नसिर उद्धिन, शताब्दी सोम तथा सुवासकुमार डेले कोरेका चित्रहरू प्रदर्शनीमा राखिएका थिए। प्रदर्शनीको उद्घाटन नेपालका लागि बंगलादेशका राजदूत इम्तियाज अहमदले गरेका थिए।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मानसम्मान मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। यात्रा गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको मन जित्न सकिनेछ। अध्ययनमा सफलता पाउन मुस्किल पर्नेछ। बोली प्रभावशाली हुनेछ।

### वृष

खर्च एवं विवादका साथै गलत विचार बढेर काममा अवरोध आउन सक्छ। सानोतिनो भूलको पनि ठूलो परिणाम भोग्नुपर्नेछ। शनिबारदेखि मानसम्मान मिल्नेछ भने अरूबाट सहयोग प्राप्त होला। अध्ययनमा सफलता मिल्नेछ। सबैले तपाईंको बौद्धिकताको प्रशंसा गर्नेछन्। शत्रुबाट सजग रहनुहोला। गोपनियतामा सफलता देखिन्छ।

### मिथुन

समष्टिमा साता राम्रो छ। सुरुमा सोच्ने शक्ति एवं व्यवसाय बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। भेटघाटले मन प्रसन्न बनाउनेछ। अध्ययनमा सफलता मिल्नेछ। बोली प्रभावशाली हुनेछ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ताले सताउनेछ। घरेलु समस्याले दुःख दिनसक्छ।

### कर्कट

ग्रहगोचर राम्रा छन्। सुरुमा मानसम्मान मिल्नेछ भने सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग हासिल हुनेछ। भोजभतेरमा सामेल हुने अवसर जुटे पनि मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### सिंह

साता राम्रो छ। सुरुमा भाग्यले साथ दिनेछ। धार्मिक काममा रुचि, पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता पाइनेछ। बिहीबार खर्च एवं विवाद बढ्न सक्छ।

### कन्या

सुरुमा स्वास्थ्यमा अवरोध आउन सक्छ। काम बिग्रनाले मनोबल घट्नेछ। अध्ययनमा अवरोध आउनुका साथै गलत विचार बढ्नसक्छ। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मानसम्मान पनि प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि प्राप्त होला।

### तुला

यात्रा हुने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। अरूबाट प्रशंसा पाइए पनि शनिबार तथा आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ।

### वृश्चिक

शत्रु बढ्नेछन्। रोगले पनि सताउनेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। भूटा आरोप लाग्नसक्छ। शनिबार, आइतबार तथा बिहीबार मानसम्मान मिल्ने, यात्रा हुने एवं भाग्यले साथ दिने योग छ। बोली प्रभावशाली हुनेछ।

### धनु

सुरुमा सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। आफन्तहरूको सहयोग पाइनेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। शनिबार, आइतबार तथा बिहीबार शत्रु बढ्ने, काममा अवरोध आउने, स्वास्थ्य गडबड रहने तथा चिन्ताले सताउने योग छ। शरीरमा चोटपटक लाग्नसक्छ।

### मकर

आफन्तहरूको सहयोग मिल्नेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सुधार आउनेछ। यात्रा हुनसक्छ। धन आर्जन पनि होला। मानसम्मान मिल्नुका साथै कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। मंगलबार तथा बुधबार शत्रु, रोग एवं चिन्ता बढ्ने योग छ। खर्च तथा विवादले सताउन सक्छ।

### कुम्भ

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्न थाल्नेछन्। अध्ययनमा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। शत्रुदेखि सजग रहनुहोला। सफलताका लागि धैर्य आवश्यक छ।

### मीन

सुरुमा बोलीको प्रभाव बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। अरूलाई विश्वास गरिहाल्नु उचित हुँदैन।

## यो साताको पञ्चाङ्ग

कातिक ७ गते : वैकुण्ठ चतुर्दशी, ८ गते : पूर्णिमा व्रत, कार्तिक स्नान चतुर्मास व्रत समाप्ति, गुरु नानक जयन्ती

## साता संक्षेप

**कात्तिक ३० शुक्रबार**

- देशको शान्ति-सुरक्षाको स्थितिका सम्बन्धमा मन्त्रिपरिषद्मा छलफल, सुरक्षाप्रमुखद्वारा मन्त्रिपरिषद्को बैठकमा ब्रिफिङ, माओवादीसहित राजनैतिक दलका कारण देशको सुरक्षास्थिति सुध्रिन नसकेको सुरक्षा प्रमुखको रिपोर्टिङ ।
- तेस्रो मुलुक जान चाहने शरणार्थीलाई संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायोगद्वारा फारम वितरण, अमेरिका जान चाहने २० हजारले फारम भरे ।
- चार महिनाअघि पत्रकार प्रकाश ठकुरीको अपहरणमा संलग्न भएका दुई माओवादी कार्यकर्तालाई प्रहरीले पक्राउ, ठकुरीको अवस्था अझै अज्ञात ।

**मंसिर १ शनिबार**

- नेपालको बाटो भएर रक्त चन्दनको तस्करी रोक्न सघाउन सरकारद्वारा भारत तथा चीनलाई पत्राचार ।

**मंसिर २ आइतबार**

- नेपाली कांग्रेसद्वारा नियमित अधिवेशनअघि नै राजनैतिक गतिरोध अन्त्य गर्न साना दलबीच विचार-विमर्श जारी, गणतन्त्रको लचिलो प्रस्तावप्रति नेपाली कांग्रेस सकारात्मक ।
- मधेसी जनअधिकार फोरमद्वारा सरकारलाई पाँचदिने अल्टिमेटम, सम्झौता कार्यान्वयन नभए आन्दोलनमा उत्रने चेतावनी ।

**मंसिर ३ सोमबार**

- प्रधानमन्त्री निवास बालुवाटारमा कांग्रेस केन्द्रीय समितिको बैठक बस्यो, सभापति कोइराला विशेष अधिवेशनमा तटस्थ बसेको भन्दै सदस्यहरू खुमबहादुर खड्का, विजय गच्छेदार तथा विनयध्वज चन्दद्वारा असन्तुष्टि व्यक्त ।

**मंसिर ४ मंगलबार**

- संसद्को नियमित अधिवेशनको पहिलो दिन नै १० दिनका लागि अधिवेशन सार्ने निर्णय, यसै वर्ष निर्वाचन गर्न दलहरू सहमत ।
- दक्षिण कोरियाले नेपालको सूचना-प्रविधिको विकासमा दिन लागेको दुई अर्ब ऋण नेपाल सरकारद्वारा अस्वीकार, पूर्वाधार विकासमा बाहेक अन्यमा ऋण नलिने सरकारी योजना सार्वजनिक ।
- असुरक्षाको कारण देखाउँदै तराईका गाविस सचिवहरूद्वारा राजीनामा, बाराका ९१, रौतहटका ९६, सर्लाहीका ९९ गाविस सचिवहरूको संयुक्त राजीनामा ।
- लोडसेडिङ बढ्यो, साताको चार घण्टा लोडसेडिङ हुने ।
- चीनले ल्हासादेखि काठमाडौंसम्मको सीधा सडक मार्ग बनाउने, सडक मार्ग तीन वर्षमा पूरा गर्ने चिनियाँ सरकारको योजना ।

**मंसिर ५ बुधबार**

- सरकारको इजाजतविना इराक पुगेका ९ जना नेपाली नागरिक इराकी सेनाको कब्जामा, दूतावास नभएका कारण पहिचान खुल्न नसकेको परराष्ट्र मन्त्रालयको स्पष्टोक्ति ।
- माओवादीका कार्यकर्ताद्वारा नोवेल मेडिकल कलेजका सञ्चालकलाई अपहरणपछि कुटपिट, सर्वत्र विरोध ।

# नेपालको स्थिति र संयुक्त राष्ट्रसंघ

**इयान मार्टिन**

नेपालमा राजनैतिक छलफल र निर्णय प्रक्रियाका लागि अर्को एउटा महत्त्वपूर्ण साता सुरु हुन लागेको छ । नेपालको शान्ति प्रक्रियालाई दिगो राख्न अनमिनले आवश्यक मानेका तीनवटा क्षेत्रका बारेमा बोलेर म यो अन्तरक्रियालाई अघि बढाउन चाहन्छु । पहिलो, शान्ति प्रक्रियाको सफलताका लागि सात राजनैतिक दलको एकता कायम राख्न अहिले पनि उत्तिकै अपरिहार्य छ । गम्भीर मतभेदका क्षणमा पनि मुलुकको हितका लागि सहमतिमा पुग्न सहकार्य गर्ने क्षमता आफूमा भएको कुरा बितेका दुई वर्षमा नेपालका राजनैतिक नेताहरूले देखाइसकेका छन् । नेपालको राजनैतिक नेतृत्वले यतिबेला सामना गरिरहेको चुनौती गम्भीर छ तर पार लगाउन नसकिने खालको छैन । शान्ति प्रक्रियाप्रतिको निरन्तर प्रतिबद्धतासँगै परम्परागत रूपमा सीमान्तीकृत समुदायसहित सात दल, अन्य राजनैतिक दल तथा नागरिक समाजबीचको वार्ताको माध्यमबाट नै यी चुनौतीको सामना गर्न सकिन्छ । शान्ति प्रक्रियाप्रति पुनः विश्वास जगाउन विगतमा भएका निर्णयहरूको कार्यान्वयनले सघाउ पुर्‍याउन सक्छ ।

दोस्रो, जनजाति, मधेसी तथा अन्य समूहसँग गरिएका प्रतिबद्धताको कार्यान्वयनका साथै विस्तृत शान्ति सम्झौता र अन्य सम्झौताहरूको पुरावलोकन गर्दै सात दलको गठबन्धनले शान्ति प्रक्रिया एवं सम्झौताको कार्यान्वयनको समीक्षा गर्नुपर्छ । गत वर्षका अनुभवहरूको स्पष्ट लेखाजोखा गरेपछि राजनैतिक दलहरूले शान्ति प्रक्रियाका लागि साझा परिकल्पना एवं संविधानसभाको सफल निर्वाचनका लागि आवश्यक कदमहरू तय गर्ने यथार्थपरक र प्रभावकारी मार्गचित्र विकास गर्नुपर्छ ।

तेस्रो, यस्ता समीक्षाबाट शान्ति प्रक्रियाको कार्यविधि एवं व्यवस्थापनमा सुधार आउँछ । प्रतिबद्धताहरूको कार्यान्वयनमा देखिएका कमजोरीले सम्झौतावार्ताहरू तथा तिनको अनुगमन संयन्त्र अझै सुव्यवस्थित र प्रभावकारी बनाउनुपर्ने सङ्केत गरेको छ । यसले शान्ति प्रक्रिया र दलहरूबीचको सम्बन्धलाई सही मार्गमा हिँडाउन मद्दत गर्छ । शान्ति प्रक्रियामा सहभागी पक्षहरूको अनुरोधमा उनीहरूले उपयोगी मानेका तरिकाले नेपालको शान्ति प्रक्रियालाई सहयोग गर्न अनमिन यहाँ आएको हो । बितेका केही सातामा अनमिन र यसको भावी कार्यादेशका सम्बन्धमा निकै रिपोर्टिङ भए, तर दुर्भाग्यवश तीमध्ये धेरैमा गलत सूचना आए । कतिपय माध्यममा त हामीले आधिकारिक रूपमै सच्याउँदा-सच्याउँदै पनि गलत सूचना सम्प्रेषित भए ।

संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनको परिस्थिति निर्माण गर्नमा सहायता दिएर, म फेरि पनि जोड दिएर भन्छु 'सहायता' दिएर, शान्ति प्रक्रियामा सहयोग गर्नका लागि पक्षहरूले संयुक्त राष्ट्रसंघलाई अनुरोध गरेका थिए । हतियार अनुगमन, निर्वाचन सहयोग र युद्धविरामको अनुगमनसम्बन्धी हाम्रा कामका आधार यिनै हुन । संविधानसभाको निर्वाचन शान्ति प्रक्रियाको एउटा अभिन्न पाटोका रूपमा कायम छ र संयुक्त राष्ट्रसंघलगायत बृहत् अन्तर्राष्ट्रिय समुदायले यो प्रक्रियालाई सहयोग गर्न निरन्तर प्रतिबद्धता जाहेर गरेका छन् ।

शान्ति प्रक्रियामा सहभागी पक्षहरूको अनुरोधमा शान्ति प्रक्रियामा सघाउ पुर्‍याउनका लागि भएको अनमिनको उपस्थितिको अर्थ बाह्य हस्तक्षेप र सार्वभौमसत्तामाथिको अतिक्रमण होइन । नेपालले संयुक्त राष्ट्रसंघको गौरवशाली सदस्य राष्ट्रका नाताले विगत ५० वर्षभन्दा बढी समयदेखि विश्वभरिको शान्ति प्रक्रियामा सहयोग पुर्‍याइरहेको छ । नेपालले आफ्नो शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसंघबाट आवश्यक सहयोग प्राप्त गर्ने अधिकार राख्दछ । महासचिव तथा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले नेपालमा दिगो शान्ति कायम होस् भन्ने उद्देश्यले अनमिनलाई कार्यादेश स्वीकृति दिएर ठूलो लगानी गरेका छन् । त्यसैले शान्ति प्रक्रियामा अनमिन सकेसम्म प्रभावकारी होस् भन्नेमा उनीहरूको गम्भीर चासो छ । त्यसैले शान्ति प्रक्रियाको स्वामित्व नेपालीहरूमै निहित रहेको कुरामा सम्झौता नहुने गरी शान्ति प्रक्रियाका केही मुख्य पक्षहरूमा थप सहयोग पुर्‍याउन अनमिन सक्षम छ भन्नेमा म विश्वस्त छु र मैले बैठक तथा सार्वजनिक वक्तव्यहरूमा यही कुरा स्पष्ट भनेको छु । यो कुराको निर्णय गर्ने अधिकार शान्ति प्रक्रियाका पक्षहरूमा नै निहित छ । शान्ति प्रक्रियाको सफलता वा असफलता पनि अनमिनमा नभै सम्बन्धित पक्षहरूमा नै निर्भर छ । अहिलेको कार्यादेशलाई विस्तार नै नगरी वा हाम्रो आकार नबढाई पनि हामी अझै बढी सहयोगी हुन सक्छौं भन्ने मेरो विश्वास छ ।

अनमिनलाई कार्यादेश दिँदा सुरक्षा परिषद्ले विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार, शान्ति प्रक्रियामा महिला, बालबालिका तथा परम्परागत रूपमा सीमान्तीकृत समूहहरूको आवश्यकतालाई पनि विशेष ध्यान दिनुपर्ने कुरा स्वीकार गरेको छ । हामी यसलाई निरन्तरता दिनेछौं।

नेपाल शान्ति प्रक्रियाको गम्भीर चरणमा प्रवेश गरेको अवस्थामा, म सबै नेपालीलाई संयम र अहिंसाप्रति प्रतिबद्ध रही देशभरिका समुदायहरूमा शान्ति सुदृढ गराउने कार्यमा सहयोग गर्न आग्रह गर्छु । तराईका विभिन्न भागमा जारी हत्या, अपहरण र जबरजस्ती चन्दा असुलीबाट म निराश छु । नेपालका विभिन्न भागमा नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट अहिले फेरि बढिरहेका अपहरण, जबरजस्ती चन्दा असुली तथा केही हत्याका समाचारप्रति मैले बारम्बार सार्वजनिक र व्यक्तिगत रूपमा चिन्ता व्यक्त गरेको छु । आफ्ना कार्यकर्ताले शान्तिपूर्ण ढङ्गबाट आफ्नो उद्देश्य प्राप्त गरून् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी राजनैतिक तथा समुदायिक नेताहरूको हो । देशमा शान्ति सुरक्षा सुदृढ गर्न सबै लोकतान्त्रिक शक्तिहरूले सहकार्य गर्नु अत्यावश्यक छ ।

**(रिपोर्टर्स क्लबमा दिइएको मन्तव्यमा आधारित)**

## सम्पादकीय

# फेरि इन्धन अभाव

अहिले राजधानीलगायत मुलुकका सबै सहरी क्षेत्रमा पेट्रोलियम पदार्थमा आधारित इन्धनहरूको अभाव सिर्जना भएको छ। खासगरी खाना पकाउने ग्याँस र पेट्रोलको अभावले आमउपभोक्ताहरूले ठूलो सास्ती बेहोर्नुपरेको छ। केही समयअघि नेपाल आयल निगमले आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन पेट्रोलियम पदार्थमा ठूलो मूल्य वृद्धि गरे पनि पेट्रोलियम पदार्थको आपूर्ति सहज ढंगले हुन नसकेपछि अहिले नेपाल आयल निगमको क्षमतामाथि नै प्रश्न खडा भएको छ। यस्तो स्थितिका लागि अहिले निगमले भारतबाट पर्याप्त मात्रामा इन्धन आपूर्ति हुन नसक्नुलाई कारणका रूपमा अघि सारेको छ, तर मुख्य प्रश्न के हो भने जनताले पैसा तिरेर किन्नुपर्ने इन्धन किन सुलभ हुन सकेन ? कतिपय विश्लेषकले अहिलेको स्थितिका लागि निगममा हुने कमिसनको चलखेल तथा खुद्रा व्यापारीहरूको स्वार्थ जिम्मेवार रहेको बताउँदै आएका छन्। यदि यो कुरा सत्य हो भने त्यसका लागि आपूर्ति मन्त्रालयका हर्ताकर्ताहरूलाई पनि सन्देहको घेरामा ल्याउनुपर्ने हुन्छ। मुलुकमा सबै किसिमका उपभोग्य वस्तुको आपूर्ति सुलभ गराउन गठन गरिएको आपूर्ति मन्त्रालय अहिलेको इन्धन अभावप्रति मौन रहनुलाई रहस्यमय मानिएको छ।

पेट्रोल र ग्याँसलगायतका इन्धनहरूको आपूर्ति प्रणाली नै गलत छ भन्ने आरोप विगत केही समयदेखि लाग्दै आएको छ। घरमा खाना बनाउने इन्धनको अभाव भए पनि उक्त इन्धनमा आधारित सवारी साधन तथा होटलहरू भने विना कुनै व्यवधान आरामसँग सञ्चालन भैरहेका छन्। यस्तो स्थितिमा आम उपभोक्ताले मुलुकको आपूर्ति प्रणालीप्रति औंला उठाउनु स्वाभाविक हुन्छ। कतै आयल निगमका कर्मचारीहरू तथा खुद्रा बिक्रेताहरूको साँठगाँठले अहिलेको अभाव सिर्जना भएको त होइन ? यदि त्यस्तो हो भने यसलाई सरकारको लाचारी मानिनुपर्छ। मूल्यवृद्धि गर्दा सरकारले आम उपभोक्तालाई सहज आपूर्तिको जुन आश्वासन दिएको थियो, त्यो मूल्यवृद्धि भएको एक महिना नपुग्दै 'कुहिरोको काग' हुन पुगेको छ। आमजनताले इन्धनको समस्यालाई कहिलेसम्म बेहोर्ने ? यो प्रश्नको जवाफ सरकारले जतिसक्दो चाँडो दिनुपर्छ। मुलुकको इन्धन आपूर्ति प्रणाली अनेक किसिमका कमिसनको जालमा जेलिएको नेपाल आयल निगमको एकाधिकारमा रहेसम्म जनताले अहिलेको समस्या बारम्बार झेलिरहनुपर्नेछ तसर्थ सरकारले इन्धनको सहज र सरल आपूर्तिका लागि अहिलेको आपूर्ति प्रणालीमा व्यापक हेरफेर गरेर इन्धनजस्तो अत्यावश्यक वस्तुको अभाव फेरि-फेरि दोहोरिन नदिने संकल्प गर्न सक्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### दार्जीलिङमा प्रशान्तको ह्याङओभर

हरेक पटक दार्जीलिङ घुमेर फर्किएपछि मलाई केही न केही लेखौं लाग्छ। म नितान्त निजी काममा खर्साङ गएको थिएँ। सिलगढीको गर्मीले लखतरान हुँदै म दिनको ३ बजेतिर खर्साङको मुख्य चोकमा गाडीबाट ओर्लिएँ। चोकमा आमसभा रहेछ। एक जना मंगोलियन अनुहारका नेता बाघजस्तै गर्जिंदै भाषण गरिरहेका थिए। मैले हतार-हतार क्यामेरा निकालेर फटाफट नेताजी र दर्शकहरूको तस्बिर लिएँ। भाषण गर्ने नेताजी रहेछन् अखिल भारतीय गोर्खा लिग (अभागोली)का अध्यक्ष मदन तामाङ्ग। म पुग्दा उनी भन्दै थिए- 'प्रशान्त तामाङले सारा नेपालीमा एकताको लहर ल्याइदिएको छ। विशेष गरी यो पहाडका नेपालीभाषीहरूमा देखिएको राजनैतिक वैमनष्यतालाई समेत बिर्साएको छ। प्रशान्तले देखाएको यो बाटोलाई गोर्खाल्यान्ड प्राप्तिको यो आन्दोलनमा किन परिवर्तन नगर्ने ? हामी कहिलेसम्म बंगालीहरूको छायाँमा बस्ने, तर यहाँका राजा भएर बसेको सुभाष घिसिङले यो कुरा बुझ्न सकेको छैन। प्रशान्तले ल्याएको सेन्टिमेन्टलाई क्यास गर्न सकेनौं भने फेरि एकपल्ट हामीले ठूलो मौका गुमाउनेछौं।'

मैले सुभाष घिसिङको भाषण सुनेको थिएँ तर मदन तामाङको सुनेको थिइनँ। तामाङ पनि दार्जीलिङका पुराना राम्रा नेतामा गनिन्छन्। उनको भाषण र मेरो मनमा दुई साताअघि उठेको विचार ठ्याक्कै मिलेको देखेर खुसी पनि लाग्यो। उनले जस्तै म पनि प्रशान्तको जितलाई केवल मनोरञ्जनका लागि एउटा फगत जित मात्र नसम्झी यसबाट नेपाल र भारतका नेपालीहरूले राजनैतिक लाभ पनि उठाउने प्रयास गर्नुपर्छ भन्छु। यस्तै विषयमा मैले दुई हप्ता अघि हङ्कङ्को वेभ म्यागजिन एचके नेपाल डट कमका लागि एउटा लेख लेखेको थिएँ– 'प्रशान्तको विजय र ग्रेटर नेपालको सम्झना' शीर्षकमा। प्रशान्तको प्रतियोगिता चलुन्जेल नेपालमा बन्दका कारण दार्जीलिङ जान पाएको थिइन्। त्यसैले प्रशान्तको विजयपछि दार्जीलिङ गएर त्यहाँको गतिविधि बुझ्ने ठूलो हुटहुटी चलेको थियो।

खर्साङ ओर्लनेबित्तिक्कै एक राजनैतिक पार्टीले आमसभा गरी प्रशान्तका बारेमा बहस नै गरिरहेको सुनेर प्रशान्तको ह्याङओभर अझै सकिएको रहेनछ भन्ने लाग्यो। प्रशान्त इन्डियन आइडियल बनेपछि दार्जीलिङ आउनु त कता हो कता, बरु नेपाल गएर उतैबाट फर्किएकाले त्यहाँका जनताले खिन्नता प्रकट गरेको पनि पाइयो। खर्साङका मेरा पत्रकार मित्र सञ्जय प्रधान भन्दै थिए- 'प्रशान्तलाई यहाँका जनताले बिस्तारै बिर्संदै छन् तर केही राजनैतिक पार्टीहरूले भने उनको जितलाई स्थायी राजनैतिक मुद्दा बनाउन थालेका छन्।'

प्रशान्तलाई जिताउन नेपाल, आसाम, दुबई, हङकङ, युके अनि सिक्किमका सारा नेपालीभाषीहरू तन, मन, धनले लागिपरेको बेला सुभाष घिसिङले कुनै सहयोग नगर्नुलाई उनकै कार्यकर्ताहरूले पनि रुचाएका रहेनछन्। यही कुरालाई इस्यु बनाउन विपक्षीहरू अहिले प्रशान्तको कुरा उठाएर घिसिङमाथि राजनैतिक हमला गर्न सक्रिय छन्। यसबाट के पुष्टि हुन्छ भने प्रशान्तले 'शान्त' दार्जीलिङमा फेरि एक पटक राजनैतिक तरंग पैदा गरेका छन्। वास्तवमा नै दार्जीलिङ नेपाली बहुल क्षेत्र भए पनि त्यहाँका नेपालीहरू राजनैतिक, आर्थिक रूपमा स्वतन्त्र र स्वाभिमानी भएर बस्न पाएका छैनन्। उनीहरू पश्चिम बंगाल सरकारले खटाएको राशन पानी अनि सुरक्षा व्यवस्थामा जेलिएर बसेका छन्।

वर्षौंदेखि चियाको पत्ती टिप्दै बाँचेको जीवनमा कुनै परिवर्तन आएको छैन। दार्जीलिङका नेपालीहरू स्वतन्त्र सिक्किमका नेपालीहरू जस्तो सुखी र खुसी छैनन्। त्यसैले उनीहरू दास मनोवृत्ति बोकेका सुभाष घिसिङजस्ता नेताहरूबाट वाक्क भैसकेका छन्। उनीहरू अब एउटा छुटै राज्य गोर्खाल्याण्डको बागडोर सम्हाल्न सक्ने चमत्कारिक युवा नेता खोजिरहेका छन्, जसले ५ लाख दार्जीलिङवासी नेपाली भाषीलाई छुट्टै राज्य गोर्खाल्यान्डको प्राप्तिसँगै स्वतन्त्र, स्वाभिमानी नेपाली सन्तान भएर बाँच्न पाउने अधिकार दिलाउन सकोस्।

**–आनन्द श्रेष्ठ**

### केही सिकौं

शिक्षा देशको मेरुदण्ड हो, तर हाम्रो देशको शिक्षा र शैक्षिक स्तर भने ज्यादै चिन्ताजनक छ। यस वर्ष एसएलसी परीक्षामा सरकारी विद्यालयबाट ५१ प्रतिशत तथा निजी विद्यालयबाट ९० प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण भए। विगतका परिणामसँग तुलना गर्ने हो भने यसपालिको नतिजा सन्तोजनक देखिए पनि यो नतिजा 'नयाँ नेपाल'को अवधारणा साकार पार्न पर्याप्त हुन सक्दैन। एकातिर नयाँ नेपाल बनाउने कुरा उठिरहेको छ तर अर्कातिर देशको शैक्षिक स्तर उकास्ने कुराप्रति 'कानमा तेल हालेर' बस्ने काम भएको छ।

दक्षिण एसियामा एसएलसी सरहको परीक्षामा उत्तीर्ण प्रतिशत भारतको ९५ प्रतिशत, भुटानको ८७ प्रतिशत, पाकिस्तानको ५८ प्रतिशत तथा बङ्गलादेशको ५४ प्रतिशत छ। अचम्मको कुरा त के छ भने हामीभन्दा कमजोर भुटानको एसएलसी नतिजा हामीभन्दा निकै उत्कृष्ट छ। त्यसैले हामीले भुटानबाट पनि केही सिक्ने कि ?

**–रवीन्द्रराज थापा**
**सर्लाही**

## तीतो सत्य

• म सफल भन्ने भावना कदापि नराख, सफल मानिसको पछाडि प्रायः अर्को सफल मानिस अवश्य हुन्छ।

• तिमी अरूबाट जुन व्यवहारको अपेक्षा गर्छौ। त्यही व्यवहार अरूसँग गर्न सक्नुपर्छ।

• प्रेमको नाताभन्दा भावनाको नाता बलियो र सफल हुन्छ।

**वीरेन्द्र बस्नेत**

• आत्मबल नै मानिसको ठूलो शक्ति हो।

• टुकी जलेर अँध्यारो कोठालाई उज्यालो पार्न सक्छ भने हामी त झन् मानिस हौं के हामीले देश बनाउन सक्दैनौं ?

**धनु गाहा-मगर, स्याङ्जा**

• कमाउनु नै ठूलो कुरा होइन, बचाउनु ठूलो कुरा हो।

**सुन्दर बानियाँ**

• जसको केही भन्नुछैन उही बढी बकवास गर्छ।

• झूटा वाचा गर्नुभन्दा विनम्रपूर्वक अस्वीकार गर्नु उत्तम हुन्छ।

• सधैं बाँच्ने प्रयास त गर्छौ तर बाँच्न सक्दैनौ।

• विश्वास नै मानिसको ठूलो धर्म हो, संसार नै विश्वासमा अडेको छ।

• मनको शान्ति नै स्वास्थ्य र सम्पत्ति हो।

• हामी जति कमाउँछौं त्यो हाम्रो सम्पत्ति होइन, जति हामी बचाउँछौं त्यो नै हाम्रो सम्पत्ति हो।

• आफूलाई भन्दा अरूलाई झट्ट विश्वास गर्नाले धोका पाइन्छ।

**रोशनकुमार श्रेष्ठ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

## मुखाले

म नेपाली कांग्रेसको सभापति मात्र होइन, यो देशको प्रमुख पनि हुँ। मैले पार्टीको नीतिमा मात्र हिंड्न मिल्दैन।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

संसदले पारित गरेकै कुरा सरकारले लागू गर्नुपर्छ भन्ने छैन। संविधानविपरीत कुरा त सरकारले गर्ने हुँदैन।

**केपी शर्मा ओली, नेता, नेकपा, एमाले**

संसद्को निर्णय सरकारले मान्नुपर्छ, यसको विरोधमा बोल्नु पार्टी निर्णय विपरीत जानु हो।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा एमाले**

अनमिनको उपस्थितिलाई बाह्य हस्तक्षेप मान्नु दिगो शान्तिका लागि घातक कुरा हो।

**इयान मार्टिन, अनमिन प्रमुख**

मधेसका कतिपय क्रियाकलाप देश टुक्र्याउन उद्यत् छन्, फोरम त्यसको विरुद्धमा छ।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

२०४७ सालको संविधान ब्यूँझाएर विघठित प्रतिनिधिसभा पुनर्स्थापना गरे अहिलेका सबै समस्या समाधान हुन्छन्।

**सुजाता कोइराला, नेतृ, नेपाली कांग्रेस**

पार्टी सभापतिले नै पार्टीको ह्वीप नमानेपछि हामीले पनि पार्टीको ह्वीप मान्नुपर्छ भन्ने छैन।

**खुमबहादुर खड्का, नेता, नेपाली कांग्रेस**

नेपालको विकासका लागि अरू केही गर्नुपर्दैन, भारत र चीन जोड्ने रेलमार्गबाहेक।

**डा. प्रकाशचन्द्र लोहनी**
**नेता, राष्ट्रिय जनशक्ति पार्टी**

मेरो नयाँ चलचित्र 'देश' को अवस्था हाम्रो देशको जस्तै भएको छ।

**तुलसी घिमिरे, चलचित्र निर्देशक**

## नीति-नियम

मन्द, सुस्त-सुस्त (विस्तारै) काम गर्ने, मध्य र न धेरै छिटो न ढिलो काम गर्ने तथा छिटोछिटो काम गर्ने चलाख गरी सेवक तीन प्रकारका हुन्छन्। त्यसैले उनीहरूको जीविकाका लागि तीन प्रकारको पारिश्रमिक दिनुपर्छ।

जो केवल धन चाहन्छ उसलाई अधम, जो धन तथा मान दुवै चाहन्छ उसलाई 'मध्यम' तथा जो केवल मान मात्र चाहन्छ उसलाई 'उत्तम' भनिन्छ किनकि ठूलो मानिसका लागि धन भनेकै मान (आदर) हो।

जो कसैको उपकारलाई मान्दैन, राम्रोभन्दा राम्रो तरिकाबाट सेवा गर्दा पनि सन्तुष्ट हुँदैन, कुनै कुराकानीको प्रसंगमा आफ्नो सेवकको स्मरणसमेत गर्दैन, बरु शंका-उपशंका मात्र गर्छन्, बढी कुरा गर्छन् र मर्म पर्ने गरी गाली गर्छन् त्यस्ता व्यक्तिको सेवा गर्नुपर्दैन, त्यहाँको नोकरी छोडिदिए हुन्छ।

धर्मबिना सुख हुँदैन, त्यसैले धर्ममा रहनुपर्छ। धर्म, अर्थ, काम यी तीनलाई त्रिवर्ग भन्छन्। यसभन्दा बाहिर रहेर कुनै कार्य गर्नु हुँदैन। यी तीनको विरोधबाट बचेर मध्यमार्गी बनेर सबै काम पूरा गरौं तर यी तीन धर्म, अर्थ, कामको भने पालना गर्न नछाडौं।

-शुक्रनीति
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### अञ्जना र सुवास

नेपाली वृत्तचित्रले हलिउडको चलचित्र महोत्सवमा पहिलो पटक एवार्ड हासिल गरेको छ। केवल २१ वर्षका सुभाष थापामगर तथा २० वर्षकी सुश्री अन्जना बुढाथोकीद्वारा निर्देशन गरिएको जनआन्दोलन भाग-२ मा आधारित वृत्तचित्र 'ए ट्रेजेडी फर द लिबर्टी' (स्वतन्त्रताका लागि वियोग) ले हलिउडको न्युयोर्क इन्टरनेसनल इन्डिपेन्डेन्ट फिल्म एन्ड भिडियो फेस्टिवल २००७ मा बेस्ट इन्टरनेसनल डकुमेन्ट्री डाइरेक्टरको एवार्ड जितेको छ। एसियाबाट छानिएर हलिउड फेस्टिवलसम्म पुगी एवार्ड जित्ने सुवास र अन्जनाको डकुमेन्ट्री 'ए ट्रेजेडी फर द लिबर्टी' (स्वतन्त्रताका लागि वियोग) गत मार्च ७ मा न्युयोर्क इन्टरनेसनल इन्डिपेन्डेन्ट फिल्म एन्ड भिडियो फेस्टिवल २००७ मा प्रदर्शन भएको थियो। गत नोभेम्बर २ तारिखमा न्युयोर्कमा आयोजित समारोहमा उक्त एवार्ड प्रदान गरिएको थियो।


ए ट्रेजेडी फर द लिबर्टी (स्वतन्त्रताका लागि वियोग) २०६२/०६३ सालमा स्वतन्त्रता प्राप्तिका लागि नेपालमा भएको १९ दिने निर्णायक आन्दोलनका क्रममा कोख रित्याउन र सिंदूर पुछ्न अनि अपांग जीवन जिउन बाध्यहरूको दुःख, पीडा तथा त्यतिखेरको राजनैतिक परिदृश्यलाई समेट्दै उनीहरूकै घरमा पुगेर तयार पारिएको वृत्तचित्र हो। वृत्तचित्र क्याट्स आई मिडिया प्रा.लि.का तर्फबाट सुवास र अन्जनाले नै तयार पारेका हुन्।

**–प्रसुन थापा मगर**

## साइबर गर्ल




नेपाली साइट डटकमका लागि मोडल अफ दि मन्थ भैसकेकी सिम्पल थापा विराटनगरमा जन्मिएकी हुन्। २० वर्षीया सिम्पलको उचाइ ५ फिट ४ इन्च छ। कालो आँखा भएकी यी सुन्दरीलाई सानैदेखि मोडलिङमा आउने रहर थियो। नेपालमा फेसन-मोडलिङको ट्रेन्ड बढ्दै गएको देखेर नै आकर्षक अनुहारकी सिम्पलले पनि यो क्षेत्र रोजेकी हुन्। मोडलिङका सबै विधामा काम गर्न सक्ने सिम्पलले बीबीएस उत्तीर्ण गरेकी छिन्। सिम्पललाई यो क्षेत्रमा अझै जमेर काम गर्ने इच्छा छ। अध्ययनसँगै उनले क्यारियर विकासका लागि मोडलिङमा हात हालेकी थिइन्। त्यसैगरी उत्कृष्ट नृत्य गर्न सक्ने खुबी पनि सिम्पलमा छ। घुम्ने, नृत्य गर्ने तथा बास्केटबल खेल्न रुचि राख्ने सिम्पललाई चुपचाप बस्ने मानिस मन पर्दैनन्। सिम्पल भन्छिन्- 'म आफैं पनि चञ्चले स्वभावकी भएकाले चुपचाप बस्ने मानिस मन नपरेको हुनसक्छ।' सिम्पल व्यक्तित्व झल्कने पुरुषप्रति आकर्षित हुन्छिन्। सिम्पल आफ्नो मुलुकलाई स्वदेश तथा विदेशमा बस्ने सबै नागरिकले माया गर्नुपर्ने धारणा राख्छिन्।



## माओवादीलाई दरबारिया नै प्रिय

नेपालमा साँच्चिकै गणतन्त्रवादी पार्टी आफू मात्रै भएको दावी गर्ने नेकपा (माओवादी)ले आफ्ना कार्यक्रमहरूमा दरबारिया-प्रतिगामीहरूलाई विशेष महत्वका साथ निमन्त्रणा गर्ने गरेको समाचार 'बुधबार' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार गत कातिक ३० गते नेकपा (माओवादी)ले राजधानीमा आयोजना गरेको गोलमेच सम्मेलनमा सहभागी व्यक्तिको अनुहार देखेर अन्य राजनैतिक दलका नेता तथा नागरिक समाजका अगुवाहरू चकित भएका थिए। उक्त कार्यक्रममा दरबारिया पृष्ठभूमिका पूर्वकर्मचारी, सैनिक तथा प्रहरीका व्यक्तिहरू तथा रायमाझी आयोगले दोषी ठहऱ्याएकाहरूको उल्लेख्य उपस्थिति थियो। त्यहाँ रायमाझी आयोगले दोषी ठहऱ्याएका पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक राजेन्द्रबहादुर सिंह र अशोक श्रेष्ठ, राजा ज्ञानेन्द्रका पूर्व एडीसी टीका धमला, राजाका पूर्वसैनिक सचिव विवेक शाहसहित दर्जनौं दरबारियाको उपस्थिति थियो।

## नेता पत्नीहरूको पदोन्नति

सबैभन्दा बढी महिला समानता र हक-अधिकारका कुरा गर्ने नेकपा (माओवादी) मा अहिले केन्द्रीय नेताहरूका पत्नी वा उनीहरूका आफन्तलाई टप-टप टिपी सुविधायुक्त स्थानमा बढुवा दिने संस्कृति मौलाएको समाचार 'जनआस्था' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार केन्द्रीय सदस्य देवेन्द्र पौडेलकी पत्नी बलादेवीलाई पदोन्नति गरी नेवा राज्य समितिको सदस्य बनाइएको छ भने विधायक खिमलाल देवकोटाकी पत्नी लक्ष्मी शर्मा, डा. बाबुराम भट्टराईका भाइ शिवकी पत्नी दुर्गा भट्टराई तथा नेपाल टेलिभिजनका अध्यक्ष डा. ऋषिराज बरालकी पत्नी सरिता बराललाई बुद्धिजीवी समितिमा ल्याइएको छ।

## संघीयतामा लान नहुने निष्कर्ष

सात दलका नेताहरूले बिना कुनै छलफल रातारात मुलुकलाई संघीय संरचनामा लाने घोषणा गरे पनि हालै सम्पन्न एक अन्तर्राष्ट्रिय सम्मेलनले नेपालजस्तो देशलाई त्यसरी संघीयतामा लान नहुने निष्कर्ष निकालेको समाचार 'घटना र विचार' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार कात्तिक १९ र २० गते भारतको नयाँदिल्लीमा सम्पन्न संसारका संघीय राष्ट्रहरूको संगठन फोरम अफ फेडरेसनको सम्मेलनमा उक्त निष्कर्ष निकालिएको हो। सम्मेलनमा गैरसंघीय मुलुकहरूसमेत गरी १ सय मुलुकका १ हजार भन्दा बढी प्रतिनिधि सहभागी थिए। सम्मेलनमा नेपालका तर्फबाट चक्र बास्तोला र विमलेन्द्र निधि (नेपाली कांग्रेस), सुरेन्द्र पाण्डे र जितेन्द्र देव (नेकपा, एमाले), खिमलाल देवकोटा र लोकेन्द्र विष्ट (नेकपा, माओवादी), सहित डा. सूर्य ढुंगेल तथा डा. पुष्पराज कँडेल जस्ता विशेषज्ञहरू सहभागी थिए। सम्मेलनमा एकात्मकताबाट संघियतातर्फ गएका बेल्जियम, स्पेन, सुडान र इथियोपिया (विभाजित भैसकेको) जस्ता मुलुकको राजनैतिक स्थिति नाजुक रहेको र उनीहरू विभाजनको नजिक पुगेको बताइएको थियो।

## दरवारवादीहरूको भौतिक कारबाही

राजावादी दस दलले आन्दोलनकारी आठ दलका नेता तथा कार्यकर्ताको घर ठेगाना पत्ता लगाई भौतिक कारबाही गर्ने निर्णय गरेको समाचार 'नयाँ पत्रिका' दैनिकले प्रकाशित गरेको छ। समाचारअनुसार यस्तो निर्णय गर्ने गठबन्धनमा पूर्वमन्त्रीहरू निक्षशमशेर राणा, गोरेबहादुर खपांगी र प्रेमबहादुर सिंहदेखि भ्रष्टाचारसम्बन्धी शाही आयोगका सदस्य प्रेमबहादुर खातीसम्म छन्। यसै वर्षको प्रारम्भमा गठन गरिएको संयुक्त राष्ट्रवादी गठबन्धनमा दस राजनैतिक दल आबद्ध रहेको समाचारमा उल्लेख छ। राजनैतिक दलका नेतामाथि भौतिक कारबाही गर्ने षड्यन्त्रमा लागेका राजावादीहरूमाथि निगरानी भैरहेको सरकारले जनाएको समाचार उक्त दैनिकले आफ्नो पछिल्लो अंकमा प्रकाशित गरेको छ।

## माओवादी राजदूतको एग्रिमो रोकियो

माओवादीका तर्फबाट राजदूतको सिफारिसमा परेकाहरूको विदेशी मित्र राष्ट्रहरूबाट एग्रिमो नआउने निश्चित भएको समाचार साप्ताहिक 'नेपालीपत्र' ले प्रकाशित गरेको छ। चीन, जापान, डेनमार्क तथा दक्षिण कोरियाजस्ता मुलुकका लागि बार्गेनिङ गरेर राजदूतहरूको नियुक्ति-प्रक्रिया नै लम्ब्याएको माओवादीलाई अहिले ती मुलुकबाट एग्रिमो प्राप्त नभएपछि ठूलो धक्का लागेको कुरा समाचारमा उल्लेख छ।

## लालसेनामा गर्भवती हुने होड

क्यान्टोनमेन्टमा बसेका माओवादीका विवाहित महिला छापामार कोही सुत्केरी भएको त कोही गर्भवती भएको समाचार 'साँघु' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार शिविर अनुगमनकर्ताहरूले बताएअनुसार सुत्केरी नहुने र गर्भवती नबन्ने विवाहित महिला छापामार अपवादमा मात्र छन्। त्यस्ता प्रसूति र गर्भवती छापामारका लागि सरकारले अतिरिक्त पौष्टिक आहारको बन्दोबस्त भने गरेको छैन। यो अवस्थामा उनीहरू सरकारसँग रुष्ट रहेको कुरासमेत समाचारमा उल्लेख छ।

## संविधानसभा | व्यक्ति-अभिव्यक्ति

संविधानसभाका लागि लचिलो हुने क्रममा हामीलाई भित्तामा पुऱ्याउने काम भएको छ। यही निर्वाचन होस् भन्दाभन्दै हामी हाम्रो सिद्धान्तबाटै चुक्ने अवस्था आइसक्यो। कांग्रेसले गर्नुजति गरिसक्यो। हामीले २००७ सालदेखि आफ्नो सिद्धान्त जोगाइरहेका छौं, अहिले चुक्ने प्रश्नै उठ्दैन। नेपाली कांग्रेसले प्रजातन्त्रसँग सम्झौता गर्दैन। यो कुरा माओवादीले जति चाँडो बुझ्यो राम्रो।

**सुशील कोइराला, कार्यवाहक सभापति, नेपाली कांग्रेस**

अहिले मुलुकमा देखिएको शक्तिमा सात दल एकातिर अनि हामी अर्कातिर छौं। सबै दल माओवादीको माग समातेर उनीहरूको कित्तामा गैसके, बचेका सबै राजनैतिक शक्ति हाम्रो कित्तामा परेका छन्। राजाको पक्षमा बहुमत देखेर सात दल संविधानसभामा जान डराएका हुन्। अहिले पनि राजाको पक्षमा दह्रो जनमत छ। प्रधानमन्त्री कोइरालाले राजाको पक्षमा २० प्रतिशत जनमत छ भनेका थिए, तर हामीलाई संवैधानिक राजाको पक्षमा ६० प्रतिशत जनमत छ भन्ने लाग्छ।

**रवीन्द्रनाथ शर्मा, नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)**

अहिले संविधानसभाको निर्वाचन हुन नसक्नुका पछाडि माओवादी नै मूल रूपमा जिम्मेवार छ। निर्वाचनका मुखमा उनीहरूले प्रस्तुत गरेका माग तथा ती माग पूरा नगरे संविधानसभा हुन दिन्नौं भनेर दिएका अभिव्यक्तिले नै उनीहरूको उद्देश्य के हो प्रस्ट हुन्छ। छ दलले निर्वाचनअघि उत्पन्न यो अवरोधलाई सामना गरेर निर्वाचन गर्नुपर्थ्यो। यो उनीहरूको कमजोरी हो। माओवादीहरूको मागमा यसरी नै झुक्दै जाने हो भने संविधानसभाको निर्वाचन कहिल्यै हुन सक्दैन। राजावादीले चाहेको पनि त्यही हो। त्यसैले राजावादी र माओवादीबीच साँठगाँठ त छैन ? यो हामीले चिन्तन गर्नुपर्ने विषय हो।

**मोहनविक्रम सिंह, नेता, नेकपा मसाल**

## हाम्रो नेपालमा

## गर्भमै विवाहको छिनोफानो



गर्भमै रहेको अवस्थामा विवाहको छिनोफानो हुन्छ भन्दा जोकोहीलाई आश्चर्य लाग्न सक्छ तर सुदूरपश्चिमका पहाडी जिल्लामा बसोबास गर्ने केही समुदायमा अझै यो चलन कायमै छ। बाबुआमाले सन्तान जन्मनुअघि गर्भावस्थामै विवाहका लागि मौखिक सहमति गर्छन्। यो सहमतिलाई मगनी भनिन्छ। गर्भवती दुवै महिलाबाट छोरा-छोरा वा छोरी-छोरी जन्मिए पूर्वसहमतिको अर्थ रहँदैन, एउटीले छोरी र अर्कीले छोरा पाए ती सन्तानबीच विवाह हुने पक्का हुन्छ। गर्भमै मगनी गर्दा एकले अर्को पक्षलाई सुपारी दिने, डडेलधुरा जिल्लाको कानचौरका कालो सार्कीले बताए। त्यस्तै छोरा जन्माइसकेका बाबुआमाले अर्को पक्षसँग छोरी जन्मिए बुहारी बनाउने सहमति पनि हुनसक्छ। बछर्नीका लक्ष्मी रोकाका अनुसार यो पुरानो चलन हो र क्रमशः हट्ने क्रममा छ। यो प्रचलन सुदुरपश्चिमका पहाडी जिल्ला अछाम, बाजुरा, डोटी, दार्चुला तथा बझाङमा सबैभन्दा बढी छ।

## बलात्कारीसँगै विवाह

बलात्कारी र बलात्कृत युवतीको विवाह, कतै सुन्नुभएको छ ? केही दिनअघि बैतडीको सर्मालीमा बलात्कृत हीरा मडै तथा बलात्कार गर्ने प्रहरी सहायक निरीक्षक गणेश बमबीच स्थानीय बासिन्दाले विवाह गराइदिएका छन्। बलात्कारको घटनापछि बसेको सर्वपक्षीय बैठकले असई बम, हीरा र उनका श्रीमान् भरत मडैको सहमतिमा उक्त विवाह गराइएको हो। बैठकमा हीरा र भरतले सम्बन्धविच्छेद गर्ने सहमति गरेका थिए। श्रीमान्/श्रीमती अलग हुने भएपछि हीरा र असई बमको विवाह गरिदिएको हिराका जेठाजु गणेश मडैले बताए। सर्वपक्षीय बैठकमा असई बलले आफ्नो गल्ती स्वीकार्दै माफी मागेर हीरासँगै विवाह गर्न मञ्जुर गरेका थिए। असइ बमको मञ्जुरीमा हीराले पनि सहमति जनाएपछि यो विवाह भएको हो।

## रक्सीले पाहुनाको स्वागत

तपाईंहरू आफ्नो घरमा भित्रिने पाहुनाको स्वागत कसरी गर्नुहुन्छ ? दूध, दही, चिया अथवा अन्य केही खानेकुराले होइन ? तर पाहुनाको रूपमा स्वागत गर्दा रक्सीको गिलास नै टक्र्याउँदा भने अवश्य पनि सबैलाई अचम्म लाग्ला। म्याग्दीको नागीमा पुग्ने जोसुकैलाई रक्सीको गिलास दिएर स्वागत गरिन्छ। उक्त चलन परम्परादेखि नै चलिआएको हिमाञ्चल उच्चमावि नागीका प्राचार्य दमन पुनले बताए। यहाँ पाहुनाको स्वागतका लागि मात्र नभएर हरेक चाडपर्व, मेला, उत्सव, विवाह व्रतबन्ध तथा काजकिरिया आदिमा पनि रक्सी नै पिउने चलन छ।

## जमिनमुनि सात दिन

नुवाकोट- जमिनमुनि खाडलमा तपाईं कति समय बस्न सक्नुहुन्छ ? एक-दुई घण्टा बस्न सकिएला भन्ने लाग्ला तर होइन, नुवाकोटको विदुरमा एक साधक एक साताका लागि जमिनमुनि बसेर तपस्या गरिरहेका छन्। यी साहसी साधक हुन्– काठमाडौंका २७ वर्षीय श्याम श्रेष्ठ अर्थात् श्री खां। मनोक्रान्तिका साधक यी युवा गत आइतबारदेखि भू-तपस्यामा बसेका हुन्। ९ फिट गहिरो खाल्डोमा यी तपस्वी तपस्यारत छन्। अचम्म त के छ भने उनी बसेको खाल्डो जस्तापाता राखेर त्यसमाथि पुरै माटोले छोपिएको छ। अक्सिजन समेत नजाने गरी पुरिएको खाल्डोमा उनी एक सातासम्म पानी मात्र खाएर निराहार तपस्यामा बसिरहेका छन्। उनलाई दिनको एकपटक सानो प्वालबाट पानी दिइन्छ र पछि पुनः उक्त प्वाल टालिने गरेको छ।

मनोक्रान्ति योगको प्रभावले जमिनमुनि पनि निराहार तपस्या गर्न कुनै अप्ठ्यारो नहुने अर्का योगी अनन्तानन्द बताउँछन्। पहिलो पटक भू-तपस्यामा बस्न लागेको भए पनि आफूले सजिलै एक सातासम्म जमिनमुनि तपस्या गरेर बिताउन सक्ने तपस्यामा जानुअघि तपस्वी श्री खांले बताएका थिए। मानिसमा स्वार्थ र विलासीपनको मोह बढिरहेकाले ज्ञानमार्फत आत्म रूपान्तरण गर्न मनोक्रान्ति अभियानअन्तर्गत भू-तपस्या गरेको खांले बताए।



उनी गुरु डा. योगी विकासानन्दद्वारा निर्देशित साधक हुन्। खां भोलि शनिबार दिउँसो तपस्याबाट बाहिरिने बताइएको छ। उनी तपस्यामा बसेको हेर्न स्थानीय सर्वसाधारणको भीड नै लागेको थियो। पुरिएको खाल्डो हेर्न अहिले पनि मानिसहरू आइरहेका छन्। उनी एक सातासम्म तपस्यामा रहन्छन् वा रहँदैनन् भन्ने चासो सबैतिर छ। तपस्वीले चाहे स्वेच्छिक रूपमा स्व-मूत्रपान पनि गर्न सक्ने तर नचाहे बाहिर निकालिने आयोजक मनोक्रान्ति अभियानले जनाएको छ।

तपस्यामा बस्नु एक दिनअघिदेखि तपस्वीले भोजन त्याग गरेको र योगसाधनाद्वारा मल आन्द्रा सफा गरिएकाले मलत्याग नहुने जानकारी पनि आयोजकले बतायो। तपस्वीलाई केही इमर्जेन्सी परे उद्धारका लागि खाल्डोभीत्र विद्युतीय घण्टी जडान गरिएको छ। मनोक्रान्ति अभियान नुवाकोटले उक्त भू-तपस्याको आयोजना गरेको हो। यसअघि काठमाडौं, धादिङ, काभ्रे, बाग्लुङलगायत १७ जिल्लामा यस्तो तपस्या सम्पन्न भैसकेको बताइन्छ।

**–नवदीप अजनवी**

## कान्तिपुर समाचार डायरी

### कुकुरको किनबेचमा दस करोड खर्च

नेपालमा कुकुरको किनबेचमा वार्षिक १० करोड रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ। समाचारअनुसार राजधानी काठमाडौंमा अहिले हरेक महिना १ सय ५० भन्दा बढी कुकुरको किनबेच हुने गरेको छ। यस्ता कुकुरको तालिम, खाना तथा स्वास्थ्य-परीक्षणमा त्यस्तो खर्च हुने गरेको बताइन्छ। समाचारअनुसार जन्मिएको ४० देखि ४५ दिनपछि कुकुरका छाउराले २५ हजारदेखि ५० हजार रुपैयाँसम्म मूल्य पाउने गरेका छन्। यस्तो मूल्य पाउने कुकुरका जातमा जर्मन सेफर्ड (२५ हजार रुपैयाँ), ग्रेट डन (३० हजार रुपैयाँ), पग (३५ हजार रुपैयाँ), साइन्ट बेनार्ड (४० हजार रुपैयाँ), रट ओइलर (५० हजार रुपैयाँ) छन्।

### बारुदी सुरुङको खतरा कायमै

नेपालमा सशस्त्र द्वन्द्व सकिएर शान्ति स्थापना भएको बताइए पनि द्वन्द्वका बेला बिछ्याइएका बारुदी सुरुङ विस्फोटबाट अहिले पनि धेरैको ज्यान जाने गरेको छ। बारुदी सुरुङ प्रयोग गर्ने विश्वका १३ मुलुकमध्ये नेपाल पनि एक हो। ती १३ मध्ये राज्य आफैंले बारुदी सुरुङ प्रयोग गर्ने ३ वटा मुलुकमध्ये नेपाल पनि एक हो। नेपाली सेनाले सशस्त्र द्वन्द्वका बेला ५२ वटा बारुदी सुरुङ ओछ्याएको थियो भने विद्रोही माओवादीहरूले कति बारुदी सुरुङ ओछ्याए भन्ने यथार्थ तथ्यांक उपलब्ध छैन।

### नेपालमा घरपालुवा

नेसनल जुनोटिक्स एन्ड फुड हाइजिन रिसर्च सेन्टरको पछिल्लो तथ्यांकअनुसार नेपालमा ३० लाख भैंसी, १० लाख गाई, ३० लाख भेडा, १ करोड बाख्रा, २५ करोड कुखुरा, ६० हजार याक/चौंरी, २५ लाख सुँगुर तथा ३० हजार घोडा छन्। यसैगरी अनुसन्धानमा प्रयोग गरिने सेतो मुसा, खरायो र गिनीपिगको संख्या ५५ हजार छ भने १८ लाख घरपालुवा कुकुर र त्यति नै भुस्याहा एवं सामुदायिक कुकुर छन्। तथ्यांकअनुसार नेपालमा १ लाख ५० हजार बाँदर छन्।

### हेपाटाइटिस संक्रमितहरू

कलेजोमा देखापर्ने खतरनाक रोग हेपाटाइटिसबाट पीडित हुने नेपालीहरूको संख्या १० देखि १५ लाख छ। असुरक्षित यौनसम्पर्क, प्रदूषित खानपान, लागूऔषध एवं सरसफाइको अभावका कारण फैलने हेपाटाइटिसलाई ए, बी, सी, डी, ई, एफ र जी गरी सात प्रकारमा विभाजन गरिएको छ। जसमध्ये ए, बी र सी मानव स्वास्थ्यका लागि खतरनाक मानिन्छ। हेपाटाइटिसबाट पीडित १० देखि १५ लाख नेपालीमध्ये ७ लाख नेपाली बी र सीबाट संक्रमित छन्। ७ प्रकारको हेपाटाइटिस १४ किसिमबाट मानिसमा सर्छ।

# नम्बर वान



**पृष्ठ १ बाट जारी**

नपर्ने गरी कमाइरहेका छन्। उनी कान्तिपुर एफ.एम.मा पनि कार्यक्रम प्रस्तुत गर्छन्।

**बदलिएन जीवनशैली**

लोकप्रियता तथा आम्दानी बढ्दै गएपछि मानिसको जीवनशैली फेरिनु सामान्य हो। दीपकराज गिरी भने यसका अपवाद छन्। उनीसँगैका कतिपय कलाकार उनले दिएको पारिश्रमिकबाट गाडी चढ्न थालेका छन्। काठमाडौंका सुविधासम्पन्न स्थानमा घर-घडेरी जोड्न थालेका छन्। दीपकले भने काँठमा भएको आफ्नो माटोको घरलाई पनि पक्की बनाउने जाँगर देखाएका छैनन्। उनी अझै पनि पुरानो मोटरसाइकलमा धूवाँ र धूलो खाएर यता-उता दौडिरहेका भेटिन्छन्। तिहारअघि पाइन्टमा लागेको धूलो टकटक्याउँदै साप्ताहिक कार्यालयमा झुल्किएका दीपकलाई मोटरसाइकल परिवर्तन गर्न सुझाव दिइएको थियो। जवाफमा दीपक भन्दै थिए, 'यो मोटरसाइकल बेच्नु र श्रीमतीलाई डिबोर्स दिनु एउटै कुरा हो। अर्को मोटरसाइकल किन्नु भनेको नयाँ विवाह गर्नुसरह हो। स्वास्नी बूढी भै भन्दैमा तरुनी स्वास्नी खोज्नु न्यायसंगत होइन।' कलाकारिता प्रारम्भ गर्दा किनेको उक्त मोटरसाइकलले बोकेरै उनलाई यहाँसम्म ल्याएको दीपकको ठम्याइ छ। त्यसैले उनी पुरानो मोटरसाइकलसँग भावनात्मक सम्बन्ध गाँसिएको बताउँछन्। उनी नयाँ घर बनाउने कुराको पनि विरोधी छन्। 'आजभोलि घर बस्नका लागि बनाइँदैन, प्रदर्शनका लागि निर्माण गरिन्छ।' दीपक भन्छन्, 'आफू कति माथि गइयो, त्यसलाई देखाउन मानिसहरू आकर्षक घर तथा नयाँ मोडलको गाडी चढ्छन्।'

दीपकराज गिरीलाई नजिकबाट चिन्नेहरू उनको स्वभावप्रति अचम्म मान्छन्। दीपकसँग अनौठो ट्यालेन्ट छ। उसको प्रतिभाबाट म पहिलोपल्टै प्रभावित भएको थिएँ– दीपकराज गिरीलाई टेलिभिजनको पर्दामा पहिलो पटक प्रस्तुत गर्ने अर्का कलाकार दिनेश डिसी भन्छन्, 'दीपकराज गिरी एक दिन राम्रैसँग जम्छ भन्ने कुरामा म पूर्ण विश्वस्त थिएँ।' त्यसैले कतै ठाउँ नपाएर पलायन हुन लागेका दीपकलाई डिसीले अमेरिका जानबाट रोके।

दीपक अल्लारे भएर हिंडिरहेकोमा दीपकका बुबालाई चिन्ता लाग्नु स्वाभाविक थियो। छोराको चिन्ता लागेपछि उनको बुबाले अमेरिकामा स्थायी बसोबास गरिरहेका एक जना आफन्तसँग अनुनय-विनय गरेर अमेरिकाका लागि स्पोन्सर लेटर पठाउन लगाए। काँठको जग्गा बेचेर दीपकले अमेरिकाको कलेजमा भर्नाको अवसर पनि पाएका थिए, तर दिनेश डिसीले उनलाई रोके। ती दिन सम्झँदै दीपक भन्छन्, 'स्थायी किसिमको जागिर नखाएकोमा बुबाले घरको दानापानी रोक्ने आदेश दिनुभएको थियो। वैदेशिक दातृ संस्थाले नेपाललाई दिएको निर्देशनजस्तै बुवाले भनेअनुसार काम गरे दाना पानी पाइने नत्र नपाइने भएपछि कलाकारिता छाडेर अमेरिका जानुपर्ने भयो, तर दिनेश डिसीले सबै कागजपत्र च्यातेर हिम्मत दिए।'

दीपकले त्यसबेला कलाकारितामा हात हालेका थिए, जुन बेला उनी दुई जना छोरा-छोरीका बुबा भैसकेका थिए। १७ वर्षको उमेरमा विवाह भएपछि छोरा-छोरीको न्वारान सकेर क्याम्पस जानुपर्ने बाध्यता उत्पन्न भयो। उनको सम्पूर्ण परिवार बुवाको कमाइमा आश्रित थियो। 'यस्तो बेलामा जागिर नखाई कलाकार हुने आशामा घरबाट हप्तौं गायब हुँदा कुनचाहिँ बुवा चिन्तित हुँदैनन् ? अहिले तीन सन्तानका बुवा भएका दीपकले कान्तिपुर पब्लिकेसन्सको क्यान्टिनमा चियाको सुर्को लिँदै भावुक मुद्रामा भने, 'यस्तो बेलामा मेरी श्रीमतीले मलाई लुकाई-लुकाई खर्च दिन्थिन्। माइतीबाट खर्च ल्याएर छोराछोरी पढाउँथिन्। बाहिर भने कलाकार श्रीमान्ले कमाएर पालेको अभिनय गर्थिन्। यस्तो अवस्थामा मैले कुनै पनि मूल्यमा माथि आउनैपर्ने थियो।'

बुबाले दुःख गरेर दिलाएको अमेरिकाको भिसा अस्वीकार गरेका दीपक टाक्कटुक्क, रामविलास-धनियाँका साथै स्टेज कलाकार हुँदै तीतो सत्यसम्म आइपुग्दा दिनेश डिसीले भनेजस्तै नेपालभरि छाए। उनको कला जीवनलाई साथ दिन दीपाश्री निरौला आइपुगिन्। यो जोडीले २०५३ सालमा रेडियोको सुपरहिट कार्यक्रम रामबिलास-धनियाँ प्रस्तुत गर्‍यो। त्यसपछि नेपाली दर्शकका लागि यो जोडी हरेक हास्यव्यङ्ग्य कार्यक्रममा अनिवार्य बन्न थाल्यो। ८ वर्ष सँगै काम गरेपछि उनीहरूले तीतो सत्यको निर्माण थाले। अब दीपकलाई अमेरिकाको भिसाका लागि बुबाले दुःख गर्नै पर्दैन। अहिले अमेरिकामा बसोबास गर्ने नेपालीले हत्ते गरेपछि उनी एकमहिने मनोरञ्जनात्मक कार्यक्रम लिएर त्यता जाँदैछन्। दीपक भन्छन्– 'अहिले बुबा खुसी हुनुहुन्छ। श्रीमतीका दुःख सकिएका छन्। छोराछोरी राम्रो स्कुल-कलेजमा पढ्दैछन्। उनीहरूका सपना पूरा गर्न सक्ने भएको छु।'

## दीपा र दीपक

**पृष्ठ १ बाट जारी**

घरमा उहाँ मेरो श्रीमान् बन्न सक्नुहुन्छ कि हुन्न त्यो मेरा लागि महत्त्वपूर्ण हुन्छ।' विवाह गरेको २० वर्ष भैसकेकाले यस्ता सानातिना कुरामा ध्यान दिन छाडेको बताउँदै ३६ वर्षीया मेनुका गिरी भन्छिन्, 'म गाउँले संस्कृतिमा भिजेकी महिला हुँ। मलाई आफू पतिव्रता हुनुपर्छ भन्ने कुरा मात्र थाहा छ।'

दीपकले पाएको सफलतासँगै बजारमा आएका विभिन्न हल्लाका सम्बन्धमा दीपक के भन्छन् त ? 'म अझै योङ् छु। म अरूजस्तो श्रीमतीका अघि एक थोक भन्ने र बाहिर अर्को थोक गर्ने काम गर्दिनँ।' दीपकले चियाको अन्तिम सुर्को लिएर भने– 'हरेक लोग्नेमानिसको घरमा ऐश्वर्य राय भए पनि उसलाई बाहिर विपासा बसु चाहिन्छ। म पनि ती लोग्नेमानिसभन्दा फरक छैन। सफल लोग्नेमानिसको बाहिरी सम्बन्धलाई उनी ड्राइभिङसँग तुलना गर्दै भन्छन्, 'सबैलाई थाहा छ, रक्सी खाएर ड्राइभिङ गर्नु हुँदैन, तर पनि मानिसहरू रक्सी खाएर ड्राइभिङ गर्छन् र ट्राफिक प्रहरीबाट लाइसेन्स खोसाउँछन्, जरिवाना तिर्छन्। म पनि रक्सी खाएर ड्राइभिङ गर्छु, तर ट्राफिक प्रहरीबाट बच्दै आएको छु।'



# जटिल रहेन इन्जिनियरिङको अध्ययन

इन्जिनियरिङमा तीनवर्षे कोर्स पूरा गरी डिप्लोमा उत्तीर्ण गरेकाहरूलाई साधारण भाषामा ओभरसियर भनिन्छ। एसएलसी उत्तीर्ण गरेपश्चात् यो कोर्षका लागि आवेदन दिन सकिन्छ। एसएलसीपश्चात विज्ञान विषयमा प्लस टु अथवा आईएस्सी गरेका र स्वयं ओभरसियर उत्तीर्णहरू पनि इन्जिनियरिङका लागि आवेदन दिन सक्छन्। ओभरसियर उत्तीर्ण गरेकाहरू, आईएस्सीमा भौतिक विज्ञान लिएकाहरू तथा जीव विज्ञान लिएकाले पनि ऐच्छिक विषयका रूपमा गणित लिएका छन् भने यो विषय पढ्न आवेदन दिन सक्छन्। विज्ञानमा प्लस टु उत्तीर्णहरू यसका लागि योग्य हुने नै भए। त्यसपछि आईएस्सी अथवा प्लस टुको कोर्सको अंग्रेजी, गणित, भौतिक विज्ञान र रसायन विज्ञानमा प्रवेश परीक्षा लिइन्छ। यही प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा विभिन्न क्याम्पसमा भर्नाका लागि छनौट गरिन्छ।



इन्जिनियरिङमा स्नातक तहको अध्यापन हुने सबैभन्दा प्रतिष्ठित र पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय हो। प्रवेश परीक्षाका लागि आवेदन दिएकाहरूमध्येबाट योग्यताक्रमअनुसार भर्नाका लागि छनौट गरिन्छ। यो विश्वविद्यालयअन्तर्गतका पुल्चोक क्याम्पस ललितपुर, पश्चिमाञ्चल क्याम्पस पोखरा, पूर्वाञ्चल क्याम्पस धरानमा स्नातक तहमा भर्ना लिइन्छ। यी क्याम्पसहरूमा दुई प्रक्रियाबाट स्नातक तह अध्ययन गर्न सकिन्छ। पहिलो कम शुल्कको नियमित र दोस्रो अतिरिक्त शुल्कसहितको पूर्ण शुल्कीय कार्यक्रम, जसअनुसार प्रवेश परीक्षामा उत्कृष्ट स्थान ल्याउनेहरू नियमितमा छनौट हुन्छन्। त्यसपछिका स्थान प्राप्त गर्नेहरू पूर्ण शुल्कीयमा भर्ना हुन सक्छन्।

यी क्याम्पसमा भर्ना भएमा नियमिततर्फका विद्यार्थीले सुरुमा ६ हजार ६ सय ६ रुपैयाँ र पूर्ण शुल्कीयमा सिभिल, आर्किटेक्चर, मेकानिकल तथा इलेक्ट्रिकलमा ७१ हजार ५ सय ९० रुपैयाँ र इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर र इन्डस्ट्रियलमा ७५ हजार ३ सय ४० रुपैयाँ बुझाउनुपर्छ। यसमा पहिलो ६ महिनाको शुल्कसमेत समावेश छ। नियमिततर्फ प्रतिसेमेस्टर १ हजार ७ सय ६ रुपया शुल्क तिर्नुपर्छ भने पूर्ण शुल्कीयमा सिभिल, आर्किटेक्चर, मेकानिकल र इलेक्ट्रिकलमा प्रतिसेमेस्टर २९ हजार ७ सय ९० र इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर र इन्डस्ट्रियलमा ३३ हजार ५ सय ४० रुपैयाँ बुझाउनुपर्छ। नियमिततर्फका विद्यार्थीलाई स्नातक सिध्याउन २ देखि ३ लाखसम्म खर्च लाग्छ भने पूर्ण शुल्कीय तर्फका विद्यार्थीलाई ६ लाखभन्दा बढी खर्च लाग्छ।

त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेर केही कलेजले इन्जिनियरिङका कक्षा चलाइरहेका छन्। त्रिभुवन विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजले पनि यी कक्षाहरू सञ्चालन गरेका छन्। काठमाडौं विश्वविद्यालयले आफैं यी कक्षा सञ्चालन गरेको छ। पहिले सिभिल, इलेक्ट्रिकल, मेकानिकलजस्ता पुराना विषय मात्र पढाइ हुने गरेकोमा अहिले नयाँ-नयाँ विषयहरू भित्रिएका छन्। हाल आईटी, कम्प्युटर, सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसनजस्ता विषय पनि नेपालमै अध्यापन हुन्छ। पहिले त्रिभुवन विश्वविद्यालयमा मात्र भर पर्नुपर्ने अवस्थामा यो विषय पढ्न चाहने विद्यार्थीहरू अवसरको अभावमा पढ्नबाट वञ्चित हुन पर्थ्यो, तर अहिले केही महँगो भए पनि विद्यार्थीले चाहे यो विषय पढ्नबाट वञ्चित नहुने अवस्था छ। शुल्क भने विषय अनुसारफरक फरक छ।

काठमाडौं इन्जिनियरिङ कलेजमा ५ वर्षे आर्किटेक्चर कोर्स सिध्याउन ४ लाख शुल्क लाग्छ भने अन्य सिभिल, कम्प्युटर, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसनका लागि ३ लाख १५ हजार शुल्क तिर्नु पर्छ। हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेजका सबै विषयका लागि जम्मा ३ लाख ८० हजार शुल्क तिर्नुपर्छ। नेपाल इन्जिनियरिङ कलेजमा आर्किटेक्चरका लागि ४ लाख ४१ हजार र अन्य कोर्सका लागि ३ लाख ६१ हजार शुल्क लाग्छ। यस प्रकार कुनै पनि कोर्स सिध्याउन ४ लाखको हाराहारीमा शुल्क लाग्छ। यसबाहेक कलेजहरूमा विभिन्न प्रकारका छात्रवृत्ति पनि उपलब्ध छन्। त्रिभुवन विश्वविद्यालयको नियमित शुल्कको तुलनामा यो केही महँगो नै हो तर पनि पढाइ र सञ्चालन खर्चका अगाडि यो सामान्य भएको सञ्चालकहरू बताउँछन्।

–एकराज सुवेदी

## त्रिभुवन विश्वविद्यालय

**एड्भान्सड कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्ट**

| | |
|---|---|
| सिभिल | ८० |
| कम्प्युटर | १०६ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ८० |

**हिमालयन इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| कम्प्युटर | ६६ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |

**पुल्चोक क्याम्पस**

| | |
|---|---|
| सिभिल | १४४ |
| कम्प्युटर | ४८ |
| इलेक्ट्रिकल | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |
| मेकानिकल | ४८ |
| आर्किटेक्चर | ४८ |

**कान्तिपुर इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ८८ |
| कम्प्युटर | १३२ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ८८ |

**काठमाडौं इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | १२१ |
| कम्प्युटर | ८८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | १३२ |
| आर्किटेक्चर | ५५ |
| इलेक्ट्रिकल | ४४ |

**नेसनल कलेज अफ इन्जिनियरिङ**

| | |
|---|---|
| कम्प्युटर | ५३ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ५३ |

**पश्चिमाञ्चल क्याम्पस, पोखरा**

| | |
|---|---|
| सिभिल | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |

**पूर्वाञ्चल क्याम्पस, धरान**

| | |
|---|---|
| सिभिल | २४ |
| कृषि | २४ |

**थापाथली क्याम्पस**

| | |
|---|---|
| इन्डस्ट्रियल | ४८ |

**काठफर्ड इन्टरनेसनल कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्ट**

| | |
|---|---|
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |
| कम्प्युटर | ४८ |

**जनकपुर इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |
| कम्प्युटर | ४८ |

## काठमाडौं विश्वविद्यालय

**काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङ**

| | |
|---|---|
| मेकानिकल | २४ |
| इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स | ४८ |
| कम्प्युटर | ४८ |

## पोखरा विश्वविद्यालय

**एपेक्स कलेज**

| | |
|---|---|
| कम्प्युटर | ९६ |

**कसमस कलेज अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजी**

| | |
|---|---|
| आईटी | ४८ |
| कम्प्युटर | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |

**एभरेस्ट इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| आईटी | ९६ |
| कम्प्युटर | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४८ |

**गण्डकी कलेज अफ इन्जिनियरिङ**

| | |
|---|---|
| सफ्टवेयर इन्जिनियरिङ | ४२ |

**नेसनल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी**

| | |
|---|---|
| कम्प्युटर | ४० |

**नेपाल कलेज अफ इन्फर्मेसन टेक्नोलोजी**

| | |
|---|---|
| बिई इन आईटी | ६० |
| कम्प्युटर | १२० |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | १२० |
| सफ्टवेयर इन्जिनियरिङ | ६० |

**नेपाल इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ४८ |
| इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स | ९६ |
| कम्प्युटर | ४८ |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ९६ |
| आर्किटेक्चर | ४८ |

**पोखरा इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ४० |
| कम्प्युटर | ४० |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४० |

## पूर्वाञ्चल विश्वविद्यालय

**एक्मी इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ६० |
| कम्प्युटर | ६० |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४० |

**कलेज अफ इन्फोर्मेसन टेक्नोलोजी एन्ड इन्जिनियरिङ**

| | |
|---|---|
| कम्प्युटर | ४० |

**इस्टर्न कलेज अफ इन्जिनियरिङ**

| | |
|---|---|
| सिभिल | ३० |
| कम्प्युटर | ४० |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ३० |

**हिमालयन ह्वाइटहाउस इन्टरनेसनल कलेज**

| | |
|---|---|
| कम्प्युटर | ४० |
| इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | ४० |
| आईटी | ४० |

**कान्तिपुर सिटी कलेज**

| | |
|---|---|
| कम्प्युटर | ४० |

**ख्वप इन्जिनियरिङ कलेज**

| | |
|---|---|
| सिभिल | ४० |
| आर्किटेक्चर | २० |
| कम्प्युटर | २० |

## अवसर

- काठमाडौंस्थित एक कम्पनीका लागि अंग्रेजी भाषा तथा कम्प्युटरमा दक्ष एक जना अफिस सेक्रेटरी/रिसेप्सनिस्टको आवश्यकता छ। न्यूनतम प्लस टु उत्तीर्ण गरेका व्यक्तिले आफ्नो व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर २४२५ काठमाडौंमा आवेदन दिनुहोला।
- काठमाडौंस्थित एक कम्पनीका लागि एमबीए अथवा एमबीएस उत्तीर्ण गरेर सम्बन्धित विषयमा न्यूनतम् तीन वर्षको अनुभव प्राप्त एक जना सिईओ, स्नातक तह उत्तीर्ण गरेर व्यवस्थापनको क्षेत्रमा न्यूनतम एक वर्षको अनुभव प्राप्त एक जना म्यानेजर, बीई, बीबीएस वा बीबीए उत्तीर्ण गरेर मार्केटिङ फिल्डमा न्यूनतम दुई वर्षको अनुभव प्राप्त केही मार्केटिङ एक्जुकेटिभ, बीबीएस अथवा बीकम उत्तीर्ण गरेर न्यूनतम तीन वर्षको अनुभव प्राप्त एक जना एकाउन्टेन्ट, डिप्लोमा कम्प्युटर तथा प्रमाणपत्र तह उत्तीर्ण गरेर कम्प्युटरसम्बन्धी राम्रो ज्ञान भएको, न्यूनतम दुई वर्षको अनुभव र अंग्रेजी भाषाको ज्ञान भएको एक जना कम्प्युटर अपरेटरको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर २४८९२ काठमाडौंमा आवेदन दिनुहोला।
- काठमाडौंस्थित एक स्टिल फेब्रिकेसन कम्पनीका लागि एक जना मेकानिकल ओभरसियर तथा मार्केटिङमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त एक जना मार्केटिङ एक्जुकेटिभको आवश्यकता छ। इच्छुक व्यक्तिले मोबाइल नम्बर ९८५१००६७७३ मा सम्पर्क राख्नुहोला।
- ललितपुरस्थित एक विद्यालयको प्राथमिक तहका लागि ग्रेड शिक्षिकाको आवश्यकता छ। अंग्रेजी भाषामा दक्षहरूले विद्यालयको फोन नम्बर ५५३२८५४ मा सम्पर्क राख्नुहोला।
- दुर्गम क्षेत्रमा कार्यरत ब्रिटिसहरूको सहयोगमा सञ्चालित एक गैरसरकारी संस्थाका लागि एक जना सीएमएको आवश्यकता छ। सीएमए उत्तीर्ण गरी न्यूनतम दुई वर्षको अनुभव प्राप्त व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर १९६२३ काठमाडौंमा आवेदन दिनुहोला।

# माघ १५ गतेदेखि क्यान इन्फोटेक

**साप्ताहिक समाचार**

क्यान इन्फोटेकको १४ औं संस्करण आगामी माघ १५ गतेदेखि २० गतेसम्म हुने भएको छ। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले आयोजना गर्ने क्यान इन्फोटेकमा पछिल्लो अवधिमा सार्वजनिक भएका प्रविधिहरूका बारेमा अवलोकनकर्ताहरूले जानकारी पाउनेछन्। 'सूचना तथा सञ्चार प्रविधिका बारेमा सर्वसाधारणलाई विस्तृत जानकारी दिनु नै इन्फोटेकको मूल उद्देश्य हो,' क्यानका अध्यक्ष विप्लवमान सिंहले साप्ताहिकसँग भने- 'अहिलेको समयमा हरेक क्षेत्रसँग प्रविधि जोडिएको छ र प्रविधिको क्षेत्रमा भएका विकासका सम्बन्धमा एउटै थलोमा जानकारी आदान-प्रदान गर्न इन्फोटेकको आवश्यकता अपरिहार्य हुँदै गएको छ।'

क्यान इन्फोटेकको यस पटकको संस्करणमा पनि विभिन्न नयाँ प्रविधिहरू सार्वजनिक हुने अध्यक्ष सिंह बताउँछन्। कम्प्युटरदेखि मोबाइलसम्मका विभिन्न हार्डवेयर तथा सफ्टवेयर उत्पादन क्यान इन्फोटेकका आकर्षण हुनेछन्। पहिलो वर्ष करिब २ हजार ८ सय दर्शकले अवलोकन गरेको क्यान इन्फोटेकमा गत वर्ष ३ लाख दर्शकले अवलोकन गरेका थिए। यसपटक ३ लाख ५० हजार दर्शकले मेला अवलोकन गर्ने अपेक्षा क्यानले राखेको छ। मेलामा २ सय ५० वटा स्टल रहनेछन्।

क्यानले यो वर्षदेखि इन्फोटेकको व्यवस्थापनको जिम्मेवारी डाइरेक्सन नेपाल प्रा.लि.लाई हस्तान्तरण गरेको छ। यसअघि आयोजनाको जिम्मेवारी सबै क्यानले लिँदै आएको थियो। डाइरेक्सन नेपालका निर्देशक दीपक थापाका अनुसार क्यान इन्फोटेकमा स्टल राख्न चाहनेहरूका लागि मंसिर २ गतेदेखि स्टल बुकिङ खुल्ला भैसकेको छ। यस पटकको इन्फोटेकमा नेपाली कम्पनीहरूका अतिरिक्त भारतका ११ वटा कम्पनीले पनि स्टल राख्ने भएका छन्। यसबाहेक जापान, चीन, कोरिया आदि मुलुकले पनि सहभागिता जनाउने क्यानले बताएको छ।

**आईसीटी कन्फरेन्स**

क्यान इन्फोटेककै अवसर पारेर माघ १८ र १९ गते अन्तर्राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि सम्मेलन आयोजित गरिनेछ। यो वर्षको सम्मेलन सूचना तथा संचार प्रविधिको विस्तार एवं विकासलाई अझै महत्त्व दिनुपर्छ भन्ने विषयमा केन्द्रित रहने सम्मेलन संयोजक पंकज जलानले बताए। संयोजक जलानका अनुसार नेपाली परिप्रेक्ष्यमा सूचना तथा सञ्चार प्रविधिमा अधिकतम जनताको सहभागिता होस् र नेपाली प्रविधिको स्तरवृद्धिमा समेत योगदान पुगोस् भन्ने उद्देश्य यो सम्मेलनको छ। सम्मेलनमा इफेक्टिभ कम्युनिकेसन्स, बिजनेश मार्केट, आईसीटी विकासका लागि सरकारको भूमिका, आईसीटी युजर इन फाइनान्स (इ-बैंकिङ), दक्ष आईसीटी म्यानपावरको माग, आउटसोर्सिङका सम्भावना र साइबर सेक्युरिटी शीर्षकमा सूचना प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नेछन्।

सम्मेलनमा पहिलो पटक भिडियो कन्फरेन्सको माध्यमबाट विदेशी विज्ञहरूले विदेशबाटै प्रत्यक्ष कार्यपत्र प्रस्तुत गर्ने तयारी पनि भैरहेको छ। क्यानको अमेरिका शाखाले ८ जना सूचना प्रविधिविज्ञलाई नेपाल पठाउने पनि निश्चित भएको जलान बताउँछन्। सम्मेलनमा अमेरिका, भारत, न्युजिल्यान्ड, कोरिया, जापान तथा चीनका विज्ञहरूको सहभागिता रहनेछ। करिब ७ सय जनाले सहभागिता जनाउने सम्मेलनमा विद्यार्थीहरूका लागि विशेष सहुलियत दरमा प्रवेश शुल्क निर्धारण गरिएको जलानले बताए।

**इन्फोटेकका लागि बेबसाइट**

यसपटक क्यानले इन्फोटेकलाई नै लक्षित गरेर वेब डोमेन www.caninfotech2008.com तयार गरेको छ। यो वेबसाइटमार्फत पनि स्टल बुकिङ गर्न सकिने क्यानले जनाएको छ। इन्फोटेकका बारेमा विस्तृत जानकारी लिन चाहनेहरूले यो बेबसाइटमार्फत सबै जानकारी पाउनेछन्।

# जस्तो पर्सनालिटी त्यस्तै मेल आइडी



विद्युतीय हुलाक (इमेल) प्रयोग गर्नेहरू करोडौंको संख्यामा छन्। नेपालमा पनि इन्टरनेटको सहज पहुँच र सुलभ मूल्य अनि बढ्दै गएको कम्प्युटरसम्बन्धी ज्ञानका कारण इमेल प्रयोग गर्नेहरूको संख्या (सहरी क्षेत्रमा) ह्वात्तै बढेको छ। अमेरिका पढ्न गएका दाजुसँग होस् या खाडीमा कमाइ गर्न गएका पतिसँग हालखबर र सन्चो बिसन्चोको जानकारी इमेल अनि भ्वाइस च्याटबाट लिने क्रम बढिरहेको छ। त्यसो त डेटिङ वेबसाइटलाई रोमान्स गर्ने स्थल बनाएको सहरी पुस्ता इमेल प्रयोगमा त चुक्ने कुरै भएन।

एमएसएन, गुगलटक, याहु मेसेन्जरजस्ता वेबसाइटमा गएर च्याट गर्न पनि मेल आइडीको आवश्यकता पर्ने भएकाले विभिन्न थरीका निःशुल्क सेवा प्रदायकबाट इमेल लिनेहरूको संख्या ठूलो होइन, विशाल भएको छ। विज्ञापन तथा सर्च इन्जिनको कामसमेत गर्ने विभिन्न कम्पनीहरूले धेरैभन्दा धेरै इन्टरनेट प्रयोगकर्तालाई आकर्षित गर्न बढीभन्दा बढी वेब स्पेस दिने प्रतिस्पर्धासमेत छ। कसैले एउटा मेल आइडीमा एक जीबीको स्पेस दिएका छन् त कसैले पाँच जीबीको। यस्ता वेबसाइटबाट प्राप्त हुने निःशुल्क मेल सुविधा लिनेहरूको इमेल आइडीमा @ पछाडि सेवा प्रदायक कम्पनीको नाम अनि डट कम हुने गरेको छ।

यस्तोमा निशुल्क मेल सुविधा लिनेले मेल आइडीमा @ भन्दा अगाडिको भागमा मात्र आफ्नो नाम (परिचय) राख्न पाउँछ त्यो पनि अगाडीको सँग मेल नखाएको बेलामा। @ पछाडि आफूले कुनै परिवर्तन गर्न नपाउने भएकाले इमेल चलाउँदा स्वतः सेवा प्रदायकको विज्ञापन भैरहेको हुन्छ जसले उसको ब्रान्डलाई स्थापित गर्न मद्दत पुग्छ। तपाईं हाम्रो इमेल आइडीमा पछाडि झुन्डिएको हुन्छ @ जिमेल/याहु/हटमेल/ रेडिफमेल अथवा कुनै मेल अनि डटकम। हामीमध्ये कोही हटमेल, कोही जिमेलका प्रयोगकर्ता रहेको कुरा @ भन्दा पछिल्लो शब्दले जानकारी दिइरहेको हुन्छ। निःशुल्क इमेल सेवा दिइरहेका कम्पनीबीचको प्रतिस्पर्धाका कारण इमेल एकाउन्टमा समेत छान्न पाउने अप्सनहरू प्राप्त हुन थालेका छन्।

पछिल्लो समयमा एमएसएनले कुलहटमेल डटकममार्फत प्रयोगकर्ताहरूलाई आफ्नो रुचि र इच्छाअनुसारको इमेल आइडी क्रिएट गर्ने अवसर दिन थालेको छ। कुल हटमेलबाट आफू बस्ने सहर, रुचि, मनपर्ने कलाकारजस्ता पाँच अप्सनबाट आफूलाई मनपर्ने आइडी पाउन सकिन्छ, जसले व्यक्तित्वसमेत झल्काउँछ। यो सेवा भारत केन्द्रित भएका कारण सहरहरू, कलाकारहरू भारतका छन् भने अन्य अप्सनहरू ग्लोबल नै छन्।

आफ्नो इमेललाई आफ्नो सहरको नाममा राख्न चाहनेहरूले यो सेवामार्फत आफ्नो आईडीमा @ पछाडि saddidillibindas. mobi, dillimanch.co.in, delhi4u.in, dillidilwaloki.co.in राख्न सक्छन्। त्यसो त आफूलाई मन पर्ने ख्यातिप्राप्त कुनै भारतीय अभिनेता जसको तपाईं फ्यान हुनुहुन्छ उसको नामलाई पनि आफ्नो मेलआइडीमा राख्न सक्नुहुन्छ। यदि तपाईं अमिताभ बच्चनको फ्यान हो भने आफ्नो आइडीमा @ पछाडि clubamitabh.com अथवा ऐश्वर्याको फ्यान हो भने clubabhishek.com वा clubaishwarya.in राख्न सक्नुहुन्छ।

अहिले आफूलाई 'कुल' तथा 'हट' मान्नेहरूको संख्या पनि धेरै नै छ। अधिकांश युवा आफूलाई हट वा कुल मान्छन्। यदि तपाईंलाई आफू हट छु जस्तो लाग्छ भने आफ्नो आईडीमा @ पछाडि iamhot.in राख्न सक्नुहुन्छ। त्यसो त iamsizzling.com पनि छनौटमा पर्न सक्छ। आफू विवाहित वा अविवाहित भएको पनि मेल आइडीबाटै जानकारी गराउन सकिन्छ। यदि विवाहित हुनुहुन्छ भने आफ्नो आइडीमा iammarried.in र अविवाहित हुनुहुन्छ भने iamsingle.in राख्न सक्नुहुन्छ। जसले गर्दा साथीभाइ तथा अरूले मेलआइडीबाटै तपाईं कस्तो पर्सनालिटी भएको मानिस हो थाहा पाओस्। खेल, परिकार तथा ड्रिङ्कसलाई लिएर केही यस्ता फन्नी अप्सनहरू छन्, जसबाट आइडी पनि बनाउन सकिन्छ। यदि कोही योग मन पराउँछ भने उसले आफ्नो मेल आइडीमा @ पछाडि iloveyoga.in राख्न सक्छ अथवा iloveshuttle.com पनि रोजाइ हुन सक्छ।

आफूलाई सहर, कलाकार, खेल, परिकारजस्ता कुराहरूबाट मुक्त राखेर जिमेल, याहुभन्दा पृथक् खालको मेलआइडी बनाउन चाहनुहुन्छ भने पनि कुलहटमेलमा तपाईंलाई पनि मौका छ। आफ्नो मेलमा २ पछाडि apunkaid.com, charsaubees.com, koolmail.co.in, individuality.in मध्ये कुनै एक राख्न सकिन्छ। तपाईंको खोज साथीभाइको भन्दा पृथक् खालको मेलआइडीको हो भने विकल्प दिइएको छ– एमएसएन हटमेलले कुलहटमेल डट कममार्फत। जहाँ तपाईंले फ्रि-मेलमा पाँच जीबीको स्पेस त पाउनुहुने नै छ त्यसमाथि आफ्नो इच्छा र व्यक्तित्वअनुसारको मेलआईडी बनाउने अवसर पनि। इमेल चलाउनेहरूका लागि आफ्नो मेलआइडी बनाउँदा कुन डटकम राख्ने भन्ने विषयमा धेरै छनौट र मेलआइडीमा नै आफ्नो पर्सनालिटी देखाउने दुवै अवसर छ। त्यसैले अब आफ्नो साथीको मेलआइडीबाटै पत्ता लगाउन सकिन्छ– ऊ कस्तो खालको मानिस हो ?

**–मदनमणि अधिकारी**

# हिलियम-३ का लागि चन्द्रमामा प्रतिस्पर्धा

चन्द्रमामा पाइला टेक्ने मानिसको सपना त पूरा भैसकेको छ तर चन्द्र अभियान जारी नै छ। यो होडबाजीमा अमेरिका, चीन, भारत, रूस, मलेसियासमेतले ठूलो लगानीगरिरहेका छन्। आखिर किन ? यो चन्द्रमामा पाइने अत्यन्त महँगो इन्धन हिलियम-३ प्राप्तिका लागि तँछाडमछाड हो। तीन वर्षअघि अमेरिकाले, त्यसपछि चीन, भारत र मलेसियाले चन्द्रमामा यान पठाउने घोषणा गरे। चीनले चन्द्रमालाई नजिकबाट नियालिसकेको छ। हालसम्म अमेरिका, रूस र चीन मात्रै अन्तरिक्षमा मानिस पठाउन सफल भएका छन्।

भारत सन् २०१२ मा पहिलो चन्द्रयान उडाउने दाउमा छ। चन्द्रमामा मानिस उतार्ने काम जटिल मानिन्छ। यो होडमा अघि देखिएको चीनको अन्तरिक्ष एजेन्सी चाइना नेसनल स्पेस एडमिनिस्ट्रेसनका प्रमुख सुन लेइयन भन्छन्– हामी यसै वर्ष चन्द्रमाको कक्षमा मानवरहित यान पठाउनेछौं, त्यसपछि मानिससहितको। तेस्रो कदम चन्द्रसतहको नमुना पृथ्वीमा ल्याउनु हुनेछ।

यी सबै मिसन मानवरहित नै हुनेछन्। मलेसिया पनि चन्द्रअभियानमा हतारिएको छ र त्यसका लागि उसले सन् २०२० सम्म साढे दुई अर्ब अमेरिकी डलर लगानी गर्ने योजना बनाएको छ। यसका लागि मलेसियाले रूसको सहयोग लिनेछ। चन्द्रमामा रहेको हिलियम-३ बारे राम्रो जानकारी राख्ने अमेरिकाले सन् २०२० सम्ममा दोस्रो पटक मानिससहितको यान चन्द्रमामा उतार्ने योजना सार्वजनिक गरेको छ। सन् १९६९ देखि १९७२ सम्म १२ अन्तरिक्षयात्री चन्द्रमामा पुगेका थिए। सन् २०१२ सम्म अमेरिकाले चन्द्रमामा दोस्रो पटक मानिस पठाउन नयाँ यान बनाइसक्ने घोषणा गरेको छ।

अन्तरिक्षमा जाने पहिलो भारतीय राकेश शर्मा हिलियम-३ लाई भविष्यको इन्धन भन्न रुचाउँछन्। शर्मा भन्छन्– अन्टार्कटिकामा गरेको लगानीको फाइदा बल्ल आउन थालेको छ, चन्द्रमामा लगानी गर्न पनि हिचकिचाउनु हुँदैन, भोलिको पुस्ताले त्यसबाट मनग्गे लाभ लिन सक्छ। हिलियम-३ प्रति आकर्षण बढे पनि यसलाई पृथ्वीसम्म ल्याउन प्रविधिको विकास गर्न भने बाँकी नै छ।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासामा कार्यरत भारतीय मूलका वैज्ञानिक अमिताभ घोष भन्छन्– चन्द्रमाको सतह, त्यहाँ रहेको हिलियमको मात्रा, हिलियम निकाल्ने प्रक्रिया, चन्द्रमा जाने र फर्कने सस्तो प्रविधि एवं चन्द्रमाको गुरुत्वाकर्षणमा कार्य गर्ने रोबोट निर्माण, मानिस बस्नका निम्ति उपयुक्त भवन बनाउने आदि काम निकै खर्चिलो हुनेछ। यसै कारण पनि सबै देशले हिलियम-३ का लागि लगानी गर्न सक्दैनन्। चीन, भारत, मलेसियाले चन्द्रमाप्रति देखाएको चासोले आर्थिक जगत्मा यी देशले हासिल गरेको सफलता पनि झल्किएको छ।



## परमाणु ऊर्जा र चन्द्रमा

पृथ्वीको ऊर्जा समस्या समाधान गर्न चन्द्रमा सहयोगी हुनसक्ने कुरामा वैज्ञानिकहरूले बताएका छन्। वैज्ञानिकहरूले चन्द्रमामा पाइएको नयाँ लवणलाई सशक्त स्रोतका रूपमा लिएका छन्। दशकौंपछि मात्र यो सम्भव भए पनि चन्द्रविद्हरूले यसलाई भविष्यको उर्जाका रूपमा लिइरहेका छन्। चन्द्रमाको अन्वेषण गर्नु पृथ्वीको स्रोतको समस्या समाधान गर्नु हो, चीनको चन्द्र अन्वेषण कार्यक्रमका सल्लाहकार एवं प्राध्यापक क्युओ झाउलिन भन्छन्- परमाणु उर्जा सबैभन्दा आशलाग्दो रूप हो। सन् १९५० देखि नै वैज्ञानिकहरूले हिलियम-३ आइसोटोपको परमाणु ऊर्जाको सम्भावनाका सम्बन्धमा अध्ययन गरिरहेका छन्। पृथ्वीमा १५ टन मात्र रहेको हिलियम-३ चन्द्रमामा पर्याप्त मात्रामा छ। झाउलिनका अनुसार चन्द्रमामा हिलियम-३ दस लाखदेखि पचास लाख टनसम्म रहेको अनुमान छ। हिलियम-३ बाट परमाणु शक्ति लिने प्रक्रिया सुरु भएपछि चन्द्रमामा भएको यसको स्रोतले सम्पूर्ण पृथ्वीका लागि १० हजार वर्षसम्म विद्युत् आपूर्ति गर्न सक्नेछ।

## के हो हिलियम-३ ?

हिलियम-३ का सम्बन्धमा अमेरिकी एपोलो-१७ मिसनअन्तर्गत चन्द्रमा जाने एक मात्र भूगर्भशास्त्री डा. ह्यारिसन स्मिथ भन्छन्– चन्द्रमाबाट हिलियम-३ ल्याएर ऊर्जा निकाल्न सकिन्छ, अमेरिका २४ अर्ब डलर खर्चेर चन्द्रमामा पुग्यो। अमेरिकाले यो कार्यक्रमलाई निरन्तरता दिएको भए आज हामी निकै अघि बढिसकेका हुन्थ्यौं। डा. स्मिथका अनुसार हिलियम-३ बाट न्यूक्लियर फ्युजनमार्फत ठूलो ऊर्जा निकाल्न सकिन्छ। एक किलो हिलियम-३ ले त्यति नै ऊर्जा दिन्छ जति १० हजार टन पेट्रोलले प्रदान गर्छ। हिलियम थ्रीले निकै कम प्रदूषण गर्छ।

चन्द्रमामा यति धेरै हिलियम-३ छ कि यसबाट सयौं वर्षसम्म पृथ्वीमा ऊर्जाको आवश्यकता पूर्ति गर्न सकिन्छ। विस्कान्सिन मेडिकल विश्वविद्यालयका प्राध्यापक जेरी कुल्चिन्स्की लामो समयदेखि हिलियम-३ को अनुसन्धानमा लागेका छन्। उनी भन्छन्– चन्द्रमामा सुन हुन्थ्यो र त्यसलाई पृथ्वीमा ल्याउनुपरेको भए महँगो पर्न सक्थ्यो, तर हिलियम थ्री पृथ्वीमा ल्याउन फाइदाजनक नै हुनेछ। चन्द्रमाबाट ल्याइने वस्तुको प्रयोग विश्वभर समान रूपले हुने सुनिश्चितता अहिल्यै गर्नुपर्छ, अन्यथा यसले ठूलो युद्ध निम्त्याउन सक्छ, वैज्ञानिक डा. डेविड वार्ड भन्छन्– पृथ्वीमा सीमा तोकिएझैं चन्द्रमाबाट ल्याइने खनिजको उपयोगको बाँडफाँडका सम्बन्धमा पनि स्पष्ट हुनुपर्छ, नत्र यही निहुँमा विश्व ध्वस्त हुन सक्छ।

# साप्ताहिक



## मख्ख रेखा

अचेल रेखा थापा निकै फुरुङ्ग छिन् । उनी फुरुङ्ग हुनुको पछाडि एउटै कारण उनको नयाँ कार भने पक्कै होइन । कार त उनी पहिलेदेखि नै चढिरहेकी हुन् । यसपटक भने उनी आफ्नो लगानी नडुब्ने कुराले मख्ख परेकी हुन् । गत कात्तिक २४ गतेदेखि उपत्यकाबाहिरका चलचित्र भवनहरूमा प्रदर्शन आरम्भ गरिएको चलचित्र 'किस्मत'ले उनले निर्माण गरेको अघिल्लो वर्षको सफल चलचित्र 'हिम्मत'को व्यवसायलाई उछिनेको छ । रेखाकै भनाइमा 'अब म सेफ छु ।' पूर्वाञ्चलका दमक र बिर्तामोडमा उक्त चलचित्र हेर्न दर्शक ओइरिएको देखेर सिनेमाहल सञ्चालकहरू पनि अचम्भित भएको उनको कथन छ । 'हेटौंडामा पनि त्यस्तै भयो,' -उत्साहित स्वरमा मंगलबार साँझ उनले बताइन् । पोखरा र बुटवलमा पनि चलचित्रको आरम्भ सन्तोषजनक देखिएको छ । 'यही क्रम कायम रहने हो भने अब किस्मतलाई सुपरहिट भन्दा हुन्छ,' -उनको कथन थियो । भनेपछि केही दिनपछि उनी इस्टमित्रहरूलाई मिठाई बाँडिरहेकी हुनेछिन् ।

## बलिउड नायिकाको आइटम



बलिउडकी नायिका प्रीति झिंगियानीलाई चिन्नुहुन्छ ? यश चोपडाका चलचित्र 'मोहब्बतें', 'मेरे यारकी शादी हैं'का साथै दर्जनौं चलचित्रकी यी नायिका बलिउडका सुन्दर नायिकाहरूमध्ये एक मानिन्छन् । यी नायिकाले हालै एक नेपाली चलचित्रमा 'आइटम डान्स' गरेकी छिन् । आवारा पागल दिवाना, एलओसी कारगिल, ना तुम जानो ना हमजस्ता चलचित्रमा अभिनय गरेकी प्रीतिलाई नेपाली चलचित्रमा आइटम डान्स गराउने श्रेय पाएका छन्, निर्देशक दीपक रायमाझीले । चलचित्रको कथाअनुसार नायिका प्रीति झिंगियानी एक कार्यक्रमको सिलसिलामा नेपाल आएकी हुन्छिन् । चेतन सापकोटाको संगीत निर्देशनमा डिस्को संगीतमा तयार पारिएको गीत 'डन्ट लेट मि डाउन'मा प्रीतिलाई नचाइएको छ । विदेशी साइड डान्सरहरूका साथ प्रीतिको उक्त गीतको छायाँङ्कन मुम्बईकै एक स्टुडियोमा गरिएको निर्देशक रायमाझीले बताएका छन् । बलिउडकी यी नायिकाले हाम्रा निर्माता तथा निर्देशक रायमाझीबाट कति पारिश्रमिक पाइन् त ? 'साढे २ लाख भा.रु. । त्यसबाहेक छायाङ्कन खर्च बेग्लै भयो ।' -निर्देशक रायमाझीले बताए ।

## जलले छोरी पाइन्



अमेरिका भ्रमणमा गएका बेला उतै श्रीमान खोजेर घरजम गरेकी नायिका जल शाह रिमालले गत कात्तिक १९ गते छोरी जन्माएकी छिन् । तिहार प्रारम्भ हुनु दुई दिनअघि मात्र जलले छोरी पाएकी हुनाले रिमाल परिवारले तिहारसमेत मनाउन पाएन । अमेरिकामा लामो समयदेखि बस्दै आएका शरद रिमालसँग उनले गत वर्ष विवाह गरेकी थिइन् । चर्चित भारतीय टेलिश्रृङ्खला कसौटी जिन्दगीकामा मुख्य पात्र मिस्टर बजाजजस्तो जीवनसाथी खोज्ने बताउँदै आएकी जलले अन्ततः ४० नाघेका रिमाललाई रोजेकी थिइन् । रिमाल परिवारले नवजात शिशुको न्वारान पनि गरिसकेको छ, परिवार स्रोतका अनुसार छोरीको नाम 'कलश' राखिएको छ । त्यसो त परिवारले छोरीको अमेरिकी नाम पनि जुराएको छ, तर त्यो नाम भने अहिले सार्वजनिक नगर्ने उनीहरूले बताए ।

## आशा धेरै



एकै पटक सातवटा चलचित्र निर्माणको घोषणा गरी निर्माणकार्यमा जुटेका गोपीकृष्ण मुभिजका उज्ज्वल पौडेल पछिल्लो पटक भेटिँदा चिन्तित मुडमा थिए । यहाँ चलचित्र निर्माण गर्नुभन्दा चलाउन गाह्रो छ भन्ने तथ्य आफैं निर्माताका साथै वितरक तथा प्रदर्शक भएकाले उनले राम्रैसँग बुझेका छन् । सातवटामध्ये तीनवटा चलचित्रको निर्माणकार्य लगभग सकिएको छ । 'पर्खी बसें' प्रदर्शनको 'राइट टाइम' कुरेर बसेको छ । 'सुन्दर मेरो नाम' प्राविधिक कार्यको अन्तिम चरणमा पुगेको छ । 'जीवनमृत्यु'को छायाङ्कन सकियो । अब उनी सातवटामध्येको 'ड्रिम प्रोजेक्ट' मानिएको 'कुसुमे रुमाल'को छायाङ्कन सुरु गराउने सोचमा छन् । अहिले नेपाली चलचित्रले सफलताभन्दा असफलताको स्वाद चाख्दै गएको परिप्रेक्ष्यमा निकै सोचविचारपछि लगानी गरिएका आफ्ना चलचित्रले दर्शकको मन जित्ला वा नजित्ला भन्ने चिन्ता उनलाई परेको छ । किनकि उनले सातमध्ये पहिलो चलचित्र 'पर्खी बसें' बाट नयाँ जोडी राजबल्लभ र यमुना उप्रेतीलाई पर्दापण गर्दैछन् । दोस्रो चलचित्र 'सुन्दर मेरो नाम'मा उनले हास्य अभिनयमा ख्याति कमाएका दीपकराज गिरीलाई नायक लिएका छन् । 'जीवनमृत्यु' निकै भावुक चलचित्र बनेको छ । यीमध्ये उनी अहिले प्रदर्शनको सँघारमा रहेको 'पर्खी बसें'का जोडी चलुन् भन्ने कामना गरिरहेका छन् । उज्ज्वललाई नयाँ जोडीबाट दर्शकले नौलो स्वाद पाउनेछन् भन्ने लागेको छ ।

## निशाना लगाउँदै पोखरा



पोखरा- फूलैफूलले शोभायमान बगैचामा नृत्य निर्देशक वसन्त श्रेष्ठ नायक-नायिकालाई खुलेर नाच्न अन्हाउँदै थिए । फूलबारी रिसोर्टको रंगारंग बगैंचामा तम्तयार नायिकाद्वय नन्दिता केसी र स्नेहा शर्मा लोभलाग्दो पोखराको मौसमबाट दङ्गिँदै नृत्य गर्दा घरी-घरी झुक्किन्थे । ओहो स्वप्निल पोखराको दृश्यले अभिनय पनि बिसाईदियो, नवनायिका स्नेहा शर्माले भनिन्- 'पहिलो अनुभवमै यति राम्रो दृश्यमा अभिनय गर्न पाउँदा मन चंगा भएको छ ।'

सुरेशदर्पण पोखरेलद्वारा निर्देशित चलचित्र निशानाको छायांकनमा नायिकाहरू मात्र होइन, नायकद्वय निखिल उप्रेती र दिलीप रायमाझी पनि मख्ख देखिन्थे । कुनै पनि चलचित्रलाई सिंगार्न पोखराको दृश्य अनिवार्य हुन्छ, छायांकनका क्रममा नायक-नायिकालाई नृत्य सिकाउने क्रममै नृत्य निर्देशक श्रेष्ठले भने- 'पोखराको दृश्य समेटिएन भने नेपाली चलचित्र अधुरो हुन्छ ।'

खुलेको मौसम र लोभलाग्दा दृश्यलाई क्यामेरामा कैद गर्न यहाँ आइपुगेको चलचित्र युनिट छायांकनमा जुटेको छ । यसअघि सावधान बनाएका नायक निखिल उप्रेतीले निर्माण गरेको यो दोस्रो चलचित्र हो । अभिनयबाट निर्माणतर्फ पनि हात हालेका नायक उप्रेती भन्दै थिए- 'आफूले निर्माण गरेपछि बन्धनमा बाँधिएर काम गरिरहनु पर्दैन ।' चलचित्रमा राजेश हमाल, रेजिना उप्रेती तथा जयकिशन बस्नेतको पनि अभिनय छ ।

चलचित्र निशाना वर्तमान पुस्ताको यथार्थ चित्रणमा केन्द्रित छ । फिल्म कलेजमा तीन वर्षे स्नातक गरेर पहिलो पटक सेल्युलाइड चलचित्र निर्देशनको जिम्मेवारी पाएका पोखरेल भन्दै थिए- 'अहिलेको पुस्ताले जे खोजेको छ त्यस्तै मसला यो चलचित्रमा पाइनेछ ।' यो चलचित्र धनी बाबुका बेरोजगार दुई छोरा बिग्रिएका र पछि आफैं जिम्मेवारीबोध गरेको घटनामा केन्द्रित छ । सात वर्षदेखि सञ्चारक्षेत्रमा क्रियाशील पोखरेलले चलचित्रको पटकथा र संवाद पनि आफैं लेखेका हुन् । यसअघि उनले निखिलकै चलचित्र 'सावधान' मा मुख्य सहायक निर्देशकका रूपमा काम गरेका थिए । चलचित्र निशाना राजधानी, चितवनको नारायणी नदी पछि छायांकनका लागि यहाँ आइपुगेका थियो । हालै यो चलचित्रको छायाँङ्कन कार्य सकिएको छ ।

## असफल भए माओवादी विषयका चलचित्र



दसवर्षे जनयुद्ध बिसाएर शान्तिको राजनीतिमा फर्किएको नेकपा (माओवादी) ले सञ्चार तथा प्रचार-प्रसारमा आफ्नो उपस्थितिलाई तीव्रता दिएको छ । विशेषतः माओवादी समर्थित चलचित्र निर्माण तीव्रताका साथ अघि बढेको छ । कलिउड चलचित्र जगत नै धराशायी भैरहेका बेला झन्डै एक दर्जनजति माओवादी जनयुद्धमा आधारित चलचित्र निर्माणका क्रममा छन् । कतिपय माओवादी चलचित्र निर्माणकै चरणमा भए पनि दुई चलचित्र 'आवाज' र 'रक्तिम क्रान्ति' प्रदर्शनमा आइसकेका छन्, यद्यपि ती दुवै व्यावसायिक रुपले असफल सावित भए ।

असफल भए पनि ती चलचित्रले कलिउड चलचित्रजगतमा हलचल मच्चाए । दलबलको प्रयोग गरी प्रदर्शन गराएका कारण क्रान्तिकारी भनिएका चलचित्र कलिउडवृत्तमा चर्चित भएका हुन् ।

सनसनीपूर्ण जनयुद्धकाललाई नजिकबाट हेर्न चाहना बोकेका दर्शकलाई आवाज र 'रक्तिम क्रान्ति' ले वाक्क तुल्याएको एक दर्शकले बताए । त्यसो त यी चलचित्रले माओवादी जनयुद्धको यथार्थ चित्रण गर्न नसकेको माओवादी नेताहरू नै बताउँछन् । यी चलचित्र पूर्णतः भ्रामक छन् । माओवादी भ्रातृ संगठन अखिल नेपाल जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य खेम थपलिया भन्छन्- 'प्रदर्शनमा आएका यी चलचित्रलाई जनयुद्धको हिसाबले कथा, निर्माणकार्य, गुणस्तर, प्राविधिक पक्ष जुनसुकै कोणबाट हेरे पनि न त माओवादी चलचित्र भन्न सकिन्छ न त बनाउने नै माओवादी हुन् । आवाजका नवल खड्का तथा रक्तिम क्रान्तिका महेन्द्र मैनालीले माओवादीको नाममा बेमौसमी खेती गरेकै कारण उनीहरू चलचित्रसँगै 'फ्लप' भएका हुन् । चलचित्र फ्लप भएपछि माओवादीहरूले यसो भने पनि उनीहरू तिनै चलचित्र चलाउन किन हलमा जबरजस्ती गर्न पुगे भन्ने प्रश्नको जबाफ भने उनीहरूसँग छैन । आफ्नो राजनैतिक लडाइँमा आधारित चलचित्रप्रति आम जनताले चासो नदेखाएपछि माओवादीमा जनताबाट चलचित्र हलमा अस्वीकृत भएको पीडा पनि छ ।

यद्यपि उनीहरू भन्छन्- वास्तविक क्रान्तिकारी चलचित्र 'लालसलाम', 'जनयुद्ध' आदि छिट्टै बजारमा आउने तयारीमा छन् । यिनमा पार्टीकै लगानी छ, मेहनत छ, केन्द्रीय सदस्य थपलिया भन्छन्- 'यसमा जनुयुद्धकालका वास्तविक छापामारहरूले नै अभिनय गरेका छन् । जनयुद्धको वास्तविकतालाई प्रस्तुत गरिएका सहिद, नयाँ नेपाल र कानुन माओवादी समर्थित व्यावसायिक चलचित्र हुन्, जुन छिट्टै प्रदर्शनमा आउनेछन् ।' यद्यपि जनताले माओवादीका विषयमा आधारित चलचित्रलाई अस्वीकार गरेर अब आउने यस्तै चलचित्रको परिणाम कस्तो हुनेछ त्यसको संकेत दिइसकेका छन् ।

**–महेशकुमार सिलवाल**



फुर्सदको कुराकानी

# नेपालीहरूको मनमा बस्न चाहन्छु

स्वरमा निखार भएका अमित पल तेस्रो इन्डियन आइडलका उपविजेता। शिलाङ, मेघालयका २४ वर्षीय अमित एक कम्प्युटर सफ्टवेयर कम्पनीमा कार्यरत छन्। कन्सर्टका लागि पहिलो पटक धरान, झापा हुँदै पोखरा आइपुगेका अमित यहाँ युवायुवतीहरूको ढुकढुकी बन्न पुगे। उनको स्वरमा सबै नतमस्तक पनि भए। भद्र र भावुक स्वभावका अमितलाई थुप्रै प्रशंशकले अटोग्राफका लागि घेरा हाले, तर कलाकारको जिम्मा लिएका केही व्यक्तिले हस्तक्षेप गरेर अटोग्राफ लिन चाहनेहरूको चाहनामाथि कुठाराघात गरे। सञ्चारमाध्यमले अन्तर्वार्ता लिने क्रममा समेत उनीहरूले हस्तक्षेप गरे। उनीहरूको दबाबका बीच साप्ताहिकका पोखरा संवाददाता शिव शर्माले पोखरा ग्रान्ड होटल तथा पोखरा विमानस्थलमा अमितसँग गरेको कुराकानी :

**पहिलो पटक नेपालमा कार्यक्रम प्रस्तुत गर्न पाउँदा कस्तो महसुस भयो ?**

पहिलो कुरा त मलाई नेपालको अनुपम सौन्दर्यले मोहित तुल्यायो। नेपालीहरूको व्यवहार र कलाकारप्रति गरिने सम्मान अझ बढी राम्रो लाग्यो। नेपाली भूमिमा पहिलो पाइला राख्दा मलाई स्वर्गमै टेकेको आभास भयो। नेपाली दर्शकले मेरो गायन शैलीलाई मन पराएको देख्दा ममा हर्षको सीमा छैन। म एकदमै खुसी छु।

**यस्तो सद्भाव र माया पाउँछु भनेर सोच्नुभएको थियो ?**

मैले नेपालमा यतिसम्म माया पाउँछु भनेर सोचेको थिइनँ, तर नेपाली संगीतप्रेमीहरूले मप्रति सोचेभन्दा बढी माया दर्साउनुभयो। मलाई अहिले यो कुरा शब्दमा व्यक्त गर्न पनि कठिन भैरहेको छ। म नेपालीहरूप्रति आभारी छु।

**नेपालका प्रशंसकहरू कस्ता लागे ?**

मैले यो कुरा तपाईंलाई हृदयबाटै भनिरहेको छु– मलाई नेपाली प्रशंसकहरू आत्मीय र मायालु लागे। नेपालीहरूले मलाई जुन सम्मान दिए त्यसले मलाई नेपाल आइरहूँजस्तो भएको छ। मैले यस्तो सपनामा पनि सोचेको थिइनँ।

**तपाईंलाई इन्डियन आइडल नै बन्न नपाएकोमा पछुतो छैन ?**

त्यस्तो कुनै पछुतो बिलकुलै छैन। मसँग अति नै मिल्ने साथी प्रशान्त इन्डियन आइडल बनेकोमा मलाई गर्व छ। प्रशान्त तामाङ इन्डियन आइडल बन्दा जति नेपालीहरू खुशी भए त्यत्तिकै खुसी मलाई पनि लागेको छ। यसमा पछुतो मान्नुपर्ने केही छैन, मैले सबैबाट माया पाइरहेको छु।

**तर भारतभरि तपाईं नै इन्डियन आइडल हुने आशा राखिएको थियो भनिन्छ नि ?**

आशा राख्नु स्वाभाविक हो। मलाई माया गर्ने प्रशंसकहरूले त्यस्तो आशा राखे होलान्। यसलाई मैले उनीहरूले दिएको हौसला र प्रेरणा मानेको छु, तर मलाई प्रशान्त आइडल बनेर म उपविजेता बनेकोमा कुनै दुःख छैन। प्रशान्तको सफलतालाई मैले आफ्नै सफलता मानेको छु, किनकि प्रशान्त मेरो अति घनिष्ठ मित्र हो।

**तपाईंलाई नेपाली गीत-संगीत कत्तिको मन पर्छ ?**

इन्डियन आइडलका क्रममा प्रशान्तसँगको सामीप्यले नेपाली गीत-संगीतप्रतिको मोह हर्लक्कै बढ्यो। प्रशान्तसँग नेपाली भाषा सिक्ने मौका पनि पाएँ। त्यसो त मैले नेपाली चलचित्र 'दीपशिखा' का लागि दुईवटा गीत पनि गाइसकेको छु। मेरो कर्मथलो शिलाङमा पनि धेरै नेपाली छन्, मैले उनीहरूबाट पनि केही नेपाली सिक्ने मौका पाएको छु। म नेपाली गीत-संगीत मात्र होइन, नेपाली भाषा र संस्कृतिप्रति पनि त्यत्तिकै मोहित छु।

**भविष्यमा हिन्दीका अतिरिक्त नेपाली गीत पनि गाइरहनुहुन्छ ?**

निश्चित रूपमा म अब आउने दिनमा अझ बढी नेपाली गीत गाउनेछु। नेपाली गीत गाएर अझ बढी नेपालीहरूको मनमा बस्न चाहन्छु। मलाई नेपाली गीतमा लोकशैलीका गीतहरू त्यत्तिकै मन पर्छन्।

**इन्डियन आइडलमा उपविजेता बनेपछि कत्तिको व्यस्त हुनुपरेको छ ?**

अहिले व्यस्तताको कुरा गरेर साध्य छैन। अहिले घरपरिवारलाई अलिकति पनि समय निकाल्न पाएको छैन। फुर्सद निकाल्न नै गाह्रो भएको छ। देशबाहिरदेखि देशभरि कन्सर्टका लागि दौडधूप गर्नुपरिरहेको छ। विभिन्न कार्यक्रममा अतिथि हुनेदेखि अन्तर्वार्ताका लागि पनि समय जुटाउनुपर्छ। व्यस्तता बढ्नु राम्रै हो जस्तो लाग्छ तर अर्कातिर साथीभाइलाई समय दिन नपाउँदा भने केही दुःख लाग्छ।

**पहिले नेपालका बारेमा कत्तिको सुन्नुभएको थियो ?**

पहिलेदेखि नै सुन्दै आएको हुँ– नेपाल प्राकृतिक सम्पदा र विश्वकै अग्लो सगरमाथाको देश भनेर। पत्रपत्रिकाहरूमा पनि नेपालका बारेमा पढेको थिएँ, तर अहिले प्रत्यक्ष पाइला टेक्दा पढेको र सुनेको भन्दा पनि अझ सुन्दर लाग्यो।

**नेपाली भाषा बुझ्नुहुन्छ ?**

केही शब्दहरू त ख्याल गर्छु तर पूर्ण रूपमा बुझ्न सक्दिनँ। अहिले प्रशान्तसँग संगत बढेको छ। बिस्तारै अब बुझ्न र बोल्न सक्षम हुनेछु भन्ने लागेको छ।

**सेलिब्रेटी भएपछि युवतीहरूको फोन र प्रेमप्रस्ताव त खुब आउँछन् होला नि ?**

(हाँस्दै) तपाईंको गायकी मन पऱ्यो भनेर धेरैले फोन गर्छन्। यसो भन्दा मलाई खुसी लाग्छ। प्रेम-प्रस्ताव पनि नआउने हैनन्, तर म उनीहरूलाई मलाई भन्दा पनि मेरा गीतलाई माया गरिदिनुहोला भनेर सम्झाउँछु।

**तपाईंकी गर्लफ्रेन्ड छिन् ?**

मैले गर्लफ्रेन्ड बनाउनेतिर कहिल्यै ध्यान दिइनँ। स्कुल र कलेज लाइफमा अध्ययनतिरै ध्यान दिएँ। अहिले इन्डियन आइडलमा भाग लिएपछि कसरी राम्रो गाउने भनेर सोचिरहेको छु। पहिले केही गरेपछि मात्र मात्र त्यतातिर सोचौंला।

**पोखरामा नेपाली युवतीहरूले तपाईंलाई अटोग्राफका लागि निकै पछ्याए नि ?**

यो त उनीहरूले मेरो गला र कलालाई मन पराएको हो। मैले मेरो देशमा जतिकै माया यहाँ पाएँ, यसैमा मलाई खुसी लागेको छ।

**कुनै नेपाली युवतीले तपाईंलाई प्रेम-प्रस्ताव राखिन् भने के गर्नुहुन्छ ?**

(हँसिलो परामा गीत गाउँदै) मुसुमुसु हाँसिदेऊ न लैलै.. हा हा (लामो हाँसो.)

**अब नेपालपछि तपाईंको कन्सर्ट कहाँ हुँदैछ ?**

अब पोखरालगत्तै भारतको ग्वाहाटीमा कन्सर्ट छ। त्यसपछि विदेशतिर जानुपर्छ। अहिले गाउँदै हिंड्ने काम मात्र भैरहेको छ।

**भविष्यको लक्ष्य ?**

गीत-संगीतकै क्षेत्रमा नयाँ काम गर्नेछु। यही क्षेत्रलाई नै व्यावसायिक ढंगले अघि बढाउनेछु। गीत-संगीतबाहेक अरू केही सोचेको पनि छैन।

**नेपाल र नेपालीलाई के भन्नुहुन्छ ?**

मलाई नेपाली संगीतप्रेमीहरूले यति धेरै माया दिनुभयो कि त्यसले ममा नेपाल र नेपालीप्रति ठूलो सद्भाव र माया जागेर आएको छ। म फेरि पनि नेपाल आउनेछु।

**–शिव शर्मा**

# अमित र प्रशान्तमा झुम्यो पोखरा




तस्बिर : सुदर्शन रञ्जित

पोखरा- खुलेको मौसमसँगै आकर्षक तवरले सजाइएको मञ्चमा इन्डियन आइडल प्रशान्त तामाङ प्रकट हुने बित्तिकै दर्शकहरूले जोडदार हुटिङ गरे। प्रशान्तले आफूसँगै इन्डियन आइडलका उपविजेता अमित पललाई मञ्चमा बोलाए। प्रशान्तले देउसी गीत फलाके र अमितले देउसी रे भन्दै उनलाई साथ दिए। दिउँसोको ठिक दुई बजे प्रारम्भ भएको कार्यक्रम साँझ ५ बजेसम्म झुम्यो। देउसी-भैलो गीतपछि अमित पलले आफ्नो जोडदार प्रस्तुतिका रूपमा 'दिल क्या करे' प्रस्तुत गरे। पलको यो उत्कृष्ट प्रस्तुतिमा पोखरेली युवायुवतीहरू निकै रौसिएका थिए।


अमितले हिन्दी हिट नम्बर प्रस्तुत गर्दा नयाँबजारस्थित प्रदर्शन केन्द्रमा भेला भएका हजारौं दर्शक कम्मर मर्काउँदै नाचेका थिए। उनले एक दर्जन गीत प्रस्तुत गरे। तामाङ वेशभूषामा सजिएर मञ्चमा प्रस्तुत भएका प्रशान्तले सुरुमा चर्चित नेपाली गीत 'असारे महिनामा' गाए। उनले 'गोर्खालीको छोरो म' गाउँदा भने दर्शक उत्तेजित भए।

यहीँ गीतमा वान्स मोर पाइरहेका प्रशान्तले लगत्तै अर्को गीत गाउने तयारी गरिरहेकै बेला दर्शकको भीड अनियन्त्रित भएपछि केही क्षण कार्यक्रम रोकियो। भीडलाई नियन्त्रण गर्न सुरक्षाकर्मीले सामान्य लाठीचार्जसमेत गर्नुपरेको थियो। गीत गाइरहेका प्रशान्तले धैर्य रहन आग्रह गरेपछि दर्शक केही शान्त भएका थिए। प्रशान्तले पनि नेपाली र हिन्दी गरी एक दर्जन गीत प्रस्तुत गरे। १९७४ एडीको 'यो मन त मेरो नेपाली हो' गीत प्रशान्त र अमितले सँगै गाएपछि कार्यक्रमस्थल झुमेको थियो। कार्यक्रममा राजधानीबाट आएकी गायिका प्रीति कौर तथा स्थानीय गायक भाष्करध्वज श्रेष्ठ र श्यामसुङ तामाङले पनि दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे।

केही महिनाअघि यहाँ भएको प्रशान्त तामाङको लाइभ कन्सर्टमा टिकट महँगो भएका कारण दर्शक सोचेजति उपस्थित नरहे पनि यस पटक भने दोब्बर अर्थात् करिब १० हजार दर्शकको उपस्थिति थियो। धेरै युवतीले अमित पल र प्रशान्तसँग अटोग्राफ लिन चाहे पनि त्यसबाट उनीहरू वञ्चित हुनुपऱ्यो। नेपाल तामाङ घेदुङ संघले गरेको कार्यक्रममा यसपटक प्रशान्त तामाङ र अमित पललाई सम्मान गर्न चाहनेहरूका लागि आधा घण्टा समय छुट्याइएको थियो। त्यस अवसरमा करिब ३० वटा संस्थाले उनीहरूलाई खादा र विभिन्न उपहार दिएर सम्मान गरेका थिए।

**झापामा पनि**

इन्डियन आइडल विजेता प्रशान्त तामाङले, 'यारको मैने सोने ना दिया' तथा उपविजेता अमित पलले 'नशा ये प्यार का नशा' गाउँदा करिब १० हजार दर्शकले भरिभराउ झापाको मेची रंगशाला इन्डियन आइडल प्रतियोगिताको अन्तिम दिन अर्थात् 'ग्रान्ड फिनाले' झैं लाग्थ्यो। प्रशान्त र अमितको गीतले रंगशाला दिनभरजसो गुन्जायमान बन्यो। 'तपाईंहरूको मायाले नै मलाई यहाँ पुऱ्याएको हो', गीत गाउनुअघि प्रशान्तले भने- 'सधैं यसैगरी तपाईंहरूको माया पाइरहूँ।' अत्यन्तै मीठो स्वरका धनी अमितले नेपालको पहिलो भ्रमणमै नेपालीहरूको अत्यधिक माया पाएको बताए। उद्घोषक राजेश घतानी तथा पूनम लिम्बूले प्रशान्तलाई मञ्चमा बोलाए। त्यसपछि उनले सुरु गरिहाले नेपाली भावनाले ओतप्रोत छुजाङ डुक्पाको गीत 'असारै महिनामा'। गीत के सुरु भएको थियो दर्शकहरू प्रशान्तसँगै गाउन र कम्मर मर्काई-मर्काई नाच्न थाले। प्रशान्तले 'यो मन त मेरो नेपाली हो' गाउँदा उत्तेजित 'मास' नियन्त्रण गर्न प्रहरीले लाठीचार्ज नै गऱ्यो। यसका अतिरिक्त उनले तीनवटा हिन्दी र दुईवटा नेपाली गीत गाए।



प्रशान्तका घनिष्ठ मित्र अमितले 'पहला नशा', 'नशा ये प्यार का नशा' लगायत चार हिन्दी र सुरेशकुमारको नेपाली गीत 'प्रिय तिम्रो सम्झना' को एक टुक्रा पनि गाएका थिए। प्रशान्त र अमितलाई प्रत्यक्ष हेर्न र गीत सुन्न झापा, मोरङ, इलाम, पाँचथर, ताप्लेजुङ, दार्जीलिङ, सिलगढी तथा सिक्किमका दर्शकहरूको समेत ताँती लागेको थियो। कार्यक्रममा नेपाली कलाकार क्रान्ति आले, प्राश्ना शाक्य, कविराज बराइली, दार्जीलिङकी बालगायिका प्रकृति गिरी, एनएक्स ब्यान्ड आदिले पनि गीत गाएका थिए।

**मन्त्रीसरह सुरक्षा**

इण्डियन आइडल प्रशान्तको कार्यक्रम सफल पार्न सदरमुकाम र आसपासका क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। प्रशान्तको सुरक्षार्थ बिर्तामोडको होटल हेवेनमा बुधबार बिहानदेखि नै जनपद तथा सशस्त्र प्रहरीका ३० भन्दा बढी जवान खटाइएको थियो। त्यस्तै बिहीबार चन्द्रगढी क्षेत्रमा सीमा सुरक्षा बल तथा जनपदका ३ सयभन्दा बढी सुरक्षाकर्मी खटाइएको स्रोतले बताएको छ। स्रोतले भन्यो- 'यत्रो सुरक्षा व्यवस्था त गृहमन्त्री आउँदा पनि हुँदैन।' कार्यक्रम सकेर होटल हेवेनमा बसेका प्रशान्त र अमित पलको सुरक्षा राति पनि उत्तिकै देखिन्थ्यो।

**–पर्वत पोर्तेल**

**आदित्य पनि हङकङमा**

इन्डियन आइडल प्रशान्त तामाङ हङकङ आउने पक्का भएको चर्चा सेलाउन नपाउँदै सोही कार्यक्रममा उत्कृष्ट दसमा परेका मियाङ च्याङ, अभिषेक, परलिन, पूजा चटर्जी तथा उत्कृष्ट १३ मा परेका सुहित गोसाइँसहित सारेगामापाका कार्यक्रम सञ्चालक तथा गायक उदितनारायणका छोरा आदित्यनारायण पनि हङकङ आउने खबरले हङकङका संगीतप्रेमी दर्शकहरूलाई कुन कार्यक्रम हेर्ने भन्ने द्विविधा परेको छ। आज साँझ प्रशान्तले क्विन एलिजावेथ स्टेडियम, वानचाईमा कार्यक्रम गर्दैछन् भने भोलि शनिबारका दिन आदित्यको समूहले सोही स्टेडियममा र पर्सि हङकङकै यङ लुङ्ग थियटर, यङ लुङ्गमा 'सारेगामापा-इन्डियन आइडल लाइभ सो' गर्दैछ। एक दिनको फरकमा हुन गैरहेको उक्त कार्यक्रममा पहिलो दिनको प्रमुख आकर्षण प्रशान्त तामाङ रहनेछन् भने दोस्रो दिनको कार्यक्रममा इन्डियन आइडलपछि हङकङमा अत्यधिक रुचाइएको कार्यक्रम सारेगामापाका आदित्यनारायण दर्शकहरूको रोजाइमा परेका छन्। प्रशान्त पहिलो पटक हङकङ आउँदैछन् भने आदित्य करिब दुई साताअघि मात्र भारतीय मूलका हङकङवासीहरूद्वारा आयोजित एक विशेष कार्यक्रममा भाग लिन हङकङ आएका थिए, जसमा सर्वसाधारण नेपाली दर्शकको उपस्थिति थिएन। दुवै कार्यक्रम सम्भवतः यस वर्ष हङकङमा आयोजना गरिएका कार्यक्रमहरूमध्ये सबैभन्दा बढी लगानी रहेका कार्यक्रम हुन्, जसका कारण दुवै कार्यक्रमको टिकटको मूल्य यसअघि हुने कार्यक्रमहरूभन्दा महँगो छ। ठूलो लगानी रहेको कार्यक्रम आर्थिक रूपले जोखिमपूर्ण हुने सम्भावना रहँदा-रहँदै किन कार्यक्रमलाई एकै समयमा राख्नुभयो ? भन्ने जिज्ञासामा दुवै आयोजकको एउटै भनाइ छ, 'अहिले भर्खरै दुवै कार्यक्रम सकिएको छ, ढिलो हुँदा कलाकारहरूप्रति दर्शकहरूको क्रेज कम हुन सक्छ।'

## फिल्मी खबर

**सर्प**, अजिंगर, गोही र बाघजस्ता हिंसक जनावरहरूलाई अभिनय गराइएको चलचित्र 'सिकारी' प्रदर्शनअगावै चर्चामा छ। उमा खत्रीले निर्माण गरेको उक्त चलचित्रमा राजेश ढुंगाना, पुजाना, सुनील थापा आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रका निर्देशक यादव सिलवाल हुन् भने यो चलचित्र छिटै प्रदर्शनमा आउने बताइएको छ।

**कार्यकाल** सम्पन्न हुन एक बर्ष बाँकी रहेको अवस्थामा नेपाल सांस्कृतिक संघको वर्तमान कार्यसमिति भंग गरी नयाँ कार्यसमिति गठन गरिएको छ। नवगठित कार्यसमितिको अध्यक्षता चलचित्र निर्माता तथा निर्देशक तीर्थ थापाले नै गर्ने भएका छन्। थापाको अध्यक्षतामा नवगठित ५५ सदस्यीय कार्यसमितिको उपसभापतिमा पूर्वाञ्चलबाट टंक विश्वकर्मा, मध्यमाञ्चलबाट राजु श्रेष्ठ, पश्चिमाञ्चलबाट कुमार राना तथा सुदूर पश्चिमाञ्चलबाट गोपाल गुरुङ चयन भएका छन्। त्यस्तै महामन्त्रीमा जनार्दन आचार्य, सहमहामन्त्रीमा रमेश धमला तथा कोषाध्यक्षमा मनोजकुमार केसी चयन भएका छन्। नेपाली कांग्रेसको भातृ संगठनका रूपमा दुई वर्षअघि ११ जनाको कार्यसमितिसहित स्थापना गरिएको सांस्कृतिक संघले हाल ६१ जिल्लामा संगठन विस्तार गरिसकेको जानकारी हालै आयोजित पत्रकार सम्मेलनमा दिइयो। दुई कांग्रेस एक भएपछि सबैलाई समेटेर संघको नयाँ कार्यसमिति गठन गर्नुपरेको अध्यक्ष थापाले बताएका छन्।

**डाबर** नेपाल प्रा.लि.ले यस वर्षको वाटिका मिस वर्ल्ड अफरको लक्की ड्रको नतिजा सार्वजनिक गरेको छ। उक्त अफरअन्तर्गत एक जना भाग्यशाली विजेताले सान्या, चाइनामा १ डिसेम्बर, २००७ मा हुन गैरहेको मिस वर्ल्ड हेर्न जाने मौका पाउनेछन्। यो भ्रमणमा विजेता र उनका साथ अर्का एक जनाको सम्पूर्ण खर्च डाबर नेपालले नै बेहोर्नेछ। लक्की ड्रबाट कीर्तिपुरनिवासी दीबराज राई विजयी भएका छन्।

**निर्माता/निर्देशक** केपी पाठक विगत केही समययता एउटी दुब्ली र निर्दोष अनुहार भएकी किशोरी कलाकारको खोजीमा छन्। चलचित्र क्षेत्रमा चासो राख्ने कलाकारदेखि पत्रकारसम्मलाई मैना सुनुवारको धमिलो तस्बिर देखाउँदै उनी भनिरहेका भेटिन्छन्- 'यो तस्बिरसँग मिल्ने कुनै युवती देखिए मलाई खबर गर्नुस् है ?' निर्देशक पाठक संकटकालका बेला काभ्रेको पाँचखाल ब्यारेकमा भएको मानवअधिकारविरोधी घटनामा निर्माणाधीन चलचित्र 'मैना' को मुख्य नायिकाको खोजीमा जुटेका हुन्। उनी भेटिएजति सबैलाई आफूले बनाउन लागेको महत्त्वाकांक्षी चलचित्रका विषयमा सुझाव माग्दै छन्।



तस्बिर : साइबर संसार डट कम

## लभ गुरु रेखा

**म बी.ए. दोस्रो वर्षमा अध्ययनरत २१ वर्षीया युवती हुँ। मसँगै अध्ययनरत एक युवकसँग दुई वर्षभन्दा बढी समयसम्म मेरो प्रेमसम्बन्ध चल्यो। अहिले मेरो प्रेमीले मलाई छाडी अरू कसैसँग प्रेम गर्न थालेको छ। अहिले म के सोच्दै छु भने म उसलाई आत्मिक प्रेम गर्थें भने ऊ मलाई भौतिक प्रेम गर्दो रहेछ। भौतिक प्रेम र आत्मिक प्रेममा के फरक छ ? के यौनसम्पर्क मात्र प्रेम हो ? उसलाई म अझै पनि अत्यन्तै माया गर्छु तर म उसलाई आफ्नो माया देखाउन सक्दिनँ। यस्तो स्थितिमा म के गरूँ ?**

**अनाम**

प्रेम शाश्वत चिन्तन पनि हो। प्रेमका असीमित परिभाषा छन्। यस्ता परिभाषाहरूमा प्रेम शब्दले निकै सम्मान पाएको छ। प्रेमको न आदि हुन्छ न यसको अन्त्य नै छ। जहाँसम्म आत्मिक प्रेमको कुरा छ, त्यसमा प्राप्तिभन्दा त्यागले, स्वार्थभन्दा समर्पणले र व्यक्तिगतभन्दा अर्को पक्षको सुखले बढी महत्त्व पाउँछ। प्रेमका यिनै पक्षहरूले प्रेमलाई अजर-अमर बनाएको छ। त्यसैगरी भौतिक प्रेमले शारीरिक सुखको चाहना राख्छ। शारीरिक सम्बन्ध प्रेमको एउटा यस्तो पाटो हो, जसले प्रेमलाई जीवन्त बनाउन मद्दत पुऱ्याउँछ। यी त भए परिभाषाका कुराहरू। जहाँसम्म तपाईंको समस्याको कुरो छ, तपाईंले के बुझ्नुपर्छ भने तपाईं प्रेमका बारेमा जुन स्तरमा सोच्नुहुन्छ त्यो स्तरको सोचाइ तपाईंको प्रेमीसँग छैन। तपाईंको प्रेमीका लागि प्रेम भनेकै भौतिक सुखको विषय हो। यस्तो स्थितिमा तपाईंले उसलाई प्रेम गर्नु-नगर्नुको कुनै अर्थ छैन। तसर्थ उसका बारेमा नसोच्नु नै तपाईंको हितमा छ।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

अमेरिकाको मेरिल्यान्डस्थित मेरिल्यान्ड कलेजबाट पर्फर्मिङ आर्टमा चारवर्षे डिग्री लिएर सन् १९९८ मा नेपाल फर्किएका आलोक नेम्वाङले म्युजिक भिडियो निर्देशनको क्षेत्रमा छुट्टै मानक तयार गरेका छन्। म्युजिक भिडियो निर्देशनका लागि गायक-गायिकाहरूको पहिलो रोजाइको निर्देशक बन्न सफल आलोक यतिखेर चलचित्र निर्देशनमा पनि त्यही मानक निर्माण गर्ने क्रममा छन्। आलोक यतिखेर क्वेस्ट इन्टरटेनमेन्ट ब्यानरको चलचित्र 'सानो संसार' को छायांकनमा व्यस्त छन्। सात वर्षको अवधिमा १८ वटा चलचित्रको निर्देशनका लागि अफर आए पनि आलोकले यही चलचित्रलाई रोजेका हुन्।

जम्का भेट

**सानो संसार चलचित्रबाटै चलचित्र निर्देशनमा क्यारियर खोज्नुको उद्देश्य के हो ?**

सानो उमेरदेखि नै चलचित्र निर्देशन गर्ने रहर थियो, अध्ययन पनि यही विषयमा गरेपछि त राम्रो 'चलचित्र मेकर' बन्ने इच्छा अझ बढ्यो। सुखद संयोग ७ वर्षअघि पहिलो पटक भाष्कर ढुङ्गानाले नै चलचित्र निर्देशनका लागि अफर गरेका थिए, मैले त्यसबेला गरिनँ। अहिले फेरि भाष्करजी नै संलग्न क्वेस्टले अफर गर्‍यो, मलाई सानो संसारको कथा पनि मन पर्‍यो र काम गरेको हो।

**म्युजिक भिडियोमा राजा भइयो, अब चलचित्रमा पनि त्यही ख्याति कमाउने भनेर महत्त्वाकांक्षा पलाएको हो कि ?**

त्यस्तो होइन, चलचित्र बनाउने इच्छा भए पनि अध्ययन पूरा गरेर नेपाल फर्किएलगत्तै मेरो चलचित्र बनाइहाल्ने योजना थिएन। कथा, चरित्रको भूमिका र सम्पूर्ण चलचित्र प्याकेजका बारेमा अनुभव हासिल गरेपछि मात्र चलचित्रमा काम गर्छु भन्ने सोचेको थिएँ, त्यही सोचाइअनुरूप म्युजिक भिडियोलाई अभ्यासका रूपमा लिएर काम गर्न थालें, तर म्युजिक भिडियो निर्देशन नै पेसा बन्न गयो, म पनि यसैमा बढी व्यस्त भएँ। म्युजिक भिडियोबाट पाएको माया चलचित्र निर्देशनका लागि प्रेरणा बनेको भने अवश्य हो।

**म्युजिक भिडियोमा पाएको सफलताकै आधारमा ठूलो चलचित्रमा पनि सफलता पाइएला त ?**

चलचित्र बनाउनका लागि ममा पहिलेदेखि नै कन्फिडेन्स थियो। मेरो विश्लेषणमा चलचित्र बनाउनुभन्दा म्युजिक भिडियो बनाउनु चुनौतीपूर्ण काम हो, किनभने तीन मिनेटको भिडियोमा कथावस्तुलाई सारांश रूपमा खिचेर क्यारेक्टरलाइ स्थापित गर्नु, दर्शकले बुझ्ने शैलीमा विभिन्न मोड, घटनाहरूलाई प्रयोग गर्नु चुनौतीपूर्ण हुन्छ। अढाइ घण्टाको चलचित्रमा त प्रोडक्सन टिम नै ठूलो हुन्छ, समय पर्याप्त हुन्छ।

**तपाईंको चलचित्र बजारमा आएपछि नेपाली चलचित्र उद्योगले नयाँ मोड लिन्छ त ?**

मैले नेपाली दर्शकका निम्ति नेपाली चलचित्र बनाएको हो, चलचित्र उद्योगमा क्रान्ति ल्याउन होइन। मेरो काम पृथक् चलचित्र निर्माणका निम्ति प्रयास



गर्ने, प्रस्तुतिमा नयाँपन दिने मात्र हो। नयाँ मोड आउँछ, आउँदैन यो दर्शकले मूल्याङ्कन गर्ने कुरा हो, मैले आफैंले भन्ने होइन।

**अधिकांश नेपाली, नेपाली चलचित्र हेर्न हलसम्मै नपुग्ने यथार्थतामा तपाईंको चलचित्र कसले हेरिदेला त ?**

मेरो म्युजिक भिडियो मन पराउनुहुने दर्शकले अवश्य पनि यसले कस्तो चलचित्र बनाएछ भनेर हेर्न जानुहुन्छ भन्ने आशा छ। धेरैले मलाई चलचित्र निर्देशनमा लाग्न सल्लाह पनि दिनुभएको छ, त्यसैले उहाँहरू मेरो चलचित्र हेर्न हलसम्म पुग्नुहुन्छ।

**क्वेस्टले नै निर्माण गरेको अर्को चलचित्र कागवेनी लामो समय भैसक्दा पनि सार्वजनिक नभएकाले तपाईंको चलचित्र पनि बीचैमा अलमलिएला कि ?**

अलमलिन्छ जस्तो लाग्दैन्, मैले प्रोजेक्ट र प्रोड्युसर दुवैमा विश्वास राखेको छु। जहाँसम्म कागवेनीको कुरा छ, म त्यसमा सहभागी नै छैन, अर्को कुरा चलचित्र बनाउन एक वर्ष लाग्नु सामान्य कुरा हो, यो चलचित्रप्रति दर्शकको अपेक्षा धेरै भएकाले ढिलो भयो भनेर चर्चा गरिएको हुनसक्छ।

**आलोक नेम्वाङले भविष्यमा नेपाली चलचित्र निर्देशनलाई निरन्तरता दिने सम्भावना कत्तिको छ ?**

-चित्तबुझ्दो प्रोडक्सन र सेटअप पाएँ भने अवश्य निरन्तरता दिन्छु। चलचित्र बनाउनु मेरो उद्देश्य नै भएकाले मेरो यात्रा जारी रहनेछ, तर चुजी भएकाले राम्रो अफर मात्र स्वीकार गर्छु।



## विवाहित पुरुषहरू किन बाहिर आँखा घुमाउँछन् ?

अविवाहित होइन..? किन र ...घरकी श्रीमतीदेखि वाक्क भएर होला नि। मानिसको नेचरमा पनि भर पर्छ। मैले पनि त्यस्तो अनुभव गरेकी छु, जुन मलाई पटक्कै मनपर्दैन।

**माण्डवी त्रिपाठी, गायिका**

सधैंभरि एउटै कुरा हेर्दा-हेर्दा दिक्क भएर होला, आँखा राम्रो चीज हेर्नलाई नै त बनाएको हो नि, हैन.. फेरि अरूसँग भएको चीज राम्रो लाग्ने मानवीय गुण नै त हो। बाहिरको कुरा राम्रो लाग्छ, नौलो लाग्छ त्यही भएर होला, आँखा लोभी मन पापी भएर पनि होला।

**कोमल वली, गायिका**

हाहा... अँ किन भन्नु,.. अँ धेरै लोभी भएर होला... मतलब घरमा भएकालाई आँखा नलाग्ने भएर बाहिरतिर आँखा लगाउने होला.... अरू के भन्ने.. त्यही हो ..।

**झरना थापा, नायिका**

आफ्नी श्रीमतीदेखि वाक्क भएर होला, कस्तो गाह्रो प्रश्न ....के भन्ने होला ? त्यही नै हो, पुरुषहरूको स्वभाव नै त्यस्तै हुन्छ। घरको आफ्नो चीजभन्दा बाहिरको राम्रो देख्ने प्रवृत्तिले होला कि....।

**समा थापा, समाचारवाचिका**

प्राय:जसो पुरुषको स्वभाव नै त्यस्तै हुन्छ, यसलाई म स्वाभाविक रूपमा लिन्छु। कुनै युवती अथवा अर्काकी श्रीमती राम्री लाग्न सक्छन्। आफ्नी श्रीमतीसँग सन्तुष्ट नहुँदा, असमझदारी हुँदा, सम्बन्ध बिग्रँदा त्यस्तो हुन्छ जस्तो लाग्छ। मैले बुझेको त्यही हो, ए अनि पुरुषहरू जहिले पनि आफूलाई तन्नेरी सम्झन्छन्, त्यसैले पो हो कि ?

**खुश्बु ओली, पूर्व मिस टिन**

## चलचित्र

### मर्यादा




नेपाली चलचित्रमा राजेश हमालको अभिनय एकैनासको हुने गरेको आरोप लागिरहेकै बेला चलचित्र 'मर्यादा' मा भने उनले नकारात्मक भूमिकामा अभिनय गरेका छन् । आजदेखि काठमाडौंका विभिन्न सिनेमाघरमा प्रदर्शन प्रारम्भ हुने चलचित्र मर्यादामा राजेश प्रेमका विरोधी पात्रका रूपमा प्रस्तुत भएका छन् । सानो पर्दाका टेलिश्रृङ्खलाहरूमा सफल ठहरिएका युवा निर्देषक श्याम भट्टराईले निर्देशन गरेको यो चलचित्रले राजधानीमा प्रवेश पाउन अर्को चलचित्रको क्यु नाघ्नुपर्‍यो । आजदेखि चलचित्र 'जीवनदाता' प्रदर्शन हुने भनिए पनि प्रक्रिया पूरा नभएको भन्दै हलवालाहरूले 'मर्यादा' लगाउने निर्णय गरेपछि अहिले निर्माता र हलमालिकहरूबीच द्वन्द्व चलिरहेको छ । सञ्जय कुट्टुद्वारा निर्माण गरिएको चलचित्र मर्यादामा राजेश हमालका अतिरिक्त निखिल उप्रेती, संचिता लुइँटेल, श्याम घिमिरे, दिवस उप्रेती, रञ्जना शर्मा तथा अरुणिमा लम्सालको मुख्य भूमिका छ । प्रेमप्रधान चलचित्र मर्यादालाई सफल चलचित्र बनाउन द्वन्द्व लगायत अन्य सबै खालका मसला प्रयोग गरिएको छ । निर्देशक भट्टराईको कथामा निर्माण भएको यो चलचित्रमा संगीत कमलकृष्णाको छ ।

### गोल




यो वर्ष बलिउड चलचित्र उद्योगमा खेलमा आधारित चलचित्रहरू प्रदर्शन मात्र भएनन्, प्रायः सबै चलचित्रले राम्रो व्यापार पनि गरे । क्रिकेटमा आधारित ह्याट्रिक, चैन कुलीकि मैन कुली, हकिमा आधारित चक दे इन्डियापछि आज बलिउड चलचित्र उद्योगमा विश्वकै एक नम्बर मानिने खेल फुटबलमा आधारित चलचित्र 'दन दनादन गोल' सार्वजनिक हुँदैछ । चक दे इन्डियाको सफलतालाई हेरेर पनि चलचित्र विश्लेषकहरूले यो चलचित्रले सफल व्यापार गर्ने विश्लेषण गरेका छन् । बलिउडका हट जोडी जोन अब्राहम तथा विपाशा वसुलाई हेर्न पनि दर्शक हलसम्म पुग्ने अनुमान गरिएको छ । चलचित्रको कथाअनुसार प्रायोजक पाउन छोडेको र राम्रा खेलाडी पनि नभएको युनाइटेड फुटबल क्लबका लागि कम्बाइन्ड कन्ट्रिज फुटबल लिग जितेर आफ्नो साख बचाउनुपर्ने बाध्यता हुन्छ । यो चुनौती सामना गर्ने जिम्मा चलचित्रका अर्का नायक अरशद वारसीले लिएका हुन्छन्, तर राम्रो खेलाडी नभै खेल जित्न नसकिने भएकाले प्रशिक्षक बोमन इरानीले जोनलाई टिममा भित्र्याउँछन् । विपासाका कारण अरशद र जोन एक–अर्कालाई मन पराउँदैनन् । अर्कातर्फ सिटी काउन्सिल क्लब युनाइटेडको खेलमैदान आफ्नो पक्षमा पार्न खोजिरहेको हुन्छ । युटिभी मोसन पिक्चरका लागि रुनी स्क्रुवालाले निर्माण तथा विवेक अग्निहोत्रीले निर्देशन गरेको यो चलचित्रमा प्रीतम चक्रवर्तीले संगीत दिएका छन् ।

### अगस्ट रस



हलिउड चलचित्र उद्योगमा यो साता चलचित्र अगस्ट रस सार्वजनिक भएको छ । सांगीतिक विषयवस्तुमा आधारित यो चलचित्रको कथा अनौठो प्रकारको छ । चलचित्रअनुसार लैला नोभासेक संगीतलाई अत्यन्तै माया गर्ने हुन्छिन् । त्यस्तै गीतकार तथा संगीतकार लुइस कनेली संगीतको क्षेत्रमै कार्यरत हुन्छन् । चलचित्रमा यी दुई पात्रबीच प्रेम हुन्छ । लुइससँगको एक साँझ उनको जीवनका लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छ । उनीहरूले फेरि भेट्ने वाचा गरेका हुन्छन्, तर लैलाको परिवारका कारण उनीहरूको सम्बन्धमा समस्या उत्पन्न हुन्छ । कमेडी, म्युजिकल तथा पर्फर्मिङ आर्टमा आधारित यो चलचित्रलाई किरस्टेन शेरिडानले निर्देशन गरेका हुन् । १ घण्टा ५३ मिनेट लामो यो चलचित्रमा फ्रेडी हाइमोर, रोबिन विलियम्स, केरि रसेल, जोनाथन राई मेयर्स तथा टेरेन्स होवार्डले अभिनय गरेका छन् । चलचित्रको छायांकन आयरल्यान्डको डब्लिनमा गरिएको थियो ।

## छठमा नचाए युवाले



**साप्ताहिक समाचार**

जनकपुर- बिहान ३ बजे आरम्भ हुने डान्सपार्टीमा नाच्ने विषयमा काठमाडौंका पार्टीका चराहरूले सोच्न पनि सक्दैनन् । गत शनिबार बिहान ३ बजे यहाँ प्रारम्भ भएको एक डान्सपार्टीमा नाच्ने सयौं दर्शक देखिए । नाच्नका लागि बहाना पनि गतिलो थियो- छठ पर्व । भोलिपल्ट बिहान उदाएका सूर्यको दर्शन गरी पूजाआजा गर्न शुक्रबार रातीदेखि भेला भएका हजारौं भक्तजनहरूलाई काठमाडौंबाट गएका डिजे युवाले बिहानै डिजेइङ्ग गरेर नचाए । झिलिमिली बत्तीको उज्यालोमा रमाइरहेका युवा दर्शकहरूमात्र होइनन् बालबालिकादेखि वृद्धसम्म सबैलाई डिजे युवाले हिन्दी, नेपाली, मैथली आदि गीतहरूलाई डिजे मिक्स गर्दै नाच्न बाध्य तुल्याए ।

छठ पर्वका अवसरमा जनकपुरस्थित गोपाल धर्मशालामा मिथिला नाट्य परिषद्को आयोजना तथा त्रिशूल इभेन्ट्सको व्यवस्थापनमा सम्पन्न 'एक्सप्रेस मनी-छठ पर्व मेला' को आरम्भ शुक्रबार राती ९ बजेबाट परिषद्का कलाकारहरूले बिहान तीन बजेसम्म मैथली कला, गीतसंगीत आदि प्रस्तुत गरे । कार्यक्रमको आकर्षण सबै जनजातिका कला संस्कृतिको प्रस्तुति थियो ।

## यौनसम्पर्कका पर्यटक

पर्यटकहरू अरूको देश किन घुम्छन् भन्ने प्रश्नमा कलासंस्कृति, भौगोलिक बनावट हेर्नलाई भन्ने एक प्रकारको रेडिमेड उत्तर आउँछ । यद्यपि सबै देशका पर्यटक यही आशा राखेर घुम्छन् भन्ने छैन । कतिपय पर्यटक यौनसम्पर्कको अभिलाषा राखेर पनि भ्रमणमा निस्कन्छन् । यो तथ्य हालै बेलायतमा गरिएको एक सर्वेक्षणका क्रममा सार्वजनिक भएको हो । उक्त सर्वेक्षणअनुसार बेलायतका २० प्रतिशत पर्यटक प्रेमिका लिएर यौनसम्पर्कका लागि भ्रमणमा निस्कन्छन् । 'नेसनल सर्वे अफ सेक्स एटिच्युट एन्ड लाइफस्टाइल' ले १२ हजार व्यक्तिमा उक्त सोध गरेको थियो, जसमा सहभागी अधिकांश व्यक्ति १६ देखि ४४ वर्ष सम्मका थिए । उक्त सर्वेक्षणमा सहभागी भएका २३ प्रतिशत पुरुष तथा १७ प्रतिशत महिलाले आफ्नो विदेशयात्राका क्रममा पहिलो पटक यौन सम्पर्क राखेको बताएका थिए ।



सर्वेक्षमा बेलायतीहरूले असुरक्षित यौनसम्पर्कका बारेमा आफूलाई जानकारी भएको बताए पनि थाइल्यान्ड, केन्या र उत्तर अमेरिकामा असुरक्षित यौनसम्पर्क राख्दा एड्स रोग सर्ने प्रबल सम्भावना रहेको बताए तर पनि उनीहरूले आफ्नो पहिलो यौनसाथीका रूपमा बेलायतीलाई भन्दा एसियाली वा उत्तर अमेरिकी महिला चाहेको बताए । एक तथ्यांकअनुसार सन् २००५ मा ६ करोड ६० लाख बेलायती विदेश भ्रमणका लागि निस्किएका थिए । संख्या सन् १९९० को तुलनामा ३ गुणा बढी हो ।

## चपस्टिक ब्रा




अहिले कसैलाई फुर्सद छैन । यही बेफुर्सदीको फाइदा उठाउँदै जापानको ट्रम्प कम्पनीले चपस्टिक ब्राको कल्पना गरेको छ । स्तनलाई आकर्षक पनि देखाउने र आफूले रुचाएको खानेकुरा सोही स्थानमा रहेको कचौरामा राखेर खान सकिने सुविधा यसमा छ ।

तस्बिर : योसिकाजू सुनो/एएफपी

## उपत्यकामा कोरियाली चलचित्र



**साप्ताहिक समाचार**

काठमाडौं- गत साता राजधानीमा दक्षिण कोरियाका केही चलचित्र प्रदर्शन गरिए । गत सोमबारदेखि शुक्रबारसम्म चलेको कोरियाली चलचित्र महोत्सवमा कुल चार चलचित्र प्रदर्शन गरिएका थिए र तीमध्ये 'आई वीस आई ह्याड अ वाइफ' सबैभन्दा बढी मन पराइएको थियो । कोरियाली कला-साहित्यमा मृत्युलाई सबैभन्दा दुःखद् मानिन्छ । त्यसैले अधिकांश कोरियाली चलचित्रमा मृत्युपछिको अवस्थालाई गम्भीरतापूर्वक चित्रण गरिन्छ । महोत्सवमा प्रदर्शित चलचित्रहरूमा पनि यही विषयलाई उठाइएको थियो ।

महोत्सवमा 'जस्ट डु इट', 'इल मेर' तथा 'ज्वाइन्ट सेक्युरिटी एरिया' शीर्षकका चलचित्र पनि प्रदर्शन गरिएका थिए । नेपालमा जस्तै कोरियामा पनि शरद् ऋतुका बेला नै विभिन्न चाडपर्व तथा अन्न भित्र्याउने बेला हुन्छ । यो बेला सबै दुःख, पीडा बिर्सेर चाड-पर्व मनाइन्छ । यही समयलाई विचार गरेर दक्षिण कोरियाली दूतावासले कोरियाली चलचित्र काउन्सिलसँग सहकार्य गर्दै नेपाली दर्शकहरूका लागि कोरियाली चलचित्र देखाउने वातावरण मिलाएको हो ।

## चार दशकपछि बाऱ्हवर्षे नाच

हेटौंडा– मकवानपुरको उत्तरी क्षेत्र पालुङमा पाण्डवपुरका राजा धर्मध्वज तथा विजयपुरका राजा वीरध्वजको जीवनशैली एवं जनताप्रति उनीहरूको त्यागलाई चित्रण गर्ने बाऱ्हवर्षे नाच गत साताभरि प्रदर्शन गरियो । प्राचीन कालमा राजाहरूले लगाउने पहिरन तथा उनीहरूसँग सैनिक पोसाकमा रहेका सुरक्षाकर्मीहरूलाई चित्रण गरिएको यो नाच मकवानपुरको उत्तरी क्षेत्र दामनको गोपाली गाउँमा चार दशकपछि प्रदर्शन गरिएको हो । उक्त नाचले राजाहरूको त्यस बेलाको राजकाज सञ्चालन गर्ने शैली, जनताप्रति उनीहरूको व्यवहार, बहुविवाह गर्दा हुने पारिवारिक दुःख र त्यतिबेलाको नेवार समुदायको संस्कृतिको झझल्को दिइरहेको थियो । नाचमा त्यस बेलाका राजाहरूको वीरता प्रस्तुत गरिनुका साथै समाजका विकृति एवं विसंगतिहरूका बारेमा समेत चर्चा गरिएको थियो ।


मकवानपुरका दुई राज्य पाण्डवपुर र विजयपुरका राजाहरूको जीवनशैली प्रस्तुत गर्ने यो नाच पालुङ गाविसका नेवार समुदायका लागि विशेष नाचका रूपमा परिचित रहेको नाच व्यवस्थापन समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले बताए । बाद्यवादक तथा कलाकार गरी सयभन्दा बढी व्यक्तिले अभिनय गरेको उक्त नाचका लागि ६ महिनासम्म प्रशिक्षण दिइएको थियो भने पालुङ तथा दामनका विभिन्न स्थानमा लामपाटी डवली, अमुले खट, सिद्धिगणेश खट गरी १२ वटा खट तयार गरिएको थियो ।

लोप हुन लागेको १२ वर्षे नाचमा हिन्दी र संस्कृत भाषाको प्रयोग गरिएको थियो । आफ्नो प्राचीन संस्कृति लोप हुन लागेकाले त्यसको संरक्षणका लागि नाच देखाइएको नाच व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले बताए । नाच प्रदर्शनका लागि अत्यधिक खर्च हुने तथा ठूलो जनशक्ति आवश्यक पर्ने भएकाले यसअघि नाच प्रदर्शन गर्न नसकिएको श्रेष्ठले बताए ।

५० भन्दा बढी गोपाली परिवारको बसोबास रहेको दामनको गोपाली गाउँले आफ्नै संस्कृति र पहिचान बोकेको छ । उक्त गाउँका अधिकांश गोपाली कृषिमा आधारित छन् । यस क्षेत्रमा कृषिकार्यबाट थकान मेटाउन विभिन्न प्रकारका नाच आयोजित भैरहन्छन् । यसअघि त्यहाँ लाखेनाच प्रदर्शन गरिएको थियो । कलात्मक शैलीका एकै प्रकारका घरहरूको बस्ती रहेको गोपाली गाउँले नेपालको प्राचीन बस्तीको झझल्को दिन्छ ।

–रूपेश दुलाल

## सानो पर्दा



**नेपाल** टेलिभिजनमा 'नेपाली तारा'को निर्माण एवं प्रसारण गरेर चर्चामा आइरहेको नील बाराही फिल्म्सले इमेज च्यानलका लागि निर्माण गरिरहेको कार्यक्रम 'मोहनी लाग्ला हैं'ले पनि चर्चा पाइरहेको छ । हरेक बुधबार राति साढे आठ बजे प्रसारण हुँदै आएको उक्त कार्यक्रममा कुनै एक सेलिब्रेटीलाई अतिथिका रूपमा निम्त्याइन्छ । पुरुष सेलिब्रेटीका अघि महिला र महिला सेलिब्रेटीका सामुन्ने पुरुष प्रशंसकहरूलाई राखेर सेलिब्रेटीबाटै उनीहरूबीच खेल खेलाइन्छ । प्रशंसकहरूले सेलिब्रेटीले चाहेको कुरा गरेर देखाउनुपर्छ । यसका साथै उनीहरूलाई सेलिब्रेटीका बारेमा पनि यथेष्ट जानकारी हुनुपर्छ । जसले सेलिब्रेटीलाई प्रभावित पार्न सक्छ ऊ नै कार्यक्रमको विजेता हुन्छर पुरस्कारस्वरूप उसले सेलिब्रेटीसँग डेटिङ जान पाउँछ । कार्यक्रमको सञ्चालन रीतु रामदामले गरिरहेकी छिन् ।

**मंसिर** ६ गते संविधानसभाको निर्वाचन नहुने भए पनि टेलिभिजन च्यानलहरूमा संविधानसभाका बारेमा जनचेतना जगाउने कार्यक्रमहरूको प्रसारण भने भैरहेका छन् । निर्वाचनको नयाँ मिति तोकिएपछि चुनाव नभएसम्म यो क्रम जारी रहनेछ । यसबीच कान्तिपुर टेलिभिजनमा नेपालका दुर्गम भेकका जनतासँग प्रत्यक्ष भेटघाट गरी संविधानसभाका साथै स्थानीय समस्याका बारेमा बहस तथा छलफल गरिने कार्यक्रम 'समायोजन'ले चर्चा पाइरहेको छ । कान्तिपुर टेलिभिजनका कार्यकारी निर्माता सुरेश पौडेलले सञ्चालन गरिरहेको उक्त कार्यक्रमलाई मिरेस्ट नेपालले निर्माण गरेको हो । हाल उक्त कार्यक्रम हरेक शुक्रबार साँझ साढे छ बजे प्रसारण हुने गरेको छ ।

## हाँसो र दोहोरीमा रम्यो दमौली

तनहुँ- दमौलीवासी हाँसो र दोहोरीमा रमाउँदै थिए । दोहोरीको रन्कोसँगै हास्यकलाकार मनोज गजुरेलको प्रहसनले बजार तताएको थियो । निधारमा ताराअंकित रातो फेटा बाँधेका खाइलाग्दा चार युवालाई दायाँबायाँ राखेर प्रहसन गर्दा गजुरेलले प्रशस्त ताली पाए ।


कार्यक्रमको बीचबीचमा गजुरेलको हाँसो र दोहोरीले बजारै गुञ्जायमान बनाएको थियो । मनोजसँगै हवनकली बनेकी पोखरेली कलाकार सुषमा पौडेलले प्रचण्ड शैलीका गजुरेलसँग गरेको प्रश्नले दर्शकहरूलाई पेट मिचीमिची हाँस्न बाध्य बनाएको थियो । माओवादी भातृ संगठन योङ्ग कम्युनिस्ट लिग (वाईसीएल) प्रति व्यङ्ग्य गर्दै आफूलाई योङ्ग कम्युनिस्ट लेडी भन्न अनुरोध गर्ने पौडेलले गजुरेलसँग प्रश्न गरेकी थिइन् ।

जे.बी. टुहुरेले गीत गाउँदा एकैछिन कार्यक्रमस्थलमा सन्नाटा छाएको थियो । कार्यक्रमको बीचबीचमा विभिन्न जातीय गीत तथा नृत्यले मञ्च तताएको थियो । गायक बद्री पंगेनीले नेताहरूप्रति इङ्गित गर्दै 'लासमाथि फूल राख्दैमा सहिदको सपना साकार हुन्न हजुर....' गाउँदा नेताहरू पनि केही बेर टोलाएका थिए ।

पंगेनी तथा लोकगायिका शिला आलेबीचको दोहोरीले दर्शकहरूलाई नाचौं-नाचौं बनाएपछि बच्चादेखि बूढासम्म छमछम नाचेका थिए । कार्यक्रममा लोकगायिका प्रीति आले, यामु शर्मा आदिले पनि लोक तथा दोहोरी गीत गाएका थिए ।

–सन्तोष पोखरेल

## सातको स्वर



### जविक

**मेरो हिजोआज भोली.....कस्तो प्रकारको गीत हो ?**
यो गीत टेक्नोबिटमा आधारित रोमान्टिक 'लभ सङ' हो। मेरो पहिलो गीत 'ट्र्याजिडी बेस' मा थियो भने अहिलेको यो गीत शुद्ध रोमान्टिक गीत हो र यो फास्ट बिटमा पनि छ।

**गीत कोप्रति लक्षित छ ?**
मेरा सबै श्रोताहरू, जसले मेरो पहिलो गीत मन पराउनुभएको थियो, यो गीत उहाँहरूमै समर्पित गरेको छु।

**यो गीतको भाव कस्तो छ ?**
यो समर्पित गीत हो, प्रेमीले प्रेमिकालाई तिमी मेरा लागि एकदमै महत्त्वपूर्ण छौ भनेर गीत मार्फत एक्सप्रेसन गरेका छन्।

**प्रतिक्रिया कस्तो आइरहेको छ ?**
गीत सार्वजनिक भएको धेरै भएको छैन तर पनि अहिले राम्रो गीत गाएछौ भनेर थुप्रै प्रतिक्रिया आइरहेका छन्। कसैकसैले पहिलेको भन्दा फास्ट बिटमा गाएकाले राम्रो भन्नुभएको छ भने कसैले पहिलेकै राम्रो पनि भन्नुभएको छ। जे होस्, चेन्ज खोजेकाले समग्रमा राम्रै प्रतिक्रिया पाएको छु।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
कन्सेप्टवाइज मलाई एकदमै राम्रो लाग्यो। आलोक नेम्वाङले मेहनत गरेर म्युजिक भिडियो बनाइदिएकाले नै गीत पनि लोकप्रिय हुँदै गएको छ।

**लोक-गायक** तथा संगीतकार युक्त गुरुङको गत शनिबार साँझ नयाँ बानेश्वरमा मोटरसाइकल दुर्घटनामा परी निधन भएको छ। तीन दशकदेखि रेडियो नेपालमा कार्यरत गुरुङ धुलिखेलमा पिकनिक खाएर फर्कने क्रममा दुर्घटनामा परेका थिए। मोटरसाइकललाई पछाडिबाट आएको ट्याक्सीले ठक्कर दिएपछि पछाडि बसेका गायक गुरुङ हुत्तिएर सडकमा पछारिएका थिए। टाउकोमा गम्भीर चोट लागेपछि उनलाई नजिकको एभरेस्ट नर्सिङ होम पुर्‍याइएको थियो, तर अस्पतालका चिकित्सकहरूले उनलाई मृत घोषित गरे। नेपाली तथा गुरुङ भाषामा समेत गरेर लगभग एक सयवटा गीतमा रेकर्ड गरेका गायक गुरुङ आफ्नो नयाँ गीतिसंग्रह सार्वजनिक गर्ने तयारीमा थिए।

**गाईघाटको** बोक्सेस्थित जागरण युवा क्लबले गत शनिबार एक कन्सर्ट सम्पन्न गर्‍यो। सांगीतिक रक कन्सर्ट नामकरण गरिएको उक्त कार्यक्रममा झन्डै एक हजार संगीतप्रेमी युवायुवतीको उपस्थिति थियो। अफिसियल मिडिया उदयपुर डट कम रहेको उक्त कन्सर्टमा स्थानीय गायक-गायीकाहरूले झन्डै एक दर्जन हिन्दी तथा नेपाली गीत गाएर उपस्थित दर्शकहरूलाई संगीतको नशामा झुमाएका थिए। उक्त अवसरमा लिना कार्कीले ग्ल्यामरस परिहनमा नृत्य प्रस्तुत गरी दर्शकहरूलाई आफूसँगै नचाएकी थिइन्। दि राइजिङ ग्रुपका अधिकांश गायकले दर्शकहरूलाई झुमाएको कन्सर्ट साँझ ५ बजे सुरु भएर झन्डै सात घण्टासम्म चलेको थियो।

**नेपालको** चर्चित रक समूह अभया एन्ड द स्टिम इन्जन्सले आगामी नोभेम्बर ३० देखि डिसेम्बर २ तारिखसम्म नयाँ दिल्लीमा आयोजना हुने 'साउथ एसियन रक कन्सर्ट'मा नेपालका तर्फबाट प्रतिनिधित्व गर्दैछ। उक्त कन्सर्टमा मालदिभ्सको जिरो डिग्री एटरोल, बंगलादेशको माइल्स र बंगला फोक फ्युजन ब्यान्ड, श्रीलंकाको स्टिङमाता, पाकिस्तानको स्ट्रिङ्स, भुटानको नोर्लिङ ब्यान्ड, अफगानिस्तानको द आर्यन ब्यान्ड तथा भारतका शंकर, इशान र लोय, इन्डियन ओसन, राहुल दीक्षित प्रोजेक्ट, सोल मेट्स आदि रक समूहहरूका साथ अभया एन्ड द स्टिम इञ्जन्सले आफ्ना चर्चित रक गीतहरू प्रस्तुत गर्दैछ। तीन दिनसम्म चल्ने उक्त वृहद् रक कन्सर्टको आयोजना सार्कमा आबद्ध दक्षिण एसियाका आठ मुलुकबीचको सांगीतिक सम्बन्ध बढाउन भारतस्थित एक गैरसरकारी संस्था 'सहर'ले गर्न लागेको हो।

**हरेक** महिना संक्रान्ति अर्थात् १ गते पुरानो बानेश्वर डाँडास्थित गुरुकुलमा सांगीतिक उत्सवका रूपमा 'शास्त्रीय संक्रान्ति' मनाइँदै आएको छ। यसै अवसरमा गत मंसिर १ गते शनिबारका दिन पुरानो समयकी गायिका गंगा राणाको सम्झनामा सांगीतिक कार्यक्रम प्रस्तुत गरियो। महिला संगीतकर्मीहरूको समूह चेलीले गीत-संगीत प्रस्तुत गरेको उक्त कार्यक्रममा दिवंगत गायिका राणाले गाएका सदाबहार गीतहरू प्रस्तुत भए। यसका साथै कार्यक्रममा दुई फरक पुस्ता महिला संगीतकर्मीहरूलाई समेटेर तबलावादक सरिता मिश्रले विभिन्न धुन सुनाएकी थिइन्। पुरानो पुस्ताका सितारबादक अमृतहीरा योगी र पदमहिरा स्थापित तथा तानपुरावादक संगीत पुडासैनीसँग तबलावादनमा साथ दिँदै मिश्रले एक प्रकारको शास्त्रीय संगीत सुनाइन् भने नयाँ पुस्ताका तबलावादक एवं गायिका सविना आचार्य र साधना श्रेष्ठ, गायिका रेखा पौडेल र गंगा लामा, तबलावादक जमुना लामा र अन्नाशरद् गौतमलाई समेटेर अर्को प्रकारको शास्त्रीय संगीतको जादु छरिन्।

**भारतको** मुम्बईमा बस्दै आएका नेपाली कलाकार मुरलीधर यतिखेर काठमाडौंमा छन्। मुरलीधरले संगीतदेखि अभिनयसम्मको यात्रा तय गरेका छन्। कुनै बेला उनले गाएको गीत 'उडायो सपना सबै हुरीले' अत्यन्तै लोकप्रिय भएको थियो। तिहार मनाउन सिराहास्थित औरीगाउँ आएका मुरलीधर यतिखेर नयाँ गीतिसंग्रहको तयारीमा जुटेका छन्। 'आँखाको भाका' शीर्षकको उक्त संग्रहलाई म्युजिक नेपालले बजारमा ल्याउने भएको छ। मुरलीधर गत साता नेपाली तारा प्रतियोगिताको अतिथि भएर कुपन्डोल पुगेका थिए।

**सामान्य** रूपमा सञ्चालन भैरहेको इटहरी महोत्सवमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेपछि महोत्सवको रौनक नै बढेको थियो। राजधानीबाट गएका हास्यकलाकारहरूसहितको सांगीतिक टोलीले महोत्सवमा उपस्थित दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गर्‍यो। गायक गायिकाहरू भरत सिटौला, प्रमोद खरेल, आभा मुकारुङ, हिमाल सागर, तिलकबम मल्ल, यशोदा पराजुली, बाबु बोगटी, प्रकाश ओझा, प्रकाश पौडेल, बाबुराम पराजुलीले महोत्सवमा आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेको महोत्सवमा जीरेखुर्सानी युनिटले एयरपोर्ट शीर्षकको प्रहसन प्रस्तुत गरेको थियो भने कलाकार किरण केसीले 'लिपसिङ' गरेर तीनवटा गीत प्रस्तुत गरे।

**सांस्कृतिक** कार्यक्रम भनेपछि हुरुक्कै हुने धनकुटावासीहरूलाई माथिल्लो गोकुण्डेश्वर उच्च मा.वि.का छात्रछात्राहरूले गत शुक्रबार पर्याप्त मनोरञ्जन प्रदान गर्नुका साथै नचाए पनि। गोकुण्डेश्वर उच्च मा.वि.को प्राङ्गणमा सो विद्यालय स्थापना भएको ७५ वर्ष पुगेको अवसरमा आयोजित वार्षिक उत्सव कार्यक्रमको प्रमुख आकर्षण भनेकै धनकुटामा भएको नौलो प्रयास 'गोकुण्डेश्वर आवाज' र विभिन्न नृत्यसहितको सांस्कृतिक कार्यक्रमको थियो। उक्त अवसरमा इन्डियन आइडलकै सिको गर्दै गोकुण्डेश्वर आवाज नाम दिएर प्रथम गोकुण्डेश्वर आइडल सम्पन्न गरिएको थियो जसमा दर्शकको मतका आधारमा उत्कृष्ट २ मा पर्न सफल नम्रता राई र कमल राईबीचको प्रतिस्पर्धामा कमल राईले बाजी मारे।

**गायक** यम बराल सन् २००७ का छ महिना कार्यक्रमका क्रममा मुलुकबाहिर रहे। वर्षको सुरुमा पटक-पटक गरेर पाँच महिना जापान बसेका बराल तिहारअघिको एक महिना युरोपका बेलायत, बेल्जियम तथा फ्रान्सका सहरहरूमा कार्यक्रम प्रस्तुत गर्नमा व्यस्त रहे। उनको यो विदेश यात्रा अगामी सन् २००८मा पनि जारी रहनेछ। सन् २००८कोसुरुमा उनी अमेरिका र कोरियामा आयोजना हुने सांगीतिक कार्यक्रमहरूमा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नेछन्। यसैक्रममा जापानमा रहेका गीतकार भुवन भट्टको एकल रचना एवं गायक बरालको एकल गायन तथा संगीतमा एल्बम 'हीरा'को रेकर्डिङ सम्पन्न भएको छ। गायक बरालले एकल संगीत दिएको यो पहिलो एल्बम हो भने उनको यो दसौं एल्बम हो।



गायिका मौसमी गुरुङ, प्राश्ना शाक्य तथा निर्णय एक अनौपचारिक समारोहमा ।

## लाइभ सो

• झापाका प्रतिभाशाली बालबालिकाहरूलाई समेटेर भोलि शनिबार दिउँसो १ बजे बिर्तामोडको अग्रसेन भवनमा लिटिल क्विन एन्ड मास्टर किङ, झापा शीर्षकमा बालबालिकासम्बन्धी एक प्रतिस्पर्धा सञ्चालन हुने भएको छ। द एरो मोडलिङ एजेन्सीद्वारा सञ्चालन हुने भोलिको प्रतियोगितामा ६ देखि १२ वर्ष उमेर समूहका ३५ जना बालिका तथा २५ जना बालकको सहभागिता छ। विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकाहरूबीचको यो प्रतियोगिताको कोरियोग्राफी सिद्धान्त घिमिरले गर्दैछन्।

• सत्तरीको दशकमा निकै चर्चामा रहेको 'हिप्पी फेसन'लाई आज शुक्रबार ब्युँताउने प्रयत्न गरिँदैछ। 'हिप्पी थिम पार्टी' शीर्षकमा आज साँझ आठ बजेदेखि रातभरि होटल याक एन्ड यतिको क्लब प्लाटिनममा हिप्पी फेसन पार्टी आयोजित हुँदैछ। पार्टीमा सहभागी हुनेहरूलाई ७० को दशकको फेसन गरेर आउन अनुरोध गरिएको छ। उक्त पार्टीमा डिजे रूपेश तथा डिजे तेञ्जिङले त्यतिबेला नै चर्चामा आएको डिस्को, रक एन्ड रोलजस्ता संगीतको जादु १२ हजार वाटको साउन्ड सिस्टमबाट घन्काउनेछन्।

## नजिकबाट — शिशिर वाङ्देल



| | |
|---|---|
| जन्ममिति | : भदौ ३ |
| घरमा बोलाउने नाम | : शिशिर |
| नामको अर्थ | : एउटा ऋतु |
| परिचय | : गायक, संगीतकर्मी |
| जन्मस्थान | : काठमाडौं |
| रुचि | : घुम्न मन पराउँछु, लेख-कृति पढ्छु |
| प्रकाशित एल्बम | : सम्झिरहन्छु |
| सांगीतिक गुरु | : प्रभुराज ढकाल, पूर्ण नेपाली |
| नजिकका साथी | : सबै नजिकै छन् |
| मनपर्ने परिकार | : आमाले पकाएको भुटेको कुखुराको मासु |
| मनपर्ने रंग | : कालो |
| मनपर्ने पहिरन | : जिन्स, टिसर्ट, साधारण |
| मनपर्ने मौसम | : जाडो |
| मनपर्ने खेल | : फुटबल, बक्सिङ |
| फुर्सदमा | : गीत लेख्नु, गजल सुन्नु |
| मनपर्ने गीत | : आज फेरि सपनीमा |
| रिस उठेको बेला | : सम्हालिन खोज्छु |
| मनपर्ने आफ्नै बानी | : हाँसिरहन्छु |
| पहिलो गीत | : तिमी आज कहाँ गयौ |
| पहिलो एल्बम | : सम्झिरहन्छु |
| पहिलो चर्चित गीत | : सम्झिरहन्छु सधैं नै |
| सबैभन्दा बढी माया | : माया जोखिन्छ र ? |
| पहिलो बाजा | : बाँसुरी |
| पहिलो प्रेम | : थिइन् कोही |
| पहिलो चुम्बन | : उनैलाई |
| पहिलो फोटोसेसन | : सन् २००५ मा |
| राम्रो बानी | : मिलनसार हुँ जस्तो लाग्छ |
| नराम्रो बानी | : छिटो रिसाउँछु |
| गोप्य कुरा | : खासै छैन |
| अन्य प्रतिभा | : चित्र कोर्छु, नाच्छु। |

## दर्शक खेतको काम छोडेर ओइरिए



विराटनगर- खेतमा पाकेको बाली भित्र्याउने बेलाको चटारोमा गाउँमा चर्चित कलाकारहरू पुगे भने किसानले खेतमै काम गरिरहन्छ कि कलाकारहरूलाई साथ दिन्छन् ? पक्कै पनि खेतको काम छोड्दैन, तर मोरङको ग्रामीण क्षेत्रमा भएको एउटा सांगीतिक जमघटमा गाउँलेले सम्पूर्ण काम छोडेर कलाकारहरूको स्वागत गरे। मोरङको बयरवनस्थित आइतबारेमा सम्पन्न 'आइतबारे सांगीतिक भेट' मा गाउँलेहरूले चार घण्टा आनन्द लिए। सांगीतिक कार्यक्रम गायकहरू सुमित खड्का, फुर्वा शेर्पा र प्रबलदीप विश्वासको 'हिमाल पहाड तराई कोही छैन यहाँ पराई, नेपाल हो घर नेपाली हो थर, एउटै हो जात बसौं साथसाथ...' गीतबाट प्रारम्भ भएको थियो।

आफ्नै छिमेकी गाउँ भए पनि यहाँ कहिल्यै गाउने अवसर नपाएको बताउने महेश बूढाथोकीले आफ्ना चर्चित गीतबाट गाउँलेहरूलाई आफूसँगै नचाए। स्टेजमा उक्लिएका प्रकाश ओझा तथा एमसी क्राइसिस्नाले भने दर्शकबीचमै पुगेर गीत गाए। ओझाले गाउँका बालबालिकाहरूको जिब्रोमा झुन्डिएको गीत सुनाए भने क्राइसिस्नाको र्‍याप कसैले बुझेनन्। भूमिगत गायक क्राइसिस्नाको अंग्रेजी र्‍यापमा सयौं दर्शक नाचे पनि उनका शब्दमा मिसिएका अश्लील शब्दहरू कसैले थाहा पाएनन्।

नवगायक मणि श्रेष्ठले कलाकारहरूलाई गाउँमा गरिने सम्मानको प्रशंसा गरे। व्यवस्थापनको कमजोरीले स्टेजमा बिजुली जडान नहुँदा प्राश्ना शाक्यले साँझको अँध्यारोमै गीत गाउनुपरेको थियो। प्राश्नाले गाउने क्रममा दर्शकको हूल स्टेजमै चढेर नाचेको थियो। कलाकारका गीतसँगै चौरमा नाचिरहेका दर्शक बेलाबेला बिजुली गएर गीत रोकिँदा भने आक्रोशित देखिन्थे। उक्त अवसरमा विराटनगरको राइजिङ स्ट्रिङ्स ब्यान्डले पप गीतहरू प्रस्तुत गरेको थियो। त्यसबाहेक स्थानीय ब्यान्ड र कलाकारहरूले पनि गीत तथा नृत्यहरू प्रस्तुत गरे। बालकलाकार विश्वजित राईले हास्य नृत्य गरेर सबैलाई हँसाए।

**–कमल रिमाल**

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



भान्छामा खाना पकाइरहेकी मम्मीसँग पारस : मम्मी, हिजो मलाई त्यो अगाडि घरको डार्लिङ अन्टीले दुईवटा ठूलो चकलेट दिनुभएको थियो। चकलेट कस्तो मीठो थियो।

पारसको कुरा सुनेर हाँस्दै : डार्लिङ अन्टी रे, त्यो अन्टीको नाम त रेखा हो, डार्लिङ होइन त।

पारस : त्यो अन्टीको नाम डार्लिङ होइन भने पापाले किन हिजो त्यो अन्टीलाई डार्लिङ भनेर बोलाएको त ?

०००

रेखा अन्टी घर आएको बेला पापा पारसलाई फकाउँदै : म तिमीलाई दस रुपैयाँ दिन्छु, तिमी घरबाहिरको चौरमा गएर खेल है ?

पारस अलि रिसाउँदै : यो पापा त कस्तो कन्जुस हुनुहुन्छ। मम्मीचाहिँ राजेश अंकल घरमा आउनुभयो भने सधैं बजारमा गएर आइसक्रिम खानु भनेर पचास रुपैयाँ दिनुहुन्छ !

०००

ट्राफिक प्रहरीमा जागिर खाने रहरले बिकुराम अन्तर्वार्ता दिन गएछ र अन्तर्वार्ता लिने अधिकृतले प्रश्न गरेछन् : ल भन्नुस्, यदि दुईवटा बस विपरीत दिशाबाट प्रतिघण्टा ८० किलोमिटरको गतिमा अगाडि गुड्दै छन् भने तपाईं ती बसलाई आपसमा जुधेर दुर्घटना हुनबाट कसरी रोक्नुहुन्छ ?

बिकुराम : म जोडसँग सिठ्ठी बजाएर ती बसलाई सावधान गराउँदै रोक्न लगाउँछु।

अधिकृत : तपाईंसँग सिठ्ठी भएन भने कसरी रोक्नुहुन्छ बसलाई ?

विकुराम : म सधैं रातो रङको रुमाल बोक्छु, म त्यो रातो रुमाल हल्लाउँदै दुवै बसका चालकलाई आफ्नो बसको गति नियन्त्रण गर्न र अगाडि बढ्नबाट रोक लगाउँछु।

अधिकृत : तर ती बसहरू रातिको समयमा भए कसरी आपसमा जुध्नबाट रोक्नुहुन्छ ?

बिकुराम : म लालटिन हल्लाउँदै रोक्ने संकेत गर्छु।

अधिकृत : लालटिनमा तेल सकिएको भए ?

बिकुराम : म मेरो छोरा विकासलाई बोलाउँछु।


अधिकृत बिकुरामको उत्तर सुनेर छक्क पर्दै : छोरा किन नि ?

बिकुराम : मेरो छोरालाई हलिउडको एक्सन चलचित्र निकै मनपर्छ, उसलाई बोलाएर ती बसहरू एक-आपसमा जुधेको एक्सन प्रत्यक्ष हेर्ने अवसर प्रदान गर्छु।



## कविता

### मेरो संसार भत्काएर



पत्थरका रूपमा जीवितै छु, नुन किन बार्‍यौ
अझै पनि तिम्रो यादले जिउँदो लास पार्‍यौ
कमै पोल्छ आगोले, तिमीले बढी पोल्यौ
निर्दोषीलाई दोषी बनाई झूठो कुरा बोल्यौ
वियोगमा ताली बजाई खुसी भई नाच्यौ
पीडा जति मलाई छाडी तिमी खुबै हाँस्यौ
परैबाट जाऊँ भन्दा साथ तिमीले खोज्यौ
मेरो संसार भत्काएर सुन्दर संसार रोज्यौ।

– केशव परियार

### बिदा माग्यौ

सामु आएर हाँसेर बिदा माग्यौ
अर्को साइनो गाँसेर बिदा माग्यौ
पाउ कसैको छोएर जिएको थिएँ
त्यसैको खुसी नासेर बिदा माग्यौ
तिमी थियौ र संसार थियो
तर हिलोमा भासेर बिदा माग्यौ
जुन भण्डार मायाको गरेको थिएँ
त्यसको बीउ नै मासेर बिदा माग्यौ
सम्झन्छु भन्थ्यौ छातीमा सधैं तर
नौलो तस्बिर टाँसेर बिदा माग्यौ।

–दर्शन दिनेश

### एउटा गीत रचौं

प्रेमको इतिहासमा एउटा गीत रचौं
आऊ आज तिम्रो मेरो एउटा गीत रचौं
हाम्रो प्रेम यस्तो होस् मुनामदन फिक्का बनोस्
विछोड हैन संयोगको एउटा प्रीत रचौं
लैला-मजनुभन्दा पनि अमर बनौं हामी
दुनियाँले इर्स्या गरून् त्यस्तो रीत रचौं
हाम्रो प्रेम सुवासले जगत सारा ढाकोस्
सबै हिँड्ने बाटो खन्दै एउटा हित रचौं
रोमियो र जुलियटको कथाभन्दा राम्रो
फूलमा सधैं झिलमिलाउने एउटा शीत रचौं।

– यल्जी विवश

### के बात भो र

बढ्दो उमेर चढ्दो वैंश जवानीको के बात भो र
सर्वस्व अर्पिएँ तिमीलाई लगानीको के बात भो र
चल्ने नै जीवन हाम्रो समाजमा यसैगरी
तिम्रो हातको भातै चल्यो पानीको के बात भो र
समाजको प्रतिकारमा उत्रौं आऊ दुवै हामी
इतिहासै लेख्छु तिम्रो नामको के बात भो र
सुख-दुःख बाँडौला भनी प्रणयमा बाँधियौं हामी
दुःखमा पनि हाँसिदिने तिम्रो बानीको के बात भो र
दुःख पर्‍यो भन्दैमा नआत्तिनु भन्छ्यौ तिमी
आँसुको नानी लुकाउने तिम्रो नानीको के बात भो र ?

– बालकृष्ण सापकोटा

### जिन्दगी

हाम्रो धाराको हावा सरी भो जिन्दगी
हाम्रो टेलिकमको मोबाइल सरी भो जिन्दगी
पानी बिनाको धारा, हावा किन्नै नपर्ने भो
मीठो हाँसो निकाल्दै दारा, बिस्तारै बोल्नै नपर्ने भो
सास नगई रगत बगी मर्नुपर्ने भो
बोल्दाबोल्दै ठेस लागी लड्नुपर्ने भो
थाहा छैन हामीहरूलाई आखिर हामीहरूकै हेला भो
देशका लागि लड्दा लड्दै मर्नुपर्ने भो
सहिद बनाई राजधानीमा फोटो टाँस्ने भो
हाम्रो देशको आकाश सरी भो जिन्दगी
मेलम्चीको पानी सरी भो जिन्दगी
धूवाँ-धूवाँकै आकाश अक्सिजन किन्नै नपर्ने भो
देशमा पानीको बिल कहिल्यै तिर्न नपर्ने भो
मरेपछि आकाशको बाटो हिँड्नै नपर्ने भो
पानी खान आउनेलाई पनि पानी दिनै नपर्ने भो।

– अनिल निरौला

## लघुकथा



### मुग्ध मूर्ति

'ओहो, कति राम्री तिमी,' मेरा साथीभाइ वा आफन्तजनबाट बेला-बेलामा मेरा लागि प्रकट हुने उद्गार हो यो। कतिपय बेला ऐनाअगाडि उभिएर आफूलाई हेर्दै यस्ता कुरा सम्झँदा मन्त्रमुग्ध भएर घण्टौं बिताएकी पनि हुँ। बाटोमा हिँड्दा पनि धेरैका नजर ममा ठोक्किने र केहीले फर्की-फर्की हेर्ने गरेको भोगेकी नै हुँ, तर त्यस दिन भने अचम्मै भो। म आफैंमा मस्त-मुग्ध भएर आफ्नै सौन्दर्यपान गर्दै माइक्रोबसमा कतै जाँदै थिएँ। छिनछिनमा पल्याक-पुलुक केही जोडी आँखा मेरो मुहारमा चिहाउँदै थिए, तर एक जोडी नजरले भने अपलक मेरो सौन्दर्यपान गरिरहेझैं भान भयो। मलाई टोलाएर हेर्नेको मनस्थिति जाँच्न म पनि उसमाथि छड्के नजर फ्याँक्दै थिएँ।

माइक्रोबस खाल्डाखुल्डीमा हल्लाउँदै वेगिँदा उसले मुन्टो हल्लाएको र मुस्कान दिएको जस्तो पनि लाग्यो। मलाई भने त्यसको मिजास सहिनसक्नु भयो र मुखै फोरेर भनें, 'ओ मिस्टर, हेर्न पाइयो भन्दैमा सहिनसक्नु हुने गरी एकोहोरो हेर्न त भएन नि। प्लिज माइन्ड योरसेल्फ।'वरपरबाट व्यंग्यको हाँसो गुञ्जायमान भयो, तर मलाई एकोहोरो हेर्नेको मुहारमा भने कुनै परिवर्तन आएन। अनि उसको छेवैमा बस्ने सज्जनले एक सेतै फुलेका वृद्धलाई देखाउँदै यसो भन्दा पो म झसंग भएँ, 'नानी, जसले तपाईंलाई एकोहोरो हेरिरहेछ त्यो कलाक्षेत्रका महान् हस्ती, उहाँको हातको कला हो।' म लाजले पानी-पानी भएँ, किनकि मलाई हेर्ने मप्रति मुग्ध भएको हैन, म आफैं पो मूर्तिलाई चिन्न नसकेर आफूभित्रै मुग्ध भएकी रहेछु।

–सुमन सचेत

# तिब्बती शरणार्थीको पीडा



पोखरा– 'पोताला दरबारको माथिपट्टि झन्डा फहराइरहेका होलान्। अग्लो र रमणीय भूभागलाई सधैंभरि हिउँले ढाक्छ होला।' कहिल्यै नदेखेको तर, बिर्सन पनि नसकिने चीन स्वशासित तिब्बतको काल्पनिक बयान गर्दा पोखरा पृथ्वीचोकस्थित शरणार्थी शिविरका ३१ वर्षीय कर्मा लामा यसै भन्छन्।

कर्माजस्तै तेन्जिन नामग्याल पनि त्यही शैलीमा भन्छन्– 'जिन्दगी कठिन होला अनि व्यक्तिगत स्वतन्त्रता पनि नहोला।' तिब्बत कहिल्यै नटेकेका तर, त्यही तिब्बतको माया मनभरि बोकेका यी दुई तन्नेरी सपनामा कहिले पोताला दरबार पुग्छन् त कहिले दलाई लामाको जन्मस्थल नोर्बुलिङ्खा। बिपनामा भने उनीहरू पोखराको पृथ्वीचोक र महेन्द्रपुलतिरै भेटिन्छन्।

चीनसँग मतभेद बढ्दै गएपछि तिब्बतका शासक तथा धार्मिक नेता दलाई लामा १० मार्च १९५९ मा भारत पसेका थिए। उनले त्यहीं राजनैतिक शरण लिए। त्यतिखेर लामासँगै थुप्रै तिब्बतीले आफ्नो जन्मथलो छाडे, तिनै भाग्नेहरूका सन्तान हुन् कर्मा र नामग्याल, जो आफूलाई तिब्बती भएकोमा गर्व गर्छन् र कहिल्यै तिब्बत नगए पनि तिब्बतलाई माया गर्छन्।

छोरेपाटन क्याम्प (तिब्बत रिसोर्ट) चलाएका सोनाम साङ्पोले तीनपुस्ता नेपालमै बिताए। अहिले पनि उनलाई तिब्बतको सम्झनाले सताउन छोडेको छैन। उनको कार्यकक्षमा तीन जना तिब्बती सहिदका तस्बिर, थाङ्का र तिब्बतको ठूलो भौगोलिक नक्सा टाँगिएको छ। मातृभूमि तिब्बतप्रति कति माया र आस्था छ भन्ने प्रमाण हो यो। सोनाम भन्छन्– 'आफूले देख्न नपाए पनि आफ्नो भूमिको माया कहाँ मार्न सकिन्छ र ?'

तिब्बतीहरूको पछिल्लो पुस्ता यसरी नै मनभरि तिब्बतको कल्पनामात्र गरेर बस्न बाध्य छ तर कल्पना मात्र गरेर नहुने रहेछ, आखिर यहाँ बसेपछि नेपाली समाजसँग पनि घुलमिल हुनैपर्ने बाध्यता छ। नेपाली समाजसँगको त्यही घुलमिलले नै होला, उनीहरूमा नेपालीपन पनि बढ्दै गएको छ। 'टसी दले' र 'नमस्ते'को बीचमा हुर्किएको पछिल्लो पुस्तामा मनग्य नेपालीपन भेटिन्छ। चाडपर्व र विशेष अवस्थामा बाहेक अरू बेला उनीहरू नेपाली स्वादमै भुल्छन्। कर्मा आफू बुद्ध धर्मावलम्बी भए पनि दसैंलगायत अन्य चाडबाडमा नेपाली साथीको घर जाने र रमाइलो गर्ने बताउँछन्। केही तिब्बती युवतीले त नेपाली युवकसँग प्रेमविवाह पनि गरेका छन्। भाषामा भने खस बुझ्ने भए पनि उनीहरू तिब्बती नै बोल्न मन पराउँछन्।

तिब्बती र नेपाली समुदायबीच एउटा गतिलै तालमेल भेटिन्छ। तेन्जिन नामग्यालका अनुसार, उनलाई नेपाल र तिब्बत कतैको राजनीतिप्रति चासो छैन। तेन्जिनको सोचाइ पनि उस्तै छ। तेन्जिन भन्छन्– 'अप्ठ्यारो पर्दा नेपालले हामीलाई शरण दियो, अब नेपाललाई नै हामीले आफ्नो देश मान्नुपर्छ।' शरणार्थी भएर तीन पुस्ता बिताउनुपर्दा भने उनीहरू त्यति खुसी छैनन्, तर पनि नेपालीहरूले दाजुभाइजस्तै व्यवहार गरेकोमा भने उनीहरू खुसी नै छन्। नेपालीसरह उच्च शिक्षा हासिल गर्न, सवारी साधन चलाउन, विदेश जाने अनुमतिजस्ता अधिकार पाएकोमा तिब्बतीहरू नेपालप्रति नतमस्तक छन् तर यति हुँदा पनि उनीहरूको मनमा तिब्बतप्रतिको अगाध माया हट्दैन, सायद त्यही हो मातृभूमिको माया।

सधैंभरि स्वतन्त्र तिब्बतको कल्पनामा बाँचेका तिब्बतीको पहिलो पुस्ता नेपाल पसेको ४८ वर्ष भैसकेको छ। तिब्बती नेता दलाई लामा शान्तिपूर्ण तवरले स्वतन्त्र तिब्बत बनाउने अभियानमा अहिले पनि लागेकै छन्। दलाई लामा शरणार्थी भएदेखि अहिलेसम्म स्वतन्त्रताका नाममा थुप्रै देश टुक्रिइसकेका छन्, तर उनले चाहेजस्तै के स्वतन्त्र तिब्बत सम्भव होला त ? कर्मा भन्छन्- 'पाँच वर्ष लाग्ला, दसै वर्ष लाग्ला तर तिब्बत स्वतन्त्र भएरै छाड्छ।' तर वर्तमान स्थिति कर्मले सोचेजस्तो सरल छैन।

कुनै पनि देशले मान्यता नदिएको तिब्बती 'निर्वासित सरकार'को तथ्यांकअनुसार १ लाख ११ हजार तिब्बती निर्वासनमा छन्। जसमध्ये सबैभन्दा धेरै अर्थात् ८५ हजार भारतमा बस्छन्। नेपालमा १४ हजारजति शरणार्थी छन्, पोखरामा मात्रै २ हजार ५ सयदेखि ३ हजारजति शरणार्थी छन्। हङ्गेरी, रूस, बेल्जियम, नेपाल, अमेरिका, बेलायतलगायत १४ राष्ट्रमा दलाई लामाका विशेष प्रतिनिधि छन्।

तिब्बतीहरू अझै पनि मन खोलेर बोल्दैनन् वा बोल्न चाहँदैनन्। पासाङ छिरिङ भन्छन्– 'हामीलाई नेपालले बस्न दिएको छ। नेपाल सरकारको एक चीन-नीति छ, तर हामी स्वतन्त्र तिब्बत चाहन्छौं। यी दुई विरोधाभासपूर्ण कुराले हामीलाई अप्ठेरोमा पार्छ।' त्यही भएर होला, उनीहरू यो विषयमा केही बोल्नुपरे त्योभन्दा पहिले यहाँका प्रमुख जिल्ला अधिकारीसँग अनुमति माग्छन्।

भुटानी शरणार्थीको तुलनामा तिब्बती शरणार्थीको जीवनशैली धेरै फरक छ। आर्थिक एवं भौतिक रूपमा उनीहरूले भुटानी शरणार्थीजस्तो बिजोग भोग्नुपरेको छैन। उनीहरूको जीवनशैली र हाउभाउमा पनि निकै अन्तर छ, तर यो सबै कुनै विदेशी सहयोगले भएको होइन। 'तिब्बतीहरू आउँदा आफू मात्रै आएनन्, आफूसँगै सीप पनि लिएर आए,' तेन्जिङ नामग्याल भन्छन्– 'त्यसैले तिब्बतीहरू शरणार्थी भएर पनि सुखसँग जीवन बिताउँदैछन्।'

यहाँको हस्तकला तिब्बती पहिचान नै बनेको छ। उनीहरू क्याम्पमै बसेर भेडाको ऊनबाट गलैंचा, झोला, कार्पेट आदि सामान बनाउँछन्। तिब्बती कार्पेट नेपालदेखि भारत र युरोपसम्म लोकप्रिय छ, यस्तो काममा वृद्धदेखि युवासम्म सिपालु छन्। खासमा नेपालमा गलैंचा उद्योगको प्रारम्भ तिब्बतीहरूले नै गरे। 'तिब्बती शरणार्थीहरू नेपालीसँग मात्रै घुलमिल गरेर बसेनन्, नेपालमा गलैंचा उद्योग पनि हुनसक्छ है भनेर सिकाइदिए,' स्नोल्यान्ड कार्पेट उद्योगका राजेन्द्र विष्ट भन्छन्– 'जसबाट धेरै नेपालीले फाइदा लिए।'

तिब्बती शरणार्थीको यही सीपले गर्दा क्याम्प सञ्चालनका लागि वैदेशिक सहयोगको भर पर्नुपर्ने अवस्था छैन। पृथ्वीचोक शरणार्थी क्याम्पका कर्माका अनुसार पहिले वैदेशिक सहयोग धेरै आए पनि अहिले आफ्नै व्यवसायबाट आत्मनिर्भर भएकाले त्यस्तो सहयोग आवश्यक पर्दैन। 'पहिले अर्काको सहयोगमा भर पर्नुपर्थ्यो, अहिले आफैं पालिएका छौं,' उनले भने– 'हामीले बनाएका सामान विदेशमा निर्यात हुन थालेपछि व्यावसायिक सफलता पनि मिलेको छ।'

मःमः, चाउचाउ र थुक्पाजस्ता धेरैको मुखमा झुन्डिएको स्वाद पहिलो पटक नेपाली समुदायलाई चखाउने पनि तिब्बती नै हुन्। पोखरामा धेरै तिब्बतीले सफल पर्यटन व्यवसायीको पहिचानसमेत बनाइसकेका छन्, तर व्यक्तिगत जीवन सुखी बनाउन जति नै सफलता पाए पनि यी तिब्बतीको मन भने अझै पनि सुखी र खुसी छैन।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बुद्धि ठूलो कि बल ? किन ?

आ-आफ्नो ठाउँमा दुवै ठूलो, तर बुद्धिभन्दा बलचाहिं पक्कै ठूलो होइन । यसको अर्थ बल चाहिंदैन भन्ने पनि होइन । कि कसो ?

**resham_sunuwar@yahoo.com**

बल नै ठूलो । अहिले आन्दोलन गर्न बल, तोडफोड-बन्द आदि गर्न बल, जे गर्न नि बल नै चाहिन्छ ।

**sapna_lovelly@yahoo.com**

राष्ट्रको उन्नति-प्रगतिका लागि बुद्धि, विवेकको आवश्यकता पर्छ तर के गर्नु यहाँ बलमा विश्वास गर्नेहरू आफू ठूलो भएको भ्रममा छन् । जसले गर्दा नेपालीहरू अँध्यारोतर्फ धकेलिँदै छन् ।

**लेखनाथ ओझा** (२२), **महोत्तरी**

बल ठूलो, किन ? किन भन्नु-त्यत्रो बुद्धिजीवी भएर नेपालको शासन चल्न सकेको छैन बरु बल हुनेहरूले जसरी पनि नेपालमा हैकम चलाएका छन् होइन र ?

**वीरेन्द्रकुमार चौधरी, वीरगन्ज**

हालको परिस्थितिमा बल नै ठूलो किनभने सोझा, निर्धाको त कुनै मतलवै छैन खाली बलवान्, शक्तिशाली तथा पावरकै चल्ती छ ।

**विनोद खतिवडा, इनरुवा-९**

दुवै ठूला हैनन् ? बल पनि आवश्यक हुन्छ अनि बुद्धि पनि ।

**प्रवीण** (२०), **करादी**

बल ठूलो भैदिएको भए त राजाको यस्तो हरिबिजोग हुन्थ्यो होला र ?

**हरिन्द्रप्रसाद कार्की** (२४), **धनकुटा**

बुद्धि, किनभने बुद्धि भएन भने बल प्रयोग गर्ने स्थान नै पाइँदैन ।

**नुच्छेलाल माझी, रामेछाप**

बुद्धि र बल दुवै भए त उत्कृष्ट नै हुन्थ्यो तर पनि बुद्धिले बललाई दास बनाएकाले बुद्धि नै ठूलो ।

**दिनेश न्यौपाने** (२१)

अवश्य पनि बुद्धि ठूलो हुन्छ किनभने बल देखिन्छ तर बुद्धि देखिँदैन ।

**शशिकान्त गुप्ता,** (१९), **वीरगन्ज**

केका लागि ? पहिले स्पष्ट पार्नुहोस् अनि जवाफ दिउँला ।

**मुक्ति अधिकारी, करादी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. देशभक्ति के हो ?
२. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
३. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
४. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
५. प्रेममा धोका हुने कारण के हो ?
६. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
७. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
८. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
९. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
१०. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?



बुद्धि र बल एक रथका दुई पाङ्ग्रा जस्तै हुन् । किनभने बुद्धि र बलबिना यो पृथ्वीमा बाँच्न गाह्रो छ ।

**प्रेमकान्छा मगर, तानसेन**

ग्राइन्ड डिजाइन, भ्रष्टाचार, हैकमवाद, प्रेमजस्ता कुरा बुद्धिले गर्न सकिन्छ तसर्थ बुद्धि नै ठूलो हो ।

**युवराज न्यौपाने** (२१), **बलाम**


प्रधानमन्त्री गिरिजाबाबु बुद्धिका पक्षपाती हुन् भने क्रान्तिकारी कमरेड प्रचण्ड बन्दुकको बलमा टिक्न चाहने शक्तिका प्रतिनिधि ! पाठकले मात्र किन बुद्धि र बलमा एक छान्नैपर्ने ? नेपालीले गरिखान दुवैलाई समान रूपमा मान्नुपरेको छ ।

**चिन्तन बजगाईं**

बुद्धि नै ठूलो किनकि बुद्धिबिनाको बल त आफैलाई अभिशाप वा वासनाबिनाको फूल हुन्छ ।

**मुक्तिराम रेग्मी**

# काम-ज्ञानसम्बन्धी केही जानकारी



कुनै पनि समुचित फल र फाइदा लिन त्यसको औचित्य र महत्त्वको ज्ञान आवश्यक छ । त्यसरी नै विवाहित जीवनलाई सुखी र सन्तोषप्रद बनाउन कामशास्त्रको ज्ञान नितान्त आवश्यक हुन्छ । जसको सही उपयोग गरी कामसुख प्राप्त गरेर जीवन आनन्दमय र रसयुक्त बनाउन सकिन्छ । बाह्य तवरबाट हेर्दा केही नदेखिए पनि गहिरिएर विचार गर्ने हो भने के स्पष्ट हुन्छ भने सहवासमा सन्तुष्ट रहने दम्पतीहरू गृहस्थीको गाडीलाई हाँसीखुसी चलाउँछन्, जबकि अतृप्त र यौन कुण्ठित दम्पतीहरू सम्पन्न भए पनि कहल र कुण्ठले भरिएको निरस जीवन बिताउन बाध्य हुन्छन् ।

**प्रचण्ड कामवेग भएकी स्त्रीलाई सन्तुष्ट पार्न नसक्ने पुरुषले मैथुन गर्नुअघि आफ्ना हातका दुई औंलाहरूले योनीमर्दन गर्नुपर्छ र जब योनीस्राव (योनीरस) सुरु हुन्छ त्यसपछि मैथुन गर्नुपर्छ । त्यसो गर्नाले स्त्री सन्तुष्ट र तृप्त हुन सक्छिन् ।**

**सुखी एवं सफल यौनजीवन बिताउन आफ्ना भावनाहरूमा अंकुश लगाउनु आवश्यक छ ।**

- सम्भोग दिनहुँ नगरेर केही समयको अन्तरालमा गर्नु उचित हुन्छ । यसो गर्नाले विशेष सुख प्राप्त हुन्छ र मानसिक शान्ति पनि प्राप्त हुन्छ ।

- कति अन्तरालमा मैथुनरत हुनु उचित हुन्छ भन्ने कुरामा आफ्नो उमेर, अवस्था र अनुकूलताका आधारमा निश्चय गर्नुपर्छ । सम्भव भएसम्म संयमित, नियमपूर्ण र मर्यादित सम्पर्कबाटै चरम सुख प्राप्त गर्नुपर्छ ।

- विशेषज्ञहरूका अनुसार युवावस्थामा ३-४ दिनमा एकपटक र ४० वर्ष कटेपछि ७ दिनमा एकपटक तथा ५० वर्षपछि एक महिनामा २-३ पटक सम्भोग गर्नु पर्याप्त हुन्छ ।

- छिटो-छिटो तथा एकै समयमा धेरै पटक सहवास गर्नाले हानिकारक प्रभाव पर्छ । कमसेकम दुई संसर्गबीच २४ घण्टा फरक हुनैपर्छ तर नवदम्पती वा कुनै विशेष मधुर अवसरमा वा लामो समयपछिको संयोगमा अति मैथुनको स्थिति आउँछ भने केही दिनसम्म यस्तो संसर्गलाई स्वाभाविक मानिन्छ जसबाट चिन्तित बन्नुपर्दैन ।

- धेरैजनासँग संसर्ग गर्ने स्त्री-पुरुषहरू रोगको सिकार हुन्छन्, उनीहरूको अंग शिथिल हुन्छ । यस्ताले छिट्टै मैथुनमा रुचि गुमाउँछन् । तसर्थ सुखी एवं सफल यौनजीवन बिताउन आफ्ना भावनाहरूमा अंकुश लगाउनु आवश्यक छ ।

- यौनसम्पर्क गर्नुअघि स्त्री-पुरुष दुवैले मूत्र त्याग गर्नुपर्छ ।

- श्रम र थकानको बोझ लिएर सम्भोग गर्नुहुँदैन ।

- भोक-प्यासग्रस्त पुरुषले सम्भोग गर्नुहुँदैन । यो स्वास्थ्यका दृष्टिले पनि राम्रो हुँदैन । त्यसैगरी भरपेट भोजन (अतिभोजन) गरेर पनि सम्भोग गर्नुहुँदैन । रोगी पुरुषले पनि मैथुन क्रियाबाट टाढै बस्नु बेस हुन्छ ।

- ज्यादै गरम वातावरणमा पनि सम्भोग गर्नु उचित मानिँदैन ।

- सम्भोगपछि कमसेकम आधा घण्टासम्म पानी पिउनुहुँदैन । तुरुन्त पानी पिउनाले रुघा लाग्ने अथवा स्नायु दुर्बल हुने आशंका हुन्छ ।

- गर्भवती स्त्रीसँग सावधानीपूर्वक सम्भोग गर्नुपर्छ । अन्यथा गर्भ तुहिने डर हुन्छ । त्यस्तै दूध ख्वाउनुपर्ने स्त्रीसँग अधिक सम्भोग गर्नाले दूध नष्ट हुने डर हुन्छ ।

- धेरैजसो महिला तथा पुरुषहरू वीर्यपात हुनेबित्तिकै अलग हट्छन्, यसबाट हानिकारक, अरुचिकर, दुवैलाई अतृप्ति एवं मनमुटावसमेत उत्पन्न हुन्छ । अतः वीर्यपात भैसकेपछि पनि केही समयसम्म त्यसै अवस्थामा बसिरहनुपर्छ । यसले दुवैलाई तुष्टि दिन्छ । मैथुनमा भएका हानिका केही अंश पूर्ति हुन्छन्, यसबाट रागभाव, समर्पण एवं स्नेह बढ्छ ।

- प्रचण्ड कामवेग भएकी स्त्रीलाई सन्तुष्ट पार्न नसक्ने पुरुषले मैथुन गर्नुअघि आफ्ना हातका दुई औंलाहरूले योनीमर्दन गर्नुपर्छ र जब योनीस्राव (योनीरस) सुरु हुन्छ त्यसपछि मैथुन गर्नुपर्छ । त्यसो गर्नाले स्त्री सन्तुष्ट र तृप्त हुन सक्छिन् ।

- सम्भोगपश्चात् गुप्ताङ्गहरू धुनु उचित हुन्छ ।

**– रत्नबहादुर बस्नेत**

## पारिवारिक स्वास्थ्य

**डा. सी. पी. सेढाईं**

५० वर्षीया कान्छी तामाङका १० छोरा-छोरी छन् । एक महिनाअघि देखि उनलाई ढाड दुख्ने रोगले च्यापेको छ । बिस्तारै उनी आत्तिने, छटपटिने, राति ननिदाउने, एक ठाउँमा अडिन नसक्ने हुन थालिन् । उनले अनेकौं उपचार केन्द्रमा गई उपचार गराइन् । उनको रगत जाँचका साथै एक्सरे, सिटी स्क्यान, इन्डोस्कोपी तथा अल्ट्रासाउन्ड गरियो तर रोग पत्ता लागेन । उनी 'नशा पोल्यो, नशा झमझम गऱ्यो, मलाई क्यान्सर भयो' भनी रुन थालिन्, अहिले न्युरोसाइक्याटिक विभागमा उपचार गराइरहेकी कान्छी तामाङको समस्या समाधानको बाटोमा छ, उनले पुर्नजीवन पाएकी छिन् । कान्छी तामाङले भोगेको समस्या पनि एकप्रकारको डिप्रेसन हो ।

विश्व स्वास्थ्य संगठनले जीवनकालमा पुरुषलाई १५ प्रतिशत तथा महिलालाई २५ प्रतिशतसम्म डिप्रेसन हुने बताएको छ । डिप्रेसनका बिरामीलाई आफूलाई अर्कै रोग लागे जस्तो हुन्छ । पटक-पटक रगत, एक्सरे आदि जाँच गर्ने तर रोग नभेटिने यो रोगमा केही रोगीले पीडा सहन नसकी आत्महत्या गरेको पनि पाइएको छ । एकै पटक धेरै अंगमा लक्षण देखिने रोग डिप्रेसन हो ।

**डिप्रेसन विभिन्न कारणले हुन्छ :**

-वंशानुगत ।
-Neurotransmitter को गडबडी जस्तै Dopamine, Serotorin and Norepirephrine.
-मस्तिष्कमा कुनै तनाव भए ।
-बाल्यावस्थामा आमाबाबु टाढा रहनाले ।
-हार्मोनको गडबडी, जस्तै– थाइराइड, एड्रिनल, ग्रोथ हर्मोनमा गडबडी भए ।
-शारीरिक रोग जस्तै– मधुमेह, मृगौलाको रोग आदि लामो समयसम्म कायम रहे ।
-बिरामी हुनुअघिको व्यक्तित्व ।
-तत्कालीन घटनाक्रम जस्तै मानिस मर्नु, नोक्सानी हुने कुनै पनि घटना घट्नु ।
-अस्वस्थ्य पारिवारिक सम्बन्ध ।
-लागू पदार्थको सेवन ।
-गर्भावस्थामा संक्रमण, मस्तिष्कको वृद्धि रोक आदि ।
-समाजबाट टाढा रहनाले, बसाइँ सर्नाले ।

डिप्रेसनका बिरामीहरू कस्ता-कस्ता समस्या लिएर आउँछन् ?

-बिरामीहरू आफूलाई टाउको दुख्ने रोगको लक्षण बताउँछन् ।
-कतिपय बिरामी आफूलाई क्यान्सर लागेको शंका गर्छन् ।
-कोही घाँटीमा केही अड्कियो भनेर आत्तिन्छन् ।
-कोही यौनअंगको समस्याले यौनसम्बन्धमा कमी आएको बताउँछन् र कोही वारम्बार पेट पोल्ने, पेटमा अप्ठ्यारो महसुस भएको बताउँछन् ।
-कोही चाहिँ मुटुको रोग लाग्यो भन्दै मुटु रोग विशेषज्ञकहाँ पुग्छन् ।
-कोही ढाड दुख्ने, जोर्नीमा दुख्ने गुनासो गर्छन् ।
-कोही पाचनशक्तिमा कमी आएको गुनासो गर्छन् ।
-कोही काम्ने र बक्ने खाका हुन्छन् । उनीहरू बोक्सी लागेको विश्वास गर्छन् ।
-कोही अचानक बेहोस भएको बताउँछन् ।
-डिप्रेसनका बिरामी एक्लै शान्त ठाउँमा बस्न रुचाउँछन् । रेडियो सुन्ने, टेलिभिजन हेर्ने चाख हुँदैन ।
-बढी चिन्ता गरिरहने र आफ्नो जीवनदेखि नै हरेस खाएका हुन्छन् ।

**श्रीमानले लगातार रक्सी पिउँदा पनि श्रीमतीलाई डिप्रेसन हुनसक्छः**

रक्सी पिउने मानिसले अचानक रक्सी छाड्दा हात काम्ने, मुटु ढुकढुक हुने, अनौठा वस्तु देख्दा आत्तिने-डराउने आदि समस्या देखापर्छ । कोही सर्प देख्छन्, कोही बाघ देख्छन् र आत्तिन्छन् । कतिपय बिरामी कानमा गाली गरेको आवाज आउनाले घरपछाडि भाग्छन् । रक्सी पिउने मानिसहरू यौन क्रियामा रुचि नभएको गुनासो गर्छन् । कतिचाहिं श्रीमतीमाथि शंका गर्छन्, जुन घरायसी झगडाको बीउ बन्छ । जब मानिस बिहान पनि रक्सी पिउन थाल्छ त्यसबेला यो कडा समस्या मानिन्छ । रक्सी पिउँदा अचेत हुनाले ठूला-ठूला अप्रिय घटना पनि घट्न सक्छन् । रक्सी पिउने मानिसलाई कोठामा थुनेर राख्नु हुँदैन । डाक्टरको सल्लाह लिएर मात्र रक्सी छुटाउनुपर्छ । एक तिहाइ रक्सी पिउने मानिस डिप्रेसन, आत्तिने रोग, निन्द्रा नपर्ने समस्याबाट पीडित हुन्छन् । रक्सी छोडेपछि यस्तो समस्याको पनि उपचार गरे मात्र पूर्ण रूपमा रक्सी पिउन छाड्छन् । परिवारिक कलहका कारण रक्सी पिउने प्रायः व्यक्तिकी श्रीमतीमा डिप्रेसनको समस्या पाइएको छ ।



**डिप्रेसनका बिरामीहरूले पालन गर्नुपर्ने कुरा :**

-एउटै कुरामा गहिरो सोच नलिने ।
-मनको कुरा अरूलाई भन्ने, जसले गर्दा मनमा अन्तर्द्वन्द्व कम हुन्छ ।
-पुरानो कुरा जसले तनाव दिन्छ त्यसमा मस्तिष्क नखियाउने, जे छ त्यसैमा सन्तुष्ट हुने तर मेहनत गर्न नछाड्ने ।
-मन दऱ्हो पार्ने ।
-लागु पर्दाथ वा रक्सी सेवन नगर्ने ।
-कुनै कुरा पाउँदा मात्तिने र नपाउँदा आत्तिने बानी छाड्ने ।
-धेरै टेलिभिजन नहेर्ने, कविता वा साहित्यमा बढी गहिरेर नजाने ।

**मानसिक स्वास्थ्यमा असर :**

-दैनिक जीवनमा आइपर्ने घटनाक्रम नै मानसिक रोगका कारण बन्छन् ।
-पति वा पत्नी बिदेसिनु । यसरी बिदेसिंदा स्वदेशमा बस्नेमा यो रोग देखिन्छ ।
-विदेशमा गएर काम गर्नेहरूमा पनि यो समस्या देखिएको छ ।
-प्रेम विछोड हुँदा ।
-जागिरबाट निकालिँदा ।
- परीक्षामा असफल हुँदा ।
- घरायसी झगडा वा परिवारका सदस्यको मृत्यु हुँदा ।
-सानो छँदा आमाबाबुबाट टाढा रहँदा ।
- राजनीतिपीडित वा द्वन्द्वको असरले ।
-लागुपदार्थ सेवन गर्नाले ।

माथिका समस्या डिप्रेसनका मुख्य कारण भए पनि वंशाणुगत गुण तथा मानिसको व्यक्तित्वको पनि मानसिक स्वास्थ्यमा ठूलो भूमिका रहन्छ । एउटै घटनाक्रमले कसैमा मानसिक रोग ल्याउँछ त कसैमा ल्याउदैंन । कतिपय मानिस धामी-झाँक्रीकहाँ उपचार गर्न पुग्छन् जसले गर्दा बिरामी अस्पताल आउँदा जटिल अवस्थामा पुगिसकेको हुन्छ र निको पार्न कठिन हुन्छ ।

**डिप्रेसनको उपचार गर्दा जान्नै पर्ने मनोवैज्ञानिक पक्ष :**

-धेरैजसो रोग विभिन्न खालका तनावले गर्दा हुने भएकाले घरपरिवारमा यस्तो वातावरणको अन्त्य गर्नुपर्छ ।
-जे छ त्यसमा सन्तुष्ट हुन सक्नुपर्छ र मेहनत गर्न छाड्नु हुँदैन ।
-मनको कुरा अरूलाई भन्नुपर्छ ।
-योग एवं ध्यान गर्दा फाइदा हुन्छ ।
- काममा धेरै व्यस्त हुनु हुँदैन, साथै कुनै काम नै नगरी बस्नु पनि राम्रो हुँदैन ।
-ठूला-ठूलालाई मात्र हेर्ने होइन, आफूभन्दा साना ओहदाका मानिसलाई पनि हेर्नुपर्छ ।
- काममा सुखी र सन्तुष्ट बन्न सक्नुपर्छ ।

**उपचार :**

-सम्बन्धित विशेषज्ञकहाँ सर्म्पक गर्ने ।
-औषधी, काउन्सिलिङ, साइकोथेरापी तथा योगबाट रोग निको पारिन्छ ।
-केही बिरामीलाई विद्युतीय उपचारको पनि आवश्यकता पर्छ ।

**काउन्सिलिङ तथा साइकोथेरापी**

डिप्रेसनका कतिपय बिरामी रोगका सम्बन्धमा अनभिज्ञताका कारण पीडादायी जीवन बिताइरहेका हुन्छन् । यस्तो स्थितिमा बिरामीलाई मन दरो पार्ने तथा उसमा तनाव सहन सक्ने क्षमता बढाउने काम गर्नुपर्छ । मानिसको जीवनमा सुख-दुःख दुवै आइपर्छन्, सुख हुँदा मात्तिने र दुःख पर्दा आत्तिने बानीले मनोवैज्ञानिक समस्या ल्याउँछ । मनमा परेको पीडा अर्कालाई भन्दा चोट कम हुन्छ र मन हल्का हुन्छ । ठूल्ठूला समस्या मनमा राख्दा आफैलाई खराब गर्छ । कुनै काममा असफल हुदा सधैं त्यही कुरा मनमा लिँदा आफ्नै प्रगति रोकिन्छ, मानसिक रोगी बनिन्छ । त्यसैले जुन कुरा भैसक्यो त्यसलाई सम्झेर समय बर्बाद नगरी अब के गर्ने भन्ने कुरामा ध्यान दिएर अघि बढ्नुपर्छ । कतिपय मानिस तनाव घटाउन रक्सी सेवन गर्छन् जसले गर्दा ऊ आफैं कमजोर बन्छ र रोगले ग्रसित हुन्छ । जहिले पनि आशावादी हुनुपर्छ । अर्काले भनेको तर्क पनि ध्यान दिएर सुन्नुपर्छ । हरेक काममा योजना बनाउनुपर्छ । दैनिक शारीरिक व्यायाम एवं सन्तुलित भोजन गर्नु आवश्यक छ ।

**(डा. सेडाईं भरतपुर मेडिकल कलेजमा कार्यरत नसा तथा मानसिक रोग विशेषज्ञ हुन्)**

# अब भर्च्युअल कम्प्याक्ड डिस्क


कम्प्याक्ट डिस्क (सिडी) भिडियो कम्प्याक्ट डिस्क (भीसिडी), डिजिटल भिडियो डिस्क (डिभिडी) पछि अब भर्चुअल सिडी अर्थात् कृत्रिम सिडी सार्वजनिक भएको छ, आखिर के हो यो भर्चुअल सिडी ? भर्चुअल सिडीले सिडी, भीसिडी र डिभिडीलाई सानो आकारमा ढाली कम्प्युटरमा राख्न सहयोग गर्छ।

यसमा फिजिकल ड्राइभ झैँ काम गर्न सकिन्छ। भर्चुअल सिडीको प्रयोग गर्दा इन्सर्ट र इजेक्ट को सहारा नलिई सहज रुपमा तत्कालै सिडी तथा डिभिडीमा पहुँच राख्न सकिन्छ। भर्चुअल सिडीको मद्दतले एक-अर्कामा रहेका डाटा उपभोग गर्न सकिन्छ। सिडी तथा डिभिडीबाट सेवा प्रदान गर्ने नेटवर्कहरूका लागि भर्चुअल सिडीले समस्याको सही समाधान गर्न मद्दत पुर्‍याउँछ। महत्त्वपूर्ण सामग्री सिडीमा राख्ने प्रचलनले पछिल्लो समयमा व्यापकता पाएको छ। भर्चुअल सिडीले यस्ता महत्त्वपूर्ण सामग्रीले भरिपूर्ण सिडी हराउने, कोरिने झन्झटबाट पनि मुक्ति दिनेछ।

सर्भरको हार्ड ड्राइभमा कपी गरिएको प्रत्येक वर्कस्टेसनमा २३ फरक भर्चुअल सिडी एकसाथ प्रयोग गर्न सकिन्छ। भर्चुअल सिडीमा सिडी ड्राइभविना सिडी तथा डिभिडी चलाउन, अटोमेटिक कपी, पासवर्डद्वारा भर्चुअल सिडी सुरक्षित गर्न, आईएसओ फरम्याटमा सिडी तथा डिभिडी बर्न गर्न सकिनेछ। सन् १९९८ देखि भर्चुअल सिडीको प्रयोग हुँदै आए पनि यसले ख्याति भने कमाउन सकेको थिएन, तर हिजोआज यसको प्रयोगले व्यापकता पाउन थालेको छ ।

विशेष गरी एकभन्दा बढी कम्प्युटर प्रयोग गरिने ठाउँमा तथा नेटवर्क गरिएका स्थानमा यसबाट बढी फाइदा लिन सकिन्छ। भर्चुअल सिडी चलाउन न्यूनतम रूपमा कम्प्युटरमा भिस्टा, एक्स्पी तथा विन्डोज २००० जस्ता कम्प्युटर सञ्चालन-प्रणाली (ओएस) मध्ये कुनै एकको आवश्यकता पर्छ भने १ गिगाहर्जभन्दा द्रुत गतिको प्रोसेसर माइक्रोसफ्ट इन्टरनेट एक्सप्लोरर ७ वा त्यसभन्दा नयाँ संस्करणको आवश्यकता पर्छ।

# मुटुरोगीलाई सर्पको विष



ब्रिटिस अनुसन्धानकर्ताहरूले विभिन्न प्रकारका सर्पको विष प्रयोग गरेर हृदयाघात र स्ट्रोकजस्ता मुटुका रोगीहरूलाई लाभ पुग्ने औषधी परीक्षण गर्ने भएका छन्। ब्रिटेनका तीन मुख्य युनिभर्सिटी अक्सफोर्ड, बर्मिङ्घम तथा लिभरपुलका अनुसन्धानकर्ताहरू यो कार्यमा लागिपरेका छन्। यसका लागि ब्रिटिस हार्ट फाउन्डेसनले बजेटको व्यवस्था गरेको छ।

अनुसन्धानकर्ताहरूले विगत २५ वर्षदेखि संसारका विभिन्न भागबाट सर्पको विष संग्रह र विश्लेशण गरी हृदयाघात र स्ट्रोकका रोगीहरूमा प्रयोग गर्दै आएका छन्। बोसोयुक्त पदार्थहरूका कारण धमनीमा रगत जम्छ र रक्तसञ्चार हुन पाउँदैन। यसो हुँदा मुटु र मस्तिष्कमा रगत जान पाउँदैन अनि हृदयाघात तथा स्ट्रोक हुन्छ। सर्पको विषमा यो प्रक्रियालाई कम गर्न सहयोग पुर्‍याउने रसायनहरू पाइन्छन्।

सर्पको विषमा मुख्यतः २ प्रकारका रसायन पाइन्छन्- न्यूरोटाक्सिन र हेमोटाक्सिन। न्यूरोटाक्सिनले केन्द्रीय स्नायु प्रणालीमा तथा हेमोटाक्सिनले केन्द्रीय रक्तसञ्चार प्रणालीमा आक्रमण गर्छन्। गोमन, करेतजस्ता सर्पको विषमा हेमोटाक्सिन पाइन्छ। कुनै-कुनै सर्पमा दुवै प्रकारका विष पाइन्छ।

## यात्रामा निद्रा घातक



सवारी साधनमा लामो समयसम्म निदाउनाले स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ। यस सम्बन्धमा संयुक्त राज्य अमेरिकाका वैज्ञानिकहरूले नयाँ तथ्य पत्ता लगाएका छन्। यात्रामा निदाए शरीरको माथिल्लो भागमा नसासम्बन्धी समस्या देखिन सक्छ। अमेरिकाको हस्टनस्थित मेथोडिस्ट डिबेकी हृदय केन्द्रका स्नायु शल्यचिकित्सक अलान लुम्सडेनका अनुसार यात्राअवधिमा शारीरिक अभ्यास आवश्यक छ। लामो यात्रा विमान वा कार जुनसुकै सवारीसाधनबाट गरे पनि यसले शरीरको माथिल्लो भागमा गहन स्नायु समस्या डीभीटी ल्याउन सक्छ। सवारी अवधिभर रगत जम्ने हुनाले मानिसको मस्तिष्क, फोक्सो, हृदय तथा अन्य अंगमा जोखिम उत्पन्न हुन्छ। यो समस्याबाट छाला रातो हुने, सुन्निने वा खुट्टा बढी तात्ने सम्भावना रहन्छ। समुद्रपार वा अन्तर्राष्ट्रिय यात्रा गर्दा प्रत्येक दुई घन्टामा बसेको स्थानबाट उठेर यताउता हिँडन मिल्ने वातावरण मिलाउनुपर्छ र एकपटकमा चार घन्टाभन्दा बढी सुत्नु घातक हुनसक्छ।

## जन्मदिनको शुभकामना



सरुन महर्जन
२०५५ मंसिर ७



सम्राट रञ्जित
२०६२ मंसिर ८



रुपन लोप्चन
२०५९ मंसिर ८



मनीष दाहाल
२०५६ मंसिर १०



इसान मिश्र
२०६१ मंसिर ८



सुप्रिम थापा
२०५३ मंसिर ११



विमर्श साह
२०५६ मंसिर १३



एञ्जेलिका थापा
२०५९ मंसिर १२




रूशा महर्जन
२०५९ मंसिर ७



कोशिका केसी
२०५६ मंसिर ९



प्रणित श्रेष्ठ
२०५८ मंसिर ७



काट्नुहोस्

जन्मदिनको शुभकामना

नाम :.............................................

जन्म मिति :.............................................

स्कुल :.........................................

ठेगाना : .........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# भव्य टेलिस्कोप निर्माण योजना

अमेरिकी अन्तरिक्ष वैज्ञानिकहरूले अहिलेसम्मकै सबैभन्दा ठूलो टेलिस्कोप निर्माण गर्ने योजना बनाएका छन्। उक्त टेलिस्कोपको व्यास ३० मिटर हुनेछ। हाल अमेरिकाकै हवाईमा रहेको सबैभन्दा ठूलो टेलिस्कोपभन्दा लगभग १० गुणा ठूलो हुनेछ। यो टेलिस्कोप निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न गार्डन एन्ड बेट्टी मोर फाउन्डेसनले १ करोड ७५ लाख डलर उपलब्ध गराउनेछ। सन् २०१२ सम्म उक्त टेलिस्कोपको निमार्ण पूरा हुनेछ। यस प्रकारको टेस्किोपको निर्माणपछि टाढाका तारा, तारामण्डल तथा हाम्रो सौर्यमण्डलभन्दा बाहिरका ग्रहहरूसमेत स्पष्ट रूपमा देख्न सकिनेछ। यो टेलिस्कोपले हबल स्पेस टेलिस्कोपले भन्दा १२ गुणा स्पष्ट आकृति देखाउन सक्नेछ भने हवाईमा रहेको टेलिस्कोपले भन्दा ९ गुणा बढी प्रकाश केन्द्रित गर्न सक्नेछ।

## साप्ताहिक रंग भर प्रतियोगिता - १४



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र लाटोकोसेरोको हो। यसलाई अंग्रेजीमा जाइन्ट ओल भनिन्छ। नेपालमा पनि पाइने यो चरा संरक्षित चराहरूमध्ये एक हो। हिन्दू धर्मावलम्बीहरूले धनकी देवीका रूपमा पूजा गर्ने लक्ष्मीको वाहन पनि लाटोकोसेरोलाई नै मानिएको छ। लाटोकोसेरोका अनेकौं प्रजाति छन्। लाटोकोसेरोलाई यसको उपस्थितिका आधारमा शुभ र अशुभसमेत मान्ने संस्कार हाम्रो समाजमा छ।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

**तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?**



**पत्ता लगाउन सहयोग गरौं**



माथि दिइएको चित्रमा तीन जना साथीहरू आ-आफ्नो फोनमा व्यस्त छन्। कुराकानीका क्रममा उनीहरूको फोन अल्झियो। अब कसको फोन कुन हो ? पत्ता लगाउने जिम्मा तपाईंहरूकै।

# प्रेमविवाह गर्दै हुनुहुन्छ ?



विवाहको चर्चा चल्न थालेपछि विवाह हुनुअघि नै युगलजोडीहरू आफ्नो हुनेवाला जीवनसाथीका बारेमा मीठा कल्पना गर्न थाल्छन् । उनीहरू जिउनुपर्ने आफ्नो नयाँ जीवनका आधारशिलाहरूलाई दरिलो पार्न विभिन्न प्रकारका योजना बनाउन थाल्छन् । कोही प्रेम गरे पनि विवाह गर्ने बेलामा आमाबाबु एवं घरपरिवारको सल्लाह, सहमतिमा राम्रैसँग विवाह गर्छन् भने कोही आमाबाबु, अभिभावक तथा समाजिक डरका कारण घरबाट भागेर विवाह गर्न पुग्छन् । प्रेम विवाह गर्नेहरूलाई मागी विवाहको जस्तो केटाकेटीले एक-अर्कालाई चिन्न नपाएको स्थिति पनि हुँदैन । त्यस्तै प्रेमविवाह गर्दा अधिकांशतः मागीविवाहको जस्तो विभिन्न खालको योजना र कल्पनाको आवश्यकता हुँदैन, किनभने उनीहरू पहिलेदेखि नै एक-अर्कालाई चिनिजानिरहेका, एक-अर्काका बानीबेहोरा तथा चाहनाहरूका बारेमा थाहा पाइरहरेका हुन्छन् ।

प्रेम विवाहमा यसरी एक-अर्कालाई चिनिजानिरहेको भए पनि आफूखुसी विवाह गर्दा अनेकन समस्यासँग जुध्नुपर्ने हुनसक्छ । जात एवं धर्म-संस्कृतिसम्बन्धी अन्तर, आर्थिक, पारिवारिक असमानता, समाजिक विभेद, रहनसहन, खानपान तथा भाषिक अन्तर, बेरोजगारी आदि कारणले प्रेमविवाह गर्नेहरूले थुप्रै समस्या बेहोर्नुपर्ने हुनसक्छ । यदि प्रेमी-प्रेमीका आर्थिक रूपमा आत्मनिर्भर र घरपरिवारको नियन्त्रणबाट स्वतन्त्र छैनन् भने भागेर आफूखुसी विवाह नगरे पनि हुन्छ– त्रिविमा समाजशास्त्र अध्ययन गर्ने रूपरेखा महर्जन भन्छिन् ।

महर्जनका अनुसार आजको आधुनिक समयक्रमसँगै प्रेमविवाह गर्ने चलन बढ्न थालेको भए पनि कुखुरे बैंसमा गरिएको अपरिपक्क प्रेमविवाहका कारण आपसी सम्बन्धमाथि तुषारापात भएको तथा आत्मीय प्रेम घृणामा परिणत भएका थुप्रै उदाहरण देख्न पाइन्छन् । यसरी कतिपय महत्त्वपूर्ण कुरामा विचार नपुऱ्याई हतारमा प्रेमविवाह गर्दा थुप्रै प्रेमविवाह असफल भएको उनको तर्क छ ।

बैंसालु उमेरमा युवायुवतीहरू एक-अर्काप्रति स्वाभाविक रूपमा आकर्षित हुन्छन् । यसरी शारीरिक एवं बैंसालु उमेरको आकर्षणका कारण युगलजोडी आमाबाबु र घरपरिवारसँग विद्रोह गरी मन्दिर वा कोर्टमा गएर आफूखुसी प्रेम विवाह गर्न पुग्छन् । कतिपय युगलजोडी घरपरिवार तथा समाजको डरका कारण गाउँघर नै छोडेर भाग्छन् र सबैबाट टाढा गएर विवाह गर्छन्, तर अपरिपक्व एवं आत्मनिर्भर हुन नसकेका कारण केही समयपछि नै दुवैको आत्मीय प्रेम अनि बैंसको आवेगमा आएर गरिएको वैवाहिक सम्बन्धमा दरार उत्पन्न हुन थाल्छ ।

आपसी प्रेम त्यतिखेर एक-अर्काको तिरस्कारमा बदलिन थाल्छ र एक-अर्काबिना बाँच्न नसक्ने वाचा गरेका प्रेमीप्रेमीकाबीच विछोड हुने दिन आइपुग्छ । जीवनको वस्तुस्थिति एव. धरातलीय यथार्थ बुझ्नेबित्तिकै दुवै एक-अर्काबाट छुट्टिन पुग्छन् र आ-आफ्नो बाटोतिर लाग्छन् । हिजोआज युगल जोडीहरूलाई सँगै प्राप्त गरेको शिक्षा, सुदृढ आर्थिक हैसियत तथा अनुहार र शरीरको आकर्षणले एक-अर्काप्रति ताने पनि तमाम भौतिक सुखका बाबजुद प्रेमविवाह गर्नेहरू अनि खुसीसँग रहन सकेका हुँदैनन् । कतिपय प्रेमी-प्रेमिका आफ्ना रूढिवादी आमाबाबु, समाज तथा परम्पराका कारण पनि प्रेमविवाहमा असफल हुन्छन् भने जातभात, दाइजो, बेरोजगारी, कमजोर आर्थिक तथा शारीरिक अवस्थाका कारण पनि प्रेमविवाह असफल हुनसक्छ ।

भर्खरै क्यारियर अथवा जीवनका स्वर्णिम क्षणहरू सुरु गरेर जीवनमा केही गर्ने लक्ष्य बोकेको तथा आफूलाई एक क्षेत्रमा स्थापित गर्ने बेलामा बैंस र शारीरिक आकर्षणको आवेगमा आएर गरिएको विवाहका कारण पारिवारिक जिम्मेदारी बढ्दै गएपछि र केही गर्न नसकेपछि स्वाभाविक रूपमा एक-अर्काका बीच खिचातानी सुरु हुन्छ र अन्ततः प्रेमविवाह असफल हुन पुग्छ ।

कतिपय युवायुवतीको भनाइ के छ भने क्यारियर निर्माण गर्ने वा अवसर प्राप्त गर्ने चाहना वा प्रयासमा धेरै समय र उमेर खेर गैसकेपछि आफूलाई चाहिएको जस्तो सुन्दर एवं आकर्षक जीवनसाथी पाउन कठिन हुन्छ । त्यसैले विवाह नगरे पनि विवाहका लागि जीवनसाथी तय गरिहाल्नु श्रेयस्कर हुन्छ । किनभने पछि एक वा दुई वर्ष बिताएर विवाह गरे पनि सँगै शिक्षा, रोजगारी तथा आर्थिक हैसियत बढ्दै गएपछि वा उमेरले परिपक्व हुँदै गएपछि गरिएको प्रेमविवाह सुझबुझका कारण पनि सफल हुन्छ ।

यति बेला उमेरका कारण परिपक्व र आर्थिक हैसियत सुदृढ तथा पारिवारिक समझदारी-समन्वय बढ्दै गएपछि प्रेमविवाह गरेको व्यक्तिले चौतर्फी सफलता हासिल गर्छ । अझ आमाबाबु वा अभिभावकको सल्लाह, सुझाव र सहमतिमा गरिएको प्रेमविवाह सुखी, सफल तथा आनन्ददायक हुन्छ । त्यसैले प्रेमविवाहमा शिक्षा, रोजगारी, आत्मनिर्भरता, पारिवारिक स्वतन्त्रता, आमाबाबुमा आधुनिक विचारधारा तथा उमेरगत परिपक्वता विचारणीय हुन्छ । उपर्युक्त कुराहरूमा विचार पुऱ्याएर प्रेमविवाह गर्दा दुःख एवं असफलता बेहोर्नु पर्दैन, न त परिवारमा कुनै झन्झट, दिक्दारी र तनाव नै बेहोर्नुपर्छ । त्यस्तो विवाह गर्दा दाम्पत्य जीवन सुमधुर, सुखी र आनन्ददायक हुनुका साथै समग्रमा जीवन सफल हुन्छ ।

**–भोला**

# दाम्पत्य जीवनमा कुशल गृह प्रबन्धन



धेरैजसो परिवारमा श्रीमान्-श्रीमतीबीच आम्दानीको अधिकांश रकम कहाँ कति र कसरी खर्च भयो भन्ने विषयमा विवाद हुन्छ । एक-अर्काप्रति फजुल खर्चका सम्बन्धमा अरोप-प्रत्यारोप वा बढ्दो महँगीमा आम्दानीको आकार सानो भएको गुनासो, आम्दानी र खर्चलाई लिएर हुने समस्या निम्न आय भएका परिवारमा मात्र नभएर राम्रो आय गर्ने दम्पतीबीच पनि देखिन्छ । श्रीमान्/श्रीमती दुवैजना आय आर्जन गर्ने भएको अवस्थमा पनि तेरो र मेरो आम्दानी भन्ने विषयलाई लिएर विवाद भैरहन्छ ।

दाम्पत्य जीवनमा आय-व्यय असन्तुलन हुने प्रुमख कारण हिजोआजको खर्चालु जीवनशैली हो । त्यसमाथि पनि मार्केटिङ पोलिसीको प्रभावले यसमा धेरै उतार-चढाव ल्याएको छ । प्रभावकारी मार्केटिङ पोलिसीका कारण महंगा सरसामान पनि सर्वसुलभ बन्न पुगेका छन् । एकैपटक खरिद गर्न नससकिए पनि फाइनान्स सुविधामा सरल किस्तामा सरसामान उपलब्ध हुने भएकाले प्रायः दम्पती महँगा सरसामानप्रति आर्कर्षित छन् । जसका कारण लामो समयसम्म यसले घरेलु बचतमा प्रभाव पारेको देखिन्छ ।

श्रीमान-श्रीमती दुवैजनालाई कुशल गृह प्रबन्धनका बारेमा जानकारी हुनु आवश्यक छ । त्यसैले दुवैजनाले बचत गरेर खर्च गर्नसक्नु महत्त्वपूर्ण हुन्छ । बजेट बनाउनुभन्दा पहिले दैनिक जीवनमा खर्च हुने कुराका सम्बन्धमा नियमित रूपमा नोट बनाउनुपर्छ । नियमित खर्चका अतिरिक्त अप्रत्याशित रूपमा हुनसक्ने सम्भावित खर्चका बारेमा पनि योजना बनाउनुपर्छ । यस्ता पूर्वानुमान गर्न नसक्ने खर्चहरूमा बिरामी, दुर्घटना, विवाह, भोज आदिमा हुने खर्च पर्छन् । त्यसपछि ती सम्पूर्ण खर्चलाई आफ्नो मासिक खातामा स्थानान्तरण गर्नुपर्छ ।

समय-समयमा ती सबै कुराको नियमित परीक्षण पनि गरिरहनुपर्छ । दुई-तीन महिनामा आफूलाई आफ्नो खर्चको पूर्ण जानकारी हुन्छ । यसको सहायताले सरल ढंगबाट आफ्नो मासिक बजोट बनाउन सकिन्छ । बजेट बनाउने मात्र नभएर अनावश्यक खर्च पनि कटौती गर्न सक्नुपर्छ । बजेट बनाउनका लागि आफ्नो प्राथमिक आवश्यकतालाई पहिचान गर्नु जरुरी हुन्छ र त्यही अनुसार चार्ट बनाउनुपर्छ । एक औसत आय भएका दम्पतीले उल्लेखित ढंगबाट चार्ट बनाउन सकिन्छ ।

| विषय | खर्चको प्रतिशत |
|---|---|
| हाउसिङ | २० |
| बिजुली, पानी, टेलिफोन आदिको बिल | ५ |
| रासन र इन्धन | ३० |
| शिक्षा | १३ |
| यातायात | १२ |
| वस्त्र | ५ |
| पाकेट खर्च | ५ |
| अतिथि र चिकित्सा | ५ |
| बचत, फाइनान्स वा इन्सुरेन्स आदिको किस्ता | ५ |

आ-आफ्नो सुविधा र आवश्यकताअनुसार प्राथमिकताको आधारमा खर्चको प्रतिशत फेर-बदल गर्न सकिन्छ । बचतका साथै त्यसको सही ढंगबाट कुशलता एवं दूरदर्शिताका साथ निवेश गर्न पनि उत्तिकै आवश्यक छ । आफ्नो परिश्रमबाट कमाइएको धन-सम्पत्तिलाई लगानी गर्नुपूर्व कहाँ कसरी कुन रूपमा र कति गर्ने भन्ने पूर्ण जानकारी राखेर आपसी रायपछि मात्र निर्णय गर्नु बुद्धिमानी हुन्छ । कुशल गृह प्रबन्धनबाट दाम्पत्य जीवनलाई सुखमय बनाउन सकिने भएकाले यसतर्फ पनि पर्याप्त ध्यान दिनुपर्छ ।

**–रोजिन शाक्य**

## साप्ताहिक रंग भर प्रतियोगिता – १०



**प्रतियोगीको नाम : अनिता तामाङ**

**कक्षा : ५**

**विद्यालयको नाम : मनोहर माध्यमिक विद्यालय, काठमाडौं**

# योग सिक्नेहरूको भीड

**माधव अर्याल**

पाल्पा– स्वामी रामदेवले सिकाउने योग शिविर तानसेनमा राख्न कस्सिएका बुद्धिजीवीहरू अघिल्लो दिन बिहानसम्म सय जना पनि नपुग्ने हुन् कि भन्दै टाउको समाइरहेका थिए तर योग सुरु हुँदा भने थामी नसक्नु मानिसको भीड योग सिक्न आयो । अनुमान गरिएका सामान केहीले पनि पुगेन । आयोजकहरू अत्तालिए र हर्षित पनि भए । योगका लागि चार-पाँच सय मानिस अटाउने टेन्ट बुकिङ भैसकेको थियो भने अन्य सामान पनि जुटाइसकिएको थियो । रामदेवका शिष्य लवदेव मिश्र कैलालीबाट योग सिकाउन आएको थाहा पाएपछि गाउँ-गाउँबाट समेत मानिसको घुइँचो लाग्यो । तानसेनको टुँडिखेलमा बिहान ४ बजेदेखि साँझ ८ बजेसम्म भीड देखिन थाल्यो ।



राम्रो स्वास्थ्य र निरोगी हुने सपना बोकेर चउरमा योग सिकिरहेको देख्दा ओछ्यानमा बसेर टुँडिखेलतिर हेर्नेहरू पनि उठेर जाँगर चलाउन थाले । यही उत्साहमा मदनपोखरा दमकडाकी ८२ वर्षीय दिना कुमारी अधिकारी पनि छिन् । उनी मात्र होइन आँखाले राम्रो नदेख्ने, कान राम्रो नसुन्नेसहित विभिन्न रोगीहरू शिविरमा छन् ।

३ बजे नै उठेर योग शिविरमा आएकी अधिकारीले भनिन्– 'प्रेसर, ग्याँस्ट्रिक आदि रोग सन्चो हुन्छ भनेर आएकी हुँ ।' पहिल्यैदेखि भारतीय च्यानल आस्थामार्फत योग सिक्ने अधिकारीले योग गर्दा शरीर फुर्तिलो हुने कुरा बताइन् । तानसेनमा मंसिर ४ गतेसम्म चलेको शिविरमा एक हजारभन्दा बढीले योग सिके । कात्तिक २८ गते सुरु भएको योग विज्ञान शिविरमा साँझ-बिहान गरी दैनिक दुई पटक योग सिकाइएको थियो । भाँचिएको, काटेको बाहेक सबै ठीक हुन्छ भन्ने विश्वास छ भन्दै तानसेनका पशुपति भटराईले भने– 'मलाई त धेरै सन्चो भएको छ, योगबाट फाइदा लिन आत्मैदेखि समर्पित हुनुपर्ने उनले बताए । टाउको दुख्ने, रिंगटा लाग्ने, आँखाको ज्योति कम हुँदै गएको स्थितिमा योग गर्न थालेको तीन दिनमै आफूमा परिवर्तन आएको तानसेन वुर्तङकी लक्ष्मी गैरेले बताइन् ।

योग गऱ्यो भने आँखा तेज हुन्छ भन्ने कुरा सुनेकी थिएँ तर अहिले आफैंमा परिवर्तन आएको छ, गैरेले भनिन्– 'अहिले ममा आएको परिवर्तन आफैंलाई अनौठो लाग्न थालेको छ ।' शिविरमा उनीहरूले प्रशिक्षक लवदेव मिश्रलाई आफ्नो अनुभव सुनाएका छन् । खुट्टा फर्कने, झमझम गर्ने, दम, अल्सरजस्ता रोग योग गरेकै कारण बिसेक भएको तानसेन बसपार्ककी भीमकुमारी शाक्य बताउँछिन् । मलाई सन्चो भएको छ, नियमित यो गऱ्यो भने सबैलाई सन्चो हुन्छ भन्ने कुरामा म विश्वस्त छु शाक्यले भनिन्– 'योगबाट सन्चो नहुने केही छैन ।

योग शिविरमा एमाले नेता धनेन्द्र घिमिरे, माओवादी नेता नेत्र पाण्डे, राप्रपा नेता डुलबहादुर कुँवर, जनमोर्चाका सोमकुमार कार्कीलगायत प्रमुख जिल्ला अधिकारी शम्भु घिमिरे, प्रहरी नायब उपरीक्षक भीम ढकाल, रणबम गणका कर्नेल भूपेन्द्र खड्कासमेतको उपस्थितिले अरूको पनि चासो बढाएको सहभागीहरू बताउँछन् । सबैले टुँडिखेलमा योग गर्दा अझ रमाइलो लागेको छ, बुद्धिप्रसाद शर्माले भने– 'समूहमा गर्दा भएर हो कि के हो बडो रमाइलोसँग योग सिक्न सकिएको छ ।' स्वामी रामदेवका शिष्य लवदेव मिश्रले सहभागीहरूलाई शरीरलाई मोटो र मनलाई बोझिलो नबनाई हलुका बनाउन सुझाव दिएका छन् । त्यसो गर्न उनले गहिरो श्वास लिने र फाल्ने प्राणायम, सुखासन, कपालभाँतीजस्ता विधि सिकाएका थिए । मैले सबै सहभागीको निद्रा चोरेको छु तर फाइदा तपाईंहरूकै हो भन्दै प्रशिक्षक मिश्रले भने– जथाभावी गर्दा हामी आफ्नो आयु आफै घटाउँछौं, योग गर्नुभयो भने आयुसमेत बढ्नेछ ।'

# संस्मरणमा पहिलो अन्तर्राष्ट्रिय फुटबल



**मनोज घिमिरे**

नोभेम्बर २० मा ठीक २५ वर्ष भयो नेपालले आधिकारिक रूपमा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा सहभगिता जनाउन थालेको । सन् १९८२ मा भारतको नयाँदिल्लीमा आयोजीत नवौं एसियाली खेलकुदमा तत्कालीन फुटबल महाशक्ति कुबेतसँगको भिडन्त नै नेपालको पहिलो अन्तर्राष्ट्रिय मुकाबिला थियो र त्यो मुकाबिला गर्व गर्न लायक पनि थियो । उक्त खेलमा गोल गर्दै अन्तर्राष्ट्रिय गोल गर्ने पहिलो नेपालीका रूपमा कीर्तिमान कायम गरेका यमबहादुर घले मात्र होइन, सबै जनालाई उत्तिकै रमाइलो लाग्छ, ती दिनको संस्मरण गर्दा ।

२५ वर्षको अन्तरालमा थुप्रै दुःख-सुखका घटना सामना गर्नुपर्‍यो त्यो टिमले । कप्तान रूपकराज शर्माले पाकिस्तान एयरलाइन्सको विमान दुर्घटनामा परेर जीवन गुमाइसके भने ड्रिम डिफेन्सका रूपमा परिचित उक्त टोलीका लिबरो सुरेस पन्थी पनि हामी माझ छैनन् । अन्य सदस्यले भने त्यही समयको सम्झना गर्दै आज पनि उत्तिकै गर्वसहित दिन बिताइरहेका छन् ।

नेपाल फुटबलको इतिहास बनेका घलेले साथीभाइसँग भेट गरेर आफ्नो अन्तर्राष्ट्रिय गोललाई संस्मरण गरे । आफू इतिहास कोर्न सफल भए पनि आफ्ना सहकर्मी स्टारहरूलाई सम्मान गर्न भने उनी चुकेनन् । 'गणेश थापा, धीरेन्द्र प्रधान, रूपकराज शर्मा र मानबहादुर मल्ल स्तरीय खेलाडी थिए र लोकप्रीय पनि तर संयोग अनि भाग्य पनि हो कि त्यही गोलले मलाई उनीहरूको समकक्षमा पुर्‍यायो,' विगतको रमाइलोमा रम्दै घलेले भने ।

वर्तमान नेपाली खेलाडीका लागि त्यो उत्कृष्ट प्रदर्शन एउटा विश्वासै गर्न गाह्रो यथार्थ हो । प्रतियोगिताको पहिलो चरणमा नेपाली टिमले कुबेत र इरानसँग सानदार प्रदर्शन गरेको थियो । तिनै दुई टिमले फाइनलसम्मको यात्रा पनि तय गरेका थिए । उनीहरूको उत्कृष्ट प्रदर्शनको रहस्य के हो ? स्वाभाविक रूपमा प्रश्न उठ्न थालेको छ यतिखेर । 'खेलप्रतिको समपर्ण र इच्छाशक्ति ।' मल्लको दावी हो यो, तर यो नै अन्तिम कारण भने पक्कै होइन । सोही टिमका सदस्य तथा तत्कालीन समयका फास्ट फुटबलर नरेन्द्रमान सिंह भने प्रशिक्षक रुडी गुडिनफलाई पनि यसको जस दिन चहन्छन् । उनले भने- 'हामीलाई आधुनिक फुटबलको जानकारी दिने पहिलो व्यक्ति नै जर्मन प्रशिक्षक गुडिनफ हुन् ।'

तत्कालीन समयमा दुःख लागेका घटना पनि संस्मरणमा रमाइलो लाग्छ उनीहरूलाई । नरेन्द्रमान सिंह र टिमका चर्चित फरवार्ड गणेश थापाबीचको इगोको समस्या होस् वा सबैभन्दा फिट खेलाडी पनि गुडिनफको कठोर प्रशिक्षण सहन नसकेर वान्ता गरेको क्षण होस् चाहे कुनै प्रतियोगितामा धीरेन्द्र प्रधानले ज्ञानीराजा श्रेष्ठको जर्सी लगाएर खेलाउँदै झेली गरेको क्षण नै किन नहोस् । प्रधानले रातो कार्ड पाएपछि त्यस्तो उपाय अपनाएको थियो, नेपाली टिमले । हिंजो र आजको फरक बताउने क्रममा उनीहरू भन्छन्- 'गुडिनफको कडा प्रशिक्षण एकातिर थियो, अर्कातिर डाइटका रूपमा पाइने एउटा अन्डा, एउटा केरा र दुई पिस पाउरोटी ।' अहिले फुटबलमा धेरै सुविधा भएको बताउँदै उनीहरू बताउँछन् । टिमका फिट खेलाडी मल्लले प्रशिक्षणका क्रममै बान्ता गरेपछि गुडिनफलाई धेरै चिन्ता परेको थियो र उनी खेलाडीहरूले खाने डाइट हेर्न महेन्द्र युवालय जान चाहे । नेपाली अफिसियलहरूमा हलचल मच्चियो र अधीकारीहरूले प्रशिक्षकलाई देखाउनै भए पनि राम्रोसँग खान दिन थाले त्यो समयमा ।

मल्लको फिटनेस नेपालका लागि प्रमुख अस्त्र नै थियो त्यतिखेर । कुबेतलाई पहिलो दबाब दिने व्यक्ति मल्ल नै थिए । रमाइलो प्रसंग सुनाउँछन् उनी अहिले पनि । कुबेती कप्तानलाई निगरानीमा राख्न निर्देशन दिएका थिए गुडिनफले । नभन्दै १० मिनेटमै नेपाली सडफेन्सिभ मिडफिल्डरको कडा ट्याकलको सिकार भए कुबेती कप्तान । उक्त खेल कुबेतले १ का विरुद्ध ३ गोलले जित्यो तर कमजोर आँकिएको नेपालसँग नसोचिएको परिश्रम गर्नुपर्‍यो । मल्ल नै यस्ता खेलाडी थिए जसका कारण नेपालले धेरै बलियो प्रतिद्वन्द्वीलाई पनि सजिलै जित्न दिएन । उनी भने धेरै रातो कार्ड पाउने खेलाडीको सूचीमा परे ।

थुप्रै रमाइला प्रसंग छन् उनीहरूसँग । गर्व गर्न लायक विषय पनि छन्, राष्ट्रिय टिमको प्रदर्शन मात्र होइन, व्यावसायिक फुटबलमा पनि उत्तिकै जमेका थिए नेपालीहरू । गणेश थापा, यमबहादुर घले, नरेन्द्रमान सिंह र कृष्ण थापा दक्षिण एसियाको व्यावसायिक फुटबलमा त्यत्तिकै जमेका थिए । पन्थीसहित धीरेन्द्र प्रधान, श्रीराम रञ्जितकार तथा भक्त राजकर्णीकार सम्मिलित रक्षापंक्तित ड्रिम डिफेन्सका रूपमा सधैं परिचित रहनेछ ।

## मिडियाकप भलिबल

बुटवल– पत्रकारितामा मोफसलको राजधानी मानिने बुटवलमा तेस्रो अन्तरमिडिया कप भलिबल प्रतियोगिता प्रारम्भ भएको छ । बुटवल टुडे दैनिकले आफ्नो चौथो वार्षिक उत्सवको अवसर पारेर आयोजना गरेको मिडिया कपमा रूपन्देहीका १८ सञ्चार संस्थाले भाग लिएका छन् । जिल्ला खेलकुद विकास समिति कार्यालय प्रांगण हाटबजारमा बुधबार सुरु भएको प्रतियोगितामा छवटा दैनिक, पाँचवटा एफएम, तीनवटा साप्ताहिक, दुईवटा केबुल टेलिभिजन, पत्रकार महासंघ जिल्ला शाखा तथा एक मासिक पत्रिकाले प्रतिस्पर्धा गर्दैछन् । गत वर्ष बाहिरका खेलाडीलाई समेत खेलाइएपछि यसपटक छानबिन समिति गठन गरी पत्रकारहरूलाई मात्र सहभागी गराउने वातावरण तयार गरिएको छ । सधैं समाचारमा प्रतिस्पर्धा गर्ने पत्रकारहरूको खेल हेर्न दर्शकहरू पनि उल्लेख्य संख्यामा उपस्थित छन् । मंसिर ९ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टिमलाई पुरस्कारस्वरूप खसी प्रदान गर्दै आएको छ ।

# चौथौ कृष्णमोहन स्मृति ब्याडमिन्टन



**साप्ताहिक समाचार**

काठमाडौं- चौथो कृष्णमोहन स्मृति अधिराज्यव्यापी खुल्ला ब्याडमिन्टन प्रतियोगितामा आयोजक सशस्त्र प्रहरी बल (एपीएफ)ले आफ्नो वर्चस्व कायमै राखेको छ, तर प्रतियोगिताकै मुख्य आकर्षण पुरुष एकल र महिला एकल स्पर्धामा भने एपीएफले हात धुनुपर्‍यो । पुरुष एकलमा कैलालीका पशुपति पनेरु विजयी रहे भने महिला एकलमा गत वर्षकी विजेता मोरङकी सुमिना श्रेष्ठले उपाधि रक्षा गरिन् ।

मंगलबार सम्पन्न फाइनलमा पशुपतिले चिर-परिचित प्रतिद्वन्द्वी बलराम थापालाई पराजित गरेका थिए । पहिलो सेट १८-२१ ले गुमाए पनि त्यसपछि उत्कृष्ट लयमा फर्कंदै पशुपतिले २१-१९ र २१-१२ ले बलरामको चुनौती समाप्त पारेका थिए । जितपछि पशुपतिले साप्ताहिकसँग भने- 'कडा मेहनत गरेको थिएँ, बलरामसँग बेहोरेको लगातार दुई हारको बदला लिन पाउँदा खुसी लागेको छ ।' योसहित पशुपतिले ११ पटक पुरुष एकलको उपाधि जितेको छ । उनले नगद ५० हजार रुपैयाँ पुरस्कार हात पारे ।

मोरङकी सुमिना श्रेष्ठले महिला एकलको फाइनलमा एपीएफकी सुजना श्रेष्ठलाई २१-४ र २१-९ ले पराजित गर्दै ३० हजार रुपैयाँ नगद पुरस्कार हात पारिन् । लगातार दोस्रो वर्ष महिला एकलमा विजयी भएकोमा दंग रहेकी सुमिना भन्छिन्- 'सहजै उपाधि रक्षा गर्न पाएकोमा खुसी लागेको छ ।' सुमिनाको करिअरमा यो सातौं एकल उपाधि हो ।

कुल ५ लाख ८० हजार रुपैयाँ पुरस्कार राशिको प्रतियोगितामा समावेश आठमध्ये पाँच स्पर्धामा एपीएफका खेलाडीहरू विजयी रहे । एकल स्पर्धामा उपाधि रक्षा गर्न नसकेका बलराम पुरुष युगल तथा मिक्स डबलमा विजयी बने । सर्वाधिक धनराशिको ब्याडमिन्टन प्रतियोगिताको पुरुष युगलको फाइनलमा एपीएफका बलराम र इन्द्र मेहताको जोडीले नेपाल पुलिस क्लबका विकास श्रेष्ठ र नवराज जोशीलाई २१-१६ र २१-१९ ले पराजित गरे । पूजा श्रेष्ठ र सम्झना खालिङले फाइनलमा मोरङकी सुमिना र कास्कीकी तुलसी गुरुङको जोडीलाई २१-११ र २१-१७ ले हराउँदै एपीएफलाई महिला युगलको उपाधि दिलाइन् । मिक्स डबलमा एपीएफकै बलराम र पूजा श्रेष्ठको जोडी विजयी रहे । भेट्रान डबल्समा पाँचथरका वसन्त नेम्वाङ र केश गौचनको जोडी पहिलो भए ।

नेपाली राष्ट्रिय महिला क्रिकेट टिमकी कप्तानसमेत रहेकी नेरी थापाले १९ वर्षमुनिको महिला एकलमा एपीएफलाई पहिलो स्थान दिलाइन् । फाइनलमा एपीएफकै सुनीता गुरुङ घाइते भै खेल परित्याग गरेपछि नेरीलाई विजेता घोषित गरिएको थियो । पहिलो सेटमा नेरी २१-१६ ले विजयी भएपछि सुनीताले खेल त्यागेकी थिइन् । एपीएफकै किशोर रानाले १९ वर्षमुनिको पुरुष एकलको फाइनलमा काठमाडौंका साजनकृष्ण ताम्राकारलाई २१-१३, ११-२१ र २१-१० ले पराजित गरेका थिए । मङ्सिर १ गतेदेखि चार दिन सञ्चालित प्रतियोगितामा ३३ जिल्ला, १७ ब्याडमिन्टन क्लब तथा २ विद्यालयका कुल ४ सय ६६ जना खेलाडी सहभागी थिए ।

## माउन्ट मकालु एकतालाई

संखुवासभाको सदरमुकाम खाँदबारीमा सञ्चालित माउन्ट मकालु फुटबल प्रतियोगिताको उपाधि एकता परिवार मानेभन्ज्याङले हात पारेको छ । प्रतियोगितामा एकता परिवारले शीतलपाटीको ग्रामीण सेवा क्लबलाई २ का विरुद्ध ३ गोलले पराजित गरेको थियो । एकता परिवारका राजेश श्रेष्ठले २ र नवीन नेपालीले १ तथा ग्रामीण सेवा क्लबका मिथुन राई र भक्तबहादुर मगरले १-१ गोल गरेका थिए । प्रतियोगिता एकता परिवार तथा अरुण क्लबले संयुक्त रूपमा आयोजित गरेका हुन् । यो प्रतियोगिता दीपावलीको अवसरमा बर्सेनि सञ्चालन हुने गरेको छ ।

**–सुरेन्द्र सुवेदी**

## फुटबलको उपाधिचुहाडेलाई

गाईघाट- उदयपुरको रौतास्थित सुकौरामा विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा आयोजित जिल्लास्तरीय नकआउट फुटबलको उपाधि चुहाडे क्लबले जितेको छ । गत शनिबार उल्लेख्य दर्शकहरूको उपस्थितिमा सम्पन्न फाइनल खेलमा चुहाडे क्लबले आयोजक जाल्पा चिलाउने क्लबलाई शून्यका विरुद्ध ४ गोलले पराजित गर्दै उपाधि हात पारेको हो । जिल्लाका ख्यातिप्राप्त ७ वटा क्लबको सहभागिता रहेको उक्त प्रतियोगिताभरि उत्कृष्ट खेल प्रदर्शन गरेका जाल्पा चिलाउने क्लबका निरबहादुर रिखाम मगरलाई उत्कृष्ट खेलाडि घोषित गरियो भने उत्कृष्ट गोलरक्षकको उपाधि चुहाडे क्लबका विनय रानामगरले हात पारे ।

# हात्तीपोलो प्रतियोगितामा ओइरिए पर्यटक

चितवन- नेपालमा मात्रै आयोजना हुने अन्तर्राष्ट्रीय हात्तीपोलो गत सोमबार प्रारम्भ भएको छ । सानादेखि भीमकाय हात्तीहरूको जमघट मात्र होइन, विश्वका विभिन्न मुलुकबाट आएका पोलो पारखीको अनौठो जमघट लागेको छ पर्यटकीय स्थल मेघौलीको हवाई मैदानमा । मानिसको मात्र नभएर हात्तीबीचको प्रतिस्पर्धाले पनि दर्शकहरूलाई रोमाञ्चित बनाउनु यसको विशेषता हो । यस्तो किसिमको प्रतियोगिता नेपालमा मात्र हुँदै आएको छ ।

विगत २५ वर्षदेखि सञ्चालन भैरहेको अन्तर्राष्ट्रिय हात्तीपोलो विश्वकप प्रतियोगिताको यो २६ औं संस्करण हो । यो प्रतियोगिताअन्तर्गत ६ दिन लिग चरणको खेल सम्पन्न भै आज (शुक्रबार) फाइनल प्रतिस्पर्धा हुँदैछ भने भोलि पुरस्कार र ट्रफी वितरणको कार्यक्रम छ । सुरुदेखि नै यो प्रतियोगिता पर्यटकीय नगरी मेघौलीको हवाई मैदानमा सञ्चालन हुँदै आएको छ । यो वर्ष पनि प्रतियोगिता हेर्न आएका दर्शकहरूको ठूलो उपस्थितिले मेघौलीको वातावरण उल्लासमय बनेको छ ।

स्थानीय व्यक्तिहरूका लागिसमेत रोमाञ्चक मेलाका रूपमा रहने यो खेल हेर्ने दर्शकको संख्या विगतभन्दा बढी देखिएको खेल व्यवस्थापन संस्था टाइगर टप्स जंगल लजका प्रबन्ध निर्देशक क्रिस्टनबहादुर एडवर्डले बताए । स्वदेशी एवं विदेशी सञ्चारमाध्यमले राम्रो कभरेज गरेकाले पनि यो प्रतियोगिता दिन-प्रतिदिन लोकप्रिय बन्दै गएको एडवर्डले बताए ।



दुई पक्षबीच खेलिने यो खेल चार-चारवटा हात्तीमा प्रतियोगी र माउते चढेर लामो लट्ठीले भुइँमा रहेको बललाई विपक्षीको गोलपोस्टमा छिराउनुपर्छ । मध्यान्तरअघि र पछि गरी एक पारीका लागि बीस मिनेटभित्र बढी गोल गर्ने टिम विजयी हुन्छ ।


तुलनात्मक रूपमा ठूला हात्तीभन्दा साना हात्तीमा चढेर बल अघि बढाउन सजिलो हुने खेलाडीहरूको अनुभव छ । यो खेलमा हात्ती, खेलाडी र माउते तीनै पक्षको ब्यालेन्स मिल्नुपर्छ, अन्यथा हात्तीबाट लड्ने, गोल गर्न अप्ठ्यारो हुने खेलाडीहरू बताउँछन् । एक जना निर्णायक (अम्पायर) पनि हात्तीमै सवार भएर खेलको निरीक्षण गरिरहेका हुन्छन् ।

यसपटकको प्रतियोगितामा तीन नेपाली टिम चितवन राष्ट्रिय निकुञ्ज, टाइगरटप्स टस्कर तथार ब्रिटिस आर्मीसहित१२ टिमको सहभागिता छ । गत वर्ष भने आठ टिम मात्र प्रतियोगितामा सामेल थिए । शान्ति स्थापनासँगै चितवनमा पर्यटकमा वृद्धि भएका बेला भैरहेको प्रतियोगिताले व्यवसायीहरू हौसिएका छन् । खेल सञ्चालनका लागि टाइगरटप्सका आठ तथार चितवन निकुञ्जका १२ वटा हात्ती प्रयोग गरिएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा समेत निकै रुचाइने यो खेललाई स्वदेशी तथा विदेशका गरी धेरै टेलिभिजन च्यानलले कभरेज गरेका छन् । यस वर्षको सहभागिता वास्तवमै अघिल्ला वर्षको तुलनामा राम्रो पायौं आयोजक कमिटीका एक सदस्यले भने- 'यसबाट यस खेलको लोकप्रियता बढेको स्पष्ट हुन्छ ।'

**–प्रवीण दत्त**

## फ्रेन्ड्सलाई क्रिकेटको उपाधि



पाल्पा– जिल्लास्तरीय खुला क्रिकेट प्रतियोगिताको उपाधि फ्रेन्ड्स ब्याइज क्लबले हात पारेको छ । तानसेनको टुँडिखेलमा सम्पन्न फाइनलमा पाल्पा क्रिकेट क्लबलाई ८१ रनको अन्तरले हराउँदै फ्रेन्ड्सले उपाधि जितेको हो । फाइनल खेलको म्यान अफ दि म्याच फ्रेन्ड्सका शैलेन्द्र भए । प्रतियोगितामा उत्कृष्ट खेलाडी फ्रेन्ड्सका मनबहादुर थापा, उत्कृष्ट बलर पाल्पा क्रिकेट क्लबका सुरेश गोदार, उत्कृष्ट ब्याट्सम्यान फ्रेन्ड्सका अमित ज्ञवाली, उदियमान खेलाडी फ्रेन्ड्सकै रवि थापा तथा उत्कृष्ट प्रदर्शन देउराली गाविसको ग्रामीण विकास क्रिकेट क्लवका ओमप्रकाश रास्कोटी घोषित भए ।

**–माधव अर्याल**

# नेपालको लक्ष्य ह्याट्रिक



राजु घिसिङ/मनोज घिमिरे

काठमाडौं- राजधानीका विभिन्न चारवटा मैदानमा आइतबारदेखि १५ वर्षमुनिको इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता प्रारम्भ हुँदैछ। नेपाल यो प्रतियोगिता जितेर १५ वर्षमुनिको अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा ह्याट्रिक गर्ने दाउमा छ। यसअघि सन् २००५ मा युएईमा सम्पन्न यु-१५ एसिया कप क्रिकेटमा नेपालले अफगानिस्तानलाई ६ विकेटले तथा सन् २००६ मा मलेसियामा सम्पन्न यु-१५ इलाइट कप (दुईदिने) अन्तर्राष्ट्रिय स्पर्धामा अंकका आधारमा विजय हासिल गरेको थियो। त्यसबेला नेपालले आफूले खेलेका सबै म्याच बराबरीमा टुङ्ग्याउँदै सर्वाधिक अंक हासिल गरेको थियो।

यस पटक मलेसिया, थाइल्याण्ड, ओमान तथा हङकङसँगै समूह 'क' मा रहेको नेपालले यो उमेर समूहको उपाधि यात्रामा ह्याट्रिक तय गर्न निकै संघर्ष गर्नुपर्ने प्रशिक्षक रोय डायस बताउँछन्। टेस्ट क्रिकेट खेल्ने मान्यता नपाएका एसियाका उत्कृष्ट १० राष्ट्र सहभागी प्रतियोगिताको समूह 'ख' मा युनाइटेड अरब इमिरेट्स (युएई), कुवेत, साउदी अरेबिया, अफगानिस्तान तथा सिङ्गापुर छन्।

प्रतियोगिता प्रारम्भ हुनुभन्दा २४ दिनअघि मात्र नेपाल क्रिकेट संघ (क्यान) ले नेपाली खेलाडीहरूका लागि बन्द प्रशिक्षण सुरु गरेको थियो। हालै सम्पन्न यु-१५ राष्ट्रिय प्रतियोगितामा १५ वर्षभन्दा माथिका धेरै खेलाडीहरू गलत ढंगले सहभागी भएका कारण अहिलेको नेपाली टिम छनौट गर्न निकै कठिनाइ भएको मुख्य प्रशिक्षक डायसले बताए।

प्रशिक्षक डायसका अनुसार बन्द प्रशिक्षणमा बोलाइएका २३ जनामध्ये १० जना खेलाडी उमेर ढाँटेका कारण फालिएका थिए। 'बाँकी १३ जनाबाट कसरी राम्रो टिम तयार गर्न सकिन्छ ?'-डायसको प्रश्न थियो। त्यसपछि डायसले थप ५ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका थिए। १५ वर्षभन्दा माथिका १० खेलाडी निकालिएपछि बन्द प्रशिक्षणमा बलरहरूको वर्चस्व थियो। अहिले राष्ट्रिय टिममा समाहित खेलाडीहरू ब्याटिङ, बलिङ र फिल्डिङमा जम्न सक्ने कुरामा सहायक प्रशिक्षक सुरेश पाण्डे आशावादी छन्। बन्द प्रशिक्षणका क्रममा खेलाडी खोज्न प्रशिक्षकलाई कठिनाइ भए पनि नेपाली टिमलाई निकै बलियो मानिएको छ।

गत वर्ष मलेसियामा दुईदिवसीय इलाइट कप उपाधि जित्दा प्रभावशाली प्रदर्शन गरेका ७ जना खेलाडी यसपालिको नेपाली टिममा पनि छन्। कप्तान पृथु बास्कोटा, उपकप्तान आकाश सिंह परियारसहित प्रदीप ऐरी, विवेक दली, सागर पुन, प्रजेशबहादुर सिंह तथा रोचक भट्टले यसपालि पनि नेपालको प्रतिनिधित्व गर्दैछन्। नयाँ खेलाडीहरू कृष्ण सेन, सुनील सुनार, भुवन कार्की एवं समीर नेपाल पनि निकै प्रतिभाशाली मानिन्छन्। अहिलेको नेपाली टिममा अलराउन्डरहरूको वर्चस्व छ। कप्तान पृथुसहित सागर, कृष्ण, प्रदीप भुवन एवं समीर बल एवं ब्याट दुवैमा जम्न सक्छन्। प्रजेश, सुनिल, विवेक र रोचकको बलिङ नेपालको उपाधि यात्रामा निर्णायक बन्न सक्छ। विकेट किपर आकाश राम्रा ब्याट्सम्यान पनि हुन्।

अहिले नेपाली खेलाडीहरू इलाइट कप च्याम्पियन बन्नका निम्ति हौसिएका छन्। टिममा अनुभवी खेलाडीहरूको वर्चस्व भएकाले नेपालले उपाधि जित्नेमा कप्तान पृथु बाँस्कोटा ढुक्क छन्। यु-१५ टिमलाई दोस्रोपल्ट उपाधि जिताउने तयारीमा रहेका बाँस्कोटा भन्छन्- 'अनुभवी भएकाले हामीमा आत्मविश्वास छ र हाम्रो खेलको स्तर पनि बढेको छ।' ४०/४० ओभरको म्याच खेलाइने प्रतियोगितामा हङकङ, मलेसिया एवं सिङ्गापुरले नेपाललाई बलियो चुनौती दिनसक्ने प्रशिक्षक डायस बताउँछन्।

**तयारी पूरा**

पर्सि आइतबारदेखि हुने इलाइट कप यु-१५ एसियाकप क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको छ। साविक विजेताका हैसियतले प्रतियोगितामा समावेश हुने नेपाली टिम विगतमा जस्तै अहिले पनि खेलाडीको उमेर बढी विवाद भएको विवादमा परेको छ। यस पटक भने नेपाल, क्रिकेट संघको बुद्धिमता र सावधानीका कारण यो विवादलाई समयमै निकास दिइएको छ।

पहिलो चरणमा छनौट भएका २३ जनाको उमेरमा शंका लागेपछि संघले दोस्रो रोजाइका खेलाडीलाई पनि प्रशिक्षण दिँदै आएको थियो। अन्तिम समयमा पहिलो रोजाइका २३ मध्ये अधिकांश खेलाडीको उमेर बढी पाइएपछि क्यानले प्रतियोगिताको केही दिनअघि मात्र अन्तिम १४ जनाको नामावली तयार पारेको छ, ती १४ जना खेलाडी प्रशिक्षण शिविरमै रहेका खेलाडी नै भएपछि उपाधि जोगाउने नेपालको लक्ष्य सहज भएको छ। 'हामीले विद्यालयको प्रमाणपत्रलाई आधार मानेका थियौं। उमेरको समस्या हटाउन विद्यालय र अभिभावक आफैं सचेत हुन आवश्यक देखिएको छ।' क्यानका उपाध्यक्ष उपेन्द्र भट्टराईले साप्ताहिकलाई बताए।

राष्ट्रिय प्रतियोगिताको आयोजना गर्दै तयार गरिएको नेपाली यु-१५ टिम विगतको भन्दा उत्कृष्ट रहेको दाबी गरिएको छ। गत संस्करणमा बिना कुनै राष्ट्रिय प्रतियोगिता तयार पारिएको टिममार्फत उपाधि हात पारेको नेपालले यस पटक तयारीका क्रममा यु-१५ राष्ट्रिय प्रतियोगिताको पनि आयोजना गरेको थियो।

प्रतियोगितामा समूह 'ए' मा रहेको नेपालले पहिलो खेल शनिबार मलेसियासँग खेल्नेछ भने दुई दिनपछि थाइल्यान्डसँग खेल्नेछ। त्यसपछि ओमान र हङकङसँग खेल्नेछ।

प्रमुख छनौटकर्ता विजय शर्माका अनुसार यस पटक पनि नेपाल नै उपाधिको प्रमुख दाबेदार हो। सन्तुलित टिम नै नेपालको विजयको प्रमुख आधार हुने शर्माको दाबी छ। नेपालको मुख्य प्रतिद्वन्द्वी अफगानिस्तान हुने अनुमान गरिएको छ।

## नेपाली क्याप्टेन पृथु बाँस्कोटा



सफलता प्राप्त गर्न मेहनतजतिकै धैर्यता पनि चाहिन्छ। बामे सर्दैदेखि क्रिकेट भनेपछि हुरुक्कै हुन्थे चक्रपथका पृथु बाँस्कोटा। गत वर्ष नेपाली क्रिकेट टिमलाई १५ वर्षमुनिको इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सफलता दिलाउन बास्कोटाको भूमिका महत्त्वपूर्ण थियो। मलेसियामा सम्पन्न उक्त दुईदिवसीय प्रतियोगितामा टेस्ट क्रिकेट खेल्ने मान्यता नपाएका एसियाका उत्कृष्ट आठवटा टिमले प्रतिस्पर्धा गरेका थिए। त्यसबेला बाँस्कोटाले मलेसियामा कुशल नेतृत्व मात्र गरेनन्, बलिङ र ब्याटिङमा पनि उत्कृष्ट प्रदर्शन गरेका थिए।

यसपालि पनि पृथुकै नेतृत्वमा नेपालको यु-१५ टिमले इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता खेल्दैछ। उत्कृष्ट खेल प्रदर्शन गर्दै धेरै रन जोडेको तथा विकेट हात पारेको आधारमा सर्वाधिक अंक जोड्दै नेपाल त्यसबेला च्याम्पियन बनेको थियो। यसपटकको प्रतियोगिताका सम्बन्धमा पृथु भन्छन्- 'हामी प्रत्येक म्याच जित्दै लगातार तेस्रोपल्ट १५ वर्षमुनिको अन्तर्राष्ट्रिय क्रिकेट च्याम्पियन बन्नेछौं।'बाँस्कोटा यसपालि उपाधि जित्ने कुरामा ढुक्क छन् र त्यसका लागि कडा मेहनत गरिरहेका छन्। पुराना आधा दर्जन खेलाडीको साथ रहेकाले पनि यसपालि पृथुको आत्मविश्वास बढेको हो। ग्यालेक्सी स्कुलमा १० कक्षामा अध्ययनरत पृथु हालै सम्पन्न १५ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी थिएनन्, तैपनि अब्बल खेलाडी भएकैले उनलाई नेपाली टिमको बन्द प्रशिक्षणमा बोलाइएको थियो।

## ५ प्रश्न

*कलैयाका विवेक दली नेपालका प्रतिभावान् जुनियर क्रिकेटर हुन्। बाल्यकालमै क्रिकेटको नशा लागेपछि अहिले उनी १५ वर्षमुनिको नेपाली राष्ट्रिय टिमका महत्त्वपूर्ण खेलाडी बनेका छन्। क्षेत्र नम्बर-२ वीरगन्जबाट घरेलु क्रिकेट खेल्दै आएका १५ वर्षीय विवेकको काँधमा यसपालि नेपाललाई यु-१५ इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता जिताउने जिम्मेवारी छ। गत वर्ष नेपाललाई इलाइट कप क्रिकेट च्याम्पियन बनाउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। हालै सम्पन्न यु-१५ राष्ट्रिय क्रिकेट प्रतियोगितामा ३ म्याचमा १४ विकेट चट्काएका विवेक सर्वोत्कृष्ट बलर घोषित भएका थिए।*

**यु-१५ इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको सम्भावना कस्तो छ?**

१५ वर्षमुनिको अन्तर्राष्ट्रिय क्रिकेटमा अपराजित नेपाल नै यसपालि उपाधिको प्रमुख दाबेदार हो। हामी घरेलु भूमिमा सफलता चुम्नका निम्ति कडा परिश्रम गरिरहेका छौं। हाम्रा नयाँ तथा पुराना सबै खेलाडी उत्कृष्ट छन्।

**यु-१५ अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा तपाईंको व्यक्तिगत प्रदर्शन कस्तो छ ?**

मैले नेपालबाट सन् २००६ मा मलेसियामा सम्पन्न दुई दिने इलाइट कप तथा बेङ्लोर, भारत भ्रमणमा गरी कुल ८ म्याच खेलेको छु। हाम्रो टिमले इलाइट कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता जित्दा मैले १ सय ५३ रन बनाउँदै ६ विकेट झारेको थिएँ। बेङ्लोर भ्रमणमा ३ वटा मैत्रीपूर्ण म्याच खेल्ने क्रममा ७ विकेट लिएको थिएँ।

**तपाईंले खेलेको कुन अन्तर्राष्ट्रिय म्याचलाई बिर्सन सक्नुहुन्न ?**

गत वर्ष मलेसियामा सम्पन्न इलाइट कप क्रिकेटको सेमीफाइनल खेल म बिर्सन सक्दिनँ। बहराइनविरुद्धको उक्त म्याचमा मैले राम्रो क्रिकेट खेलाडी भएको पुष्टि गरेको थिएँ। त्यो म्याचमा मैले नटआउट ८१ रन बनाएको थिएँ।

**कसरी क्रिकेट सिक्नुभयो ?**

कलैयामा छिमेकी दाइहरू सधैं क्रिकेट खेल्नुहुन्थ्यो। उहाँहरूले खेलेको नक्कल गर्दागर्दै क्रिकेटको लत लाग्यो। गत वर्ष १५ वर्षमुनिको क्षेत्रीय टिम तथा राष्ट्रिय टिममा पनि परेपछि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर पाएँ। अब त क्रिकेट छाड्न सक्छुजस्तो लाग्दैन।




**मनपर्ने क्रिकेट खेलाडी ?**

नेपाली खेलाडीमा सञ्जम रेग्मी र अन्तर्राष्ट्रिय खेलाडीमा श्रीलङ्काका मुथैया मुरलीधरन। दुवैजना राम्रा अफ स्पिनर हुन्।

## प्रसंग कतिपय



विक्रम राई



गएको महिना पूर्वी नेपालको खोंच भनिने भोजपुर, खोटाङ, ओखलढुङ्गा, उदयपुर र संखुवासभा जिल्लालाई समेटेर कमरेड साइँलाले सोभियत युनिभर्सिटी स्थापना गरेछन्। माथिल्लो तहका कमरेडहरू यसका भाइस चान्सलर र प्रोफेसरहरू बनेछन् भने त्यस भेगका प्रशस्तै विद्यार्थी उक्त विश्वविद्यालयमा भर्ना भएछन्। विद्यालय पढ्दापढ्दै युद्धमा होमिएकाहरूले आफूहरूलाई एकै पटक विश्वविद्यालयको विद्यार्थीका रूपमा पाउँदा खुसी लाग्नु स्वाभाविक हो। पार्टीपंक्ति र जनसमुदायको सर्वहारावादी वैज्ञानिक ज्ञान, क्रान्तिकारी कला तथा गतिशील विश्वासमा गुणात्मक जागरण ल्याउने उद्देश्यले उक्त युनिभर्सिटीको स्थापना भएको रहेछ। मुलुकमा क्षेत्रीय रूपमा खुलिरहेका विश्वविद्यालयहरूमाझ यस प्रकारको नौलो रातो युनिभर्सिटीले विद्यार्थीहरूलाई दस दिनभित्रै डिग्रीको सर्टिफिकेट दिएछ। बुर्जुवा डिग्रीमा पीएचडी गर्दा पनि आर्जन गर्न नसक्ने ज्ञान दस दिनको अध्ययनबाटै प्रदान गरिएको दाबी पनि सम्बन्धितहरूको छ।

वास्तवमा सोभियत नाम महान् इतिहास हो। इतिहासका साथै एउटा विचार पनि हो। यसको जगमा अनेकौं क्रान्ति भए। कतै सफल क्रान्ति भए त कतै असफल। नेपालको सन्दर्भमा भर्खरै सोभियत राज्यको कल्पना गर्न थालेका कमरेडहरूलाई तराईको समस्याले त्यसको भरपूर चोट दिएको छ। यसै सन्दर्भमा पहाडे जनजातिहरूको उग्र जातीय संघीय संरचनाको सोचले पनि यसको अवधारणलाई ध्वस्त पारेको छ। हाम्रो सन्दर्भमा राजनैतिक राज्यको कल्पनाभन्दा सामाजिक क्रान्तिको पहल पहिलो खुड्किलो हुनुपर्ने देखिन्छ। अनेकौं पटक राजनैतिक परिवर्तन भएको हाम्रो देशमा अब हुनुपर्ने क्रान्ति सामाजिक एवं आर्थिक क्रान्ति नै हो। दलित, जनजाति, मधिसे तथा महिलाहरूले जबसम्म सामाजिक न्याय पाउनेछैनन् तबसम्म जस्तोसुकै परिवर्तनले पनि कुनै महत्त्व नराख्ने निश्चित छ। त्यसो हुनाले राज्यको प्रत्येक क्षेत्रमा सबै जातजाति एवं भाषाभाषीहरूको पहुँच पुऱ्याउनु आजको पहिलो आवश्यकता हो। तथापि माझ किराँतमा खुलेको कमरेड साइँलाको सोभियत युनिभर्सिटी र शाह डाइनेस्टीले खोलेको त्रिभुवन युनिभर्सिटीले दिएको अनुभवमा एउटा समानता भने छ, त्यो हो– अबको नेपाल नयाँ र सबैको हुनैपर्छ।

prasangakatipaya@hotmail.com

# सबै नेपाली तारा हुने



**साप्ताहिक समाचार**

काठमाडौं– झापाका तारा लक्सम आफ्नो नामको अगाडि नेपाली थपेर 'नेपाली तारा' हुने बताउँछन्। भोजपुरका राज सागर आफूलाई संखुवासभा, धरान, भोजपुर आदि स्थानका प्रशंसक तथा शुभचिन्तकहरूले एसएमएस गरेर जिताउँछन् भन्ने कुरामा विश्वस्त छन्। पोखराका युवराज तिवारी आफूमा जित्ने सबै गुण भएकोमा गर्व गर्छन्। मोरङका सूर्यकिरण लामा मोरङवासीहरूले सहयोग गरेको खण्डमा जित्ने पक्का भएको सुनाउँछन्। धादिङका सन्तोष लामा पनि गायनको दृष्टिकोणबाट सबैबाट प्रशंसा पाएकाले आफू नेपाली तारा हुने दाबी गर्छन्। यसको अर्थ सबैमा आफैं नेपाली तारा हुने विश्वास छ।

गत शुक्रबार प्रसारित 'क्लोजअप नेपाली तारा-२' को श्रृंखलाबाट बाँकी रहेकी एकमात्र महिला प्रतिस्पर्धी रोजिना गुरुङ प्रतिस्पर्धाबाट बाहिरिएपछि अब बाँकी रहेका पाँच जना पुरुष प्रतिस्पर्धीमध्येबाट एक जना पुरुष नै दोस्रो नेपाली तारा हुने पक्का छ। तारा लक्सम भन्छन्- 'म अहिलेसम्म डेन्जर जोनमा परेको छैन। त्यसैले आगामी दिनमा पनि म अघि बढ्दै जान्छु भन्ने विश्वास छ।' सन्तोष लामा भने गुनासो गर्दै भन्छन्- 'मेरो थलो धादिङ गाउँ नै गाउँले भरिएको छ। जहाँ धेरैले मोबाइल बोक्दैनन् र धेरैजसो स्थानमा त टेलिभिजन नै हेरिँदैन। मोबाइल बोकेकाहरूलाई पनि नेटवर्कको समस्या छ। त्यसैले मैले पाउनुपर्नेजति मत पाइरहेको छैन।' स्टाइलिस युवराज तिवारीले भने- 'मैले जित्न सक्ने सम्भावना धेरै छ, किनकि मसँग आत्मविश्वास छ। सूर्यकिरण लामाको भनाइ छ– 'सबैमा जित्ने आत्मविश्वास छ, तर सबैले जित्दैनन्। कुनै एक जना नेपाली तारा बन्छ। त्यो मै हुँ कि जस्तो लाग्छ।' राजसागर प्रतिस्पर्धा तीव्र भएको बताउँदै भन्छन्- 'हामी सधैं यो साता को बाहिरिने हो भन्ने चिन्तामा हुन्छौं। टप फाइभमा पुगेपछि त्यो चिन्ता अझ बढेको छ।' आज राति ८:४० मा नेपाल टेलिभिजनबाट प्रसारण हुने 'क्लोजअप नेपाली तारा-२' बाट पाँचमध्ये एक जना प्रतिस्पर्धी बाहिरिनेछन् र अर्को साताका लागि चार जना मात्रै बाँकी रहनेछन्।

# धरानमा फेसन सो



मंसिरको सुरुवातसँगै बढेको मन्द चिसो अनि खुला आकाशमुनिको ऱ्याम्पमा पारदर्शी पहिरनमा निस्किएका मोडलहरूको क्याटवाकसँगै दर्शकहरू उत्तेजित भए। सुन्दर युवतीहरू आकर्षक पहिरनमा पालैपालो क्याटवाक गरी वातावरण तताउँदै गए। फेसन तथा इन्टेरियर डिजाइनसम्बन्धी क्याम्पस स्थापना भएको खुसियालीमा सोमबार बेलुका धरानमा भएको फेसन सोको वातावरण यस्तै थियो।

फेसन र इन्टेरियर डिजाइनको प्रवीणता प्रमाणपत्र तहदेखि स्नातकोत्तरसम्म अध्ययन गराउने उद्देश्यले धरानमा स्थापना गरिएको भेलोसिटी स्कुलको उद्घाटन गर्न भारत दार्जीलिङबाट आएकी मिस इन्डिया अर्थ- २००४ ज्योति ब्राहि्मन कार्यक्रमकी मुख्य आकर्षण थिइन्।


भारतको पश्चिम बंगाल सिलिगुडीमा केन्द्रीय कार्यालय रहेको भेलोसिटीले धरानमा आफ्नो शाखा स्थापना गर्दै ज्योतिलाई त्यसको उद्घाटनका लागि निम्त्याएको थियो। स्कुल उद्घाटनपछि निर्वाणा कन्ट्री क्लबमा आयोजित फेसन सोमा ज्योतिले नेपाली भाषामै आफू पनि नेपाली भएको बताउँदा हल तालीले गुञ्जायमान भएको थियो। उक्त अवसरमा मोडलहरूको क्याटवाकसँगै कलाकारहरूले गीत एवं नृत्य पनि प्रस्तुत गरेका थिए।

भेलोसिटीमा वर्षमा सय जना मात्रै विद्यार्थी पढाउन सकिने भए पनि १ हजार २ सय धराने युवायुवतीले फारम भरेको निर्देशक महेन्द्र श्रेष्ठ बताउँछन्। त्यहाँ अध्ययन गरेकामध्ये ७० प्रतिशतलाई रोजगारी दिने भेलोसिटी मुख्य कार्यालय भारतका निर्देशक सन्तोष मिश्रले दाबी गरे। मिश्रका अनुसार, भेलोसिटीले धरानमा बुटिकसमेत सञ्चालन गर्नेछ।

–कमल रिमाल



## ब्लास्ट भयो प्लाटिनम




**साप्ताहिक समाचार**

काठमाडौं- गत शनिबार क्लब प्लाटिनममा सांगीतिक विस्फोट भयो। डिजे रूपेश तथा डिजे तेन्जिङले राति आठ बजेदेखि झन्डै बिहानसम्म पालैपालो एकपछि अर्को 'डान्स नम्बर' बजाउँदै रात कटाउन तल्लीन 'पार्टीचराहरू'लाई नचाइरहे। रातभरि नाच्नेहरूका लागि अहिले याक एन्ड यति होटल परिसरमा रहेको क्लब प्लाटिनम गतिलो गन्तव्य बनेको छ। पुनःसञ्चालनमा ल्याइएयता प्रायः शुक्रबार र शनिबार उक्त क्लबमा विशेष डान्सपार्टी आयोजित हुँदै आएको छ। शनिबार पनि जावलाखेलस्थित दुवाल ग्रुप तथा ट्याटु हाउसको आयोजनामा सम्पन्न उक्त डान्सपार्टीको शीर्षक नै थियो- 'नोभेम्बर ब्लास्ट-२००७'। राजधानीका फेसनेबल युवायुवतीहरूको भीड रहेको उक्त डान्सपार्टीमा विभिन्न अंग्रेजी, हिन्दी तथा नेपाली रिमिक्स एवं फास्ट गीतहरू बजाइएको थियो।

# हङकङमा झ्याल आइडल

**शिव शर्मा**



पोखरा- अमेरिकन आइडल, इन्डियन आइडल र नेपाली ताराको प्रभाव हङकङमा बसोबास गर्ने नेपालीहरूमाझ पनि परेको छ। यसै क्रममा हङकङमा पहिलो पटक पोखरेली झ्याल आइडल नृत्य प्रतियोगिता सम्पन्न भएको छ। निर्णायकको मूल्याङ्कन तथा दर्शकहरूको भोटिङका आधारमा भएको प्रतियोगितामा स्याङ्जाकी ११ वर्षीया विनिता गुरुङ पोखरेली झ्याल आइडल बनेकी छिन्। प्रतियोगिताभरि दर्शकको वाही-वाही र ताली पाएकी विनिताका अतिरिक्त फस्ट रनरअप अनु गुरुङ, सेकेन्ड रनरअप सबनम गुरुङलाई प्रायोजक तथा निर्णायकहरूले नगद पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका थिए।

मंकी हिलमा दर्शकहरूको ठूलो उपस्थितिबीचसम्पन्न उक्त प्रतियोगिता विगत तीन वर्षदेखि विविध कार्यक्रमका साथ पोखरेली झ्याल कार्यक्रमका रूपमा प्रस्तुत हुँदै आएको थियो। परिचय राउन्ड र नृत्य प्रस्तुतिका आधारमा निर्णायकले टप फाइभको घोषणा गरेका थिए। प्रतियोगीलाई एक नृत्य नेपाली संस्कृति झल्किने तथा दोस्रो नृत्य निजी छनौटका गीतमा नृत्य गर्ने मौका प्रदान गरिएको थियो। आयोजकले दर्शकहरूलाई आफूलाई मन परेका प्रतिस्पर्धीलाई भोट हाल्न सक्ने व्यवस्था मिलाएका थिए। दर्शकले टप फाइभका नाम र नम्बर अंकित बक्समा हङकङ डलर खसालेर मत हालेका थिए। ५ डलर बराबर १ मत गणना गरिएको थियो।

कार्यक्रममा बालकलाकार मोनामी पुन तथा हङकङकी चर्चित डान्सर सुनीता हिताङले अप्रतियोगी नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रथम पोखरेली झ्याल आइडल प्रतियोगिताबाहेक बारबीक्यु पार्टी, चित्रकला प्रदर्शनी, डोरी तान्ने प्रतियोगिता तथा डिजे सेसनसमेत सम्पन्न भएको थियो। कार्यक्रममा पोखरा लेकसाइडका ३५ वर्षीय कलाकार हरिप्रसाद गुरुङद्वारा वाटर कलर प्रयोग गरी सिर्जना गरिएका नेपालका प्राकृतिक सौन्दर्य झल्कने चित्रहरूका साथै शान्तिका अग्रदूत गौतम बुद्ध, एसियन मूलका महिला तथा बालबालिकाहरूका पोट्रेटहरू प्रदर्शनीमा राखिएका थिए।

## ककनीमा चंगा चेट

ककनी– नुवाकोटको ककनीमा पहिलो पटक चङ्गा चेट प्रतियोगिता सम्पन्न भएको छ। तारागाउँ रिसोर्टको प्राङ्गणमा भएको प्रतियोगितामा नुवाकोट र काठमाडौंका गरी २३ जना प्रतियोगीले सहभागिता जनाएका थिए। प्रतियोगितामा सन्तोष पाठक प्रथम, मिलन परियार द्वितीय तथा रोशन थापा तृतीय भए। जिल्ला खेलकुद विकास समिति नुवाकोटद्वारा आयोजित ककनी चङ्गा चेट- २०६४ लाई नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको थियो। प्रतियोगितास्थलमा स्थानीय उत्पादनका २० वटा स्टल राखिएको थियो। गुन्द्रुक, ढिंडो, स्ट्रबेरीको वाइन, मुला आदि स्थानीय उत्पादनका स्टलले समारोहमा आकर्षण थपेका थिए।

–नवदीप अजनवी

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।